सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० चैत २०८१, शनिबार (12 Apr 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३५६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-


दुर्गा प्रसाईंलाई तीनकुने घटनाको मुख्य योजनाकारका रूपमा मुद्दा चलाइने

१२ दिन थुनामा राखेर अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतको अनुमति



म्याद थपका लागि काठमाडौं जिल्ला अदालत लगिएका दुर्गा प्रसाईं। तस्बिर : **संजित परियार**

● एसपी अपिलराज बोहरा
प्रवक्ता, प्रहरी परिसर काठमाडौं



अहिलेलाई संगठित अपराध र राज्यविरुद्धको कसुर मुद्दामा म्याद थप भएको छ। अनुसन्धानको क्रममा अन्य कसुर पनि आकर्षित हुने देखिएमा त्यहीअनुसार अभियोजन प्रक्रिया अघि बढ्छ।

नयाँ पत्रिका

राजतन्त्र पक्षधरको प्रदर्शनमा वितण्डा मच्चाएर फरार भएका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई पक्राउ गरेलगत्तै प्रहरीले अदालतमा उपस्थित गराएको छ। बिहीबार भारतको आसाममा पक्राउ परेका उनलाई प्रहरीले शुक्रबार झापा हुँदै काठमाडौं ल्याएर जिल्ला अदालतमा पेस गराएको थियो। अदालतले १२ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

राजतन्त्रको पक्षमा गत १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनलाई प्रसाईंले योजनाबद्ध रूपमा हिंसात्मक बनाएको प्रहरी निष्कर्ष छ। घटनाका योजनाकारका रूपमा उनीमाथि अभियोजन गर्ने प्रहरी तयारी छ। प्रदर्शन हिंसात्मक बन्दा दुईजनाको ज्यान जानुको साथै निजी तथा सरकारी भवन, कार्यालय तथा सवारीसाधनमा आगजनी र तोडफोड भएको थियो। प्रदर्शनका कमान्डर प्रसाईं नै थिए।

प्रहरीले संगठित अपराध र राज्यविरुद्धको कसुर मुद्दामा उनीमाथि अनुसन्धान अघि बढाएको छ। 'अहिलेलाई संगठित अपराध र राज्यविरुद्धको कसुर मुद्दामा म्याद

» पृष्ठ २ मा क्रमशः

■ पूर्वराजालाई संसद्मा बोलाउन माग

● संसद्को कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा कांग्रेस सांसद जीवन परियारले भने–



पूर्वराजा ज्ञानेन्द्र नागरिकका रूपमा जनताको हैसियतमा छन्। त्यो हैसियतमा भएको व्यक्तिले १५ गते विध्वंसकारी घटनाका लागि निर्देशन दिएका हुन् कि होइनन् ? यसैले समितिमा बोलाऊँ। यो मानव अधिकार उल्लंघनको घटना हो कि होइन, एउटा नागरिकको हिसाबले तपाईं यो घटना गर्न पाउनुहुन्छ, कुरा के हो भनेर छलफल आवश्यक छ।

● एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने–



१५ गते हिंसात्मक प्रदर्शनबाट हत्या र आगजनीलगायत घटना भएका छन्। राजतन्त्र फर्काउने भन्दै भएको त्यस घटनामा पूर्वराजाको संलग्नताबारे उनलाई जवाफदेही बनाएर राज्यले अनुसन्धान गर्नुपर्छ। आवश्यकता पऱ्यो भने संसद्ले पनि छलफल गर्नुपर्छ।

■ बैठकमा गृहमन्त्री रमेश लेखकको ब्रिफिङ

संसद्को कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा गृहमन्त्री रमेश लेखकले १५ चैतमा पूर्वराजावादीहरूले कोटेश्वरको तीनकुनेमा गरेको प्रदर्शनलाई आपराधिक र विध्वंसकारी घटनाका रूपमा चित्रित गरे। 'घटनालाई सरकारले विश्लेषण गर्दा नियोजित रूपमा हत्या, तोडफोड, आगजानी र अराजकता फैलाउने आपराधिक तथा विध्वंसात्मक कार्य हो भन्ने कुरामा विवाद हुन सक्दैन,' लेखकले भने। घटनालाई आफूहरूले गम्भीरतापूर्वक लिएको र आइन्दा यस्ता घटना हुन नदिने उनले प्रतिबद्धता पनि जनाए।

झन्डै १२ सय एम्बुलेन्स नै असुरक्षित

स्वास्थ्य मन्त्रालयको रेकर्डमा रहेका सुविधासम्पन्न एम्बुलेन्स काठमाडौंमै केन्द्रित हुँदा उपत्यकाबाहिरका नागरिकले दुर्घटना वा अन्य आपत्कालीन अवस्थामा सहज उद्धार र उपचार नपाउने अवस्था

■ 'क' वर्गका २७ मध्ये २० र 'ख' वर्गका ४३६ मध्ये २८० हाराहारी एम्बुलेन्स काठमाडौंमै केन्द्रित

■ छुट हुने लोभमा किन्छन् एम्बुलेन्स, किनेपछि दुरुपयोग

शिवहरि घिमिरे / नयाँ पत्रिका

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार देशभर रहेका एक हजार ६४९ एम्बुलेन्समध्ये ४६३ ले मात्रै मापदण्ड पूरा गरेका छन्। अर्थात् मन्त्रालयका अनुसार 'क' र 'ख' वर्गमा नपर्ने एम्बुलेन्सको संख्या एक हजार १८६ छ। स्वास्थ्य मन्त्रालयको राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ अनुसार 'क' र 'ख' वर्गमा पर्नेबाहेक अन्य एम्बुलेन्स प्रयोग गर्न पाइँदैन।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता एवं राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समितिका संयोजक डा. प्रकाश बुढाथोकीका अनुसार देशभरको आवश्यकता हल गर्न 'क' र 'ख' वर्गका दुई हजार पाँच सय एम्बुलेन्स चाहिन्छन्, तर अहिले ४६३ मात्रै छन्। स्वास्थ्य मन्त्रालयका अधिकारीका अनुसार वर्गीकरणमा नपरेका एक हजार १८६ एम्बुलेन्स जोड्दा पनि अहिले हजारभन्दा बढी एम्बुलेन्स अपुग छ।

मन्त्रालयका अनुसार 'क' वर्गका २७ र 'ख' वर्गका ४३६ वटा एम्बुलेन्स छन्। यीमध्ये 'क' वर्गका २० वटा र 'ख' वर्गका २८० हाराहारी एम्बुलेन्स काठमाडौंमै केन्द्रित छन्। सुविधासम्पन्न अस्पताल र एम्बुलेन्स काठमाडौंमै केन्द्रित हुँदा उपत्यकाबाहिरका मानिसले दुर्घटना वा अन्य आपत्कालीन अवस्थामा सहज उद्धार र उपचार नपाउने अवस्था छ।

» पृष्ठ २ मा क्रमशः



■ राष्ट्रिय एम्बुलेन्स निर्देशिका भन्छ- **'क' र 'ख' वर्गमा पर्नेबाहेक अन्य एम्बुलेन्स प्रयोग गर्न पाइँदैन**

तर, चलिरहेका ११ सय ८६ एम्बुलेन्स वर्गीकरणमै छैनन्

स्वास्थ्य मन्त्रालयको राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ अनुसार 'क' र 'ख' वर्गमा पर्नेबाहेक अन्य एम्बुलेन्स प्रयोग गर्न पाइँदैन। 'क' वर्गको एम्बुलेन्सभित्र झन्डै-झन्डै अस्पतालमा जत्तिकै सेवा उपलब्ध हुनुपर्छ। 'क' वर्गको एम्बुलेन्समा एक डाक्टर, आइसियू र भेन्टिलेटरलगायत उपकरण हुन्छन्। एम्बुलेन्समा बसालेपछि नै बिरामीको उपचार सेवा सुरु हुन्छ। 'ख' वर्गका एम्बुलेन्समा अस्पतालको इमर्जेन्सी कक्षमा जत्तिकै सेवा चाहिन्छ। त्यहाँ स्वास्थ्यकर्मी र सामान्य उपचार सेवा रहन्छन्। त्यस्तै, सेवाग्राहीले एम्बुलेन्सका लागि सबैभन्दा भरपर्दो टोल फ्री नम्बर १०२ मा प्रयोग गर्नुपर्छ। त्यसपछि बिरामीको अवस्था सोधेर 'क' वा 'ख' वर्गको एम्बुलेन्स पठाउने गरिन्छ। तर, 'क' र 'ख' वर्गका एम्बुसेन्स नभएपछि बिरामीलाई वर्गीकरणबाहिरका एम्बुलेन्समा बोक्नुपर्ने अवस्था छ। मापदण्डअनुसार १० वर्षभन्दा पुराना एम्बुलेन्स चलाउन पाइँदैन। तर, हाल दश वर्ष पुराना ८५० एम्बुलेन्स गुडिरहेका छन्। बिरामीलाई समस्या हुन सक्ने भन्दै मन्त्रालयले यसमा आँखा चिम्लेको छ।

● स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकी भन्छन्- **बिरामीको अवस्थाअनुसार सुविधायुक्त एम्बुलेन्स पठाउन सकिएको छैन**



राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ ले एम्बुलेन्सलाई 'क' र 'ख' वर्गमा विभाजन गरेको छ। 'क' वर्गको एम्बुलेन्स आइसियूजत्तिकै हुन्छ भने 'ख' वर्गको एम्बुलेन्स इमर्जेन्सीसरह हुन्छ। तर, वर्गीकरणमा परेका एम्बुलेन्सको संख्या निकै कम छ। वर्गीकरणमा परेका एम्बुलेन्स कम भएकाले बिरामीको अवस्थाअनुसार पठाउन सकिएको छैन। त्यस्तै, १० वर्ष पुराना एम्बुलेन्स थोत्रा र उपयोगी नहुने भएकाले कानुनतः गुडाउनै रोक लगाइएको छ। तर, एम्बुलेन्सजस्तो साधन भ्याप्पै बन्द गर्दा सेवाग्राहीलाई समस्या होला भन्ने डर हुन्छ। सोहीकारण दर्ता खारेजी गर्ने भनिए पनि खारेजी भने गर्न सकिएको छैन।

■ कुन प्रदेशमा कति छन् एम्बुलेन्स ?

कोशी : **२६१**
३ (क), ४४ (ख) र २१४ (मापदण्डविपरीत)

मधेश : **२२५**
५ (क), ६३ (ख) र १५७ (मापदण्डविपरीत)

बागमती : **४०४**
१० (क), ९३ (ख) र ३०१ (मापदण्डविपरीत)

गण्डकी : **१८५**
३ (क), ४५ (ख) र १३७ (मापदण्डविपरीत)

लुम्बिनी : **२३६**
२ (क), ७२ (ख) र १६२ (मापदण्डविपरीत)

कर्णाली : **९५**
२ (क), ३२ (ख) र ६१ (मापदण्डविपरीत)

सुदूरपश्चिम : **२४३**
२ (क), ८७ (ख) र १५४ (मापदण्डविपरीत)

स्रोत : स्वास्थ्य मन्त्रालय

■ कर्णालीका कुन जिल्लामा कति एम्बुलेन्स ?

भौगोलिक रूपमा विकट मानिने तथा सडक पहुँच कम रहेको कर्णाली प्रदेशमा एम्बुलेन्सको संख्या पनि न्यून छ। यहाँ 'क' वर्गका दुई, 'ख' वर्गका ३२ र मापदण्डविपरीतका ६१ गरी जम्मा ९५ एम्बुलेन्स छन्। तर, यी एम्बुलेन्स पनि जिल्लामै बस्छन् वा अन्यत्रै गुडिरहेका छन् भन्नेबारे स्वास्थ्य मन्त्रालय नै बेखबर छ। यस प्रदेशमा पर्ने जिल्ला रुकुममा १३, सल्यानमा १२, दैलेखमा १८, सुर्खेतमा ३२, मुगुमा चार, डोल्पामा चार, जाजरकोटमा १२, कालीकोटमा १२, जुम्लामा १३ र हुम्लामा तीन एम्बुलेन्स छन्।

उच्चको आदेश बदरको माग गर्दै सर्वोच्च पुगे रवि

● सहकारी ठगीसम्बन्धी कसुर र संगठित अपराधमा थुनामा पठाउने गरी भएको उच्चको आदेश बेरीत रहेको दाबी, आदेशमा 'न्यायिक मन' प्रयोग नभएको र पूर्वाग्रही हिसाबले थुनामा राख्ने आदेश आएकाले बदर गर्न माग

■ यस्ता छन् आधार

- आफैंले आदेशमा उल्लेख गरेको नजिरविपरीत थुनामा राख्ने आदेश भएकोले
- बढी व्यक्ति पीडित भएका कारण थुनाको आधार हुन सक्दैन
- न्यायिक प्रक्रियामा सहयोग गरेको र भाग्ने सम्भावना नरहेको

रविको निवेदनमाथि आइतबार सुनुवाइ हुने



शिल्पा कर्ण / नयाँ पत्रिका

सहकारी मुद्दामा पुर्पक्षका लागि थुनामा पठाउने उच्च अदालत तुलसीपुर (बुटवल इजलास)को आदेशविरुद्ध रास्वपा सभापति रवि लामिछाने सर्वोच्च अदालत गएका छन्। शुक्रबार जिल्ला कारागार रुपन्देहीबाटै हस्ताक्षरसहित निवेदन दर्ता गराएका उनले थुनामुक्त हुनुपर्ने माग गरेका छन्। रविको निवेदनमाथि आइतबार सुनुवाइ हुने सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले बताए।

जिल्ला अदालत रुपन्देहीले १३ माघमा उनलाई धरौटी माग गर्ने आदेश गरे पनि उच्चका न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीले २२ चैतमा पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएका थिए। लगत्तै पक्राउ परेका रवि ७३ नं. निवेदन लिएर साधारण तारेखमा रिहा हुनुपर्ने मागसहित सर्वोच्च पुगेका हुन्।

सहकारी ठगीसम्बन्धी कसुर र संगठित अपराधमा थुनामा पठाउने गरी भएको उच्चको आदेश बेरीतको रहेकाले बदर गरिनुपर्ने माग उनको

» पृष्ठ २ मा क्रमशः

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले बुझाएको ४४७ पृष्ठको प्रतिवेदन

दर्जनभन्दा बढी ऐन खारेजीदेखि राजनीतिक दललाई सरकारी अनुदान दिनेसम्मका सुझाव



प्रतिवेदनको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धिदर बढाउन सहयोग मिल्ने आयोगको विश्वास

(विस्तृत पृष्ठ ७)

झन् नयाँ

ढुंगालाई मूर्ति बनाउनेहरू...



● शान्ति तामाङ

'हे वैद्यनाथ ! सबैको भलो गऱ्या'

बुढीगंगाकै कारण जोखिममा बुढीगंगा-साँफे सभ्यता



● धर्मेन्द्र विह्वल

NIMB नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ शिक्षक आन्दोलनको दसौं दिन

सरकार आश्वासनमा मात्रै केन्द्रित रहेको शिक्षकको आरोप

प्रधानमन्त्री भन्छन्- शिक्षकहरूले आफ्नो मात्रै हित हेरेर हुँदैन, प्रदर्शन आवश्यक छैन



● लक्ष्मीकिशोर सुवेदी
अध्यक्ष, नेपाल शिक्षक महासंघ

माग पूरा नभएसम्म सडक नछाड्ने बताउँदै आएका छौं। सरकारले थाकेपछि आन्दोलनबाट पछि हट्छन् भन्ने ठानिरहेको होला, तर हामी थाक्दैनौं। हामीलाई चाहिएको त मागअनुसारको ऐन हो। जब ऐन आउँछ, तब मात्र आन्दोलन रोक्छौं। आश्वासन दिँदैमा ऐन आउने त होइन होला।

नयाँ पत्रिका

दश दिनदेखि राजधानीकेन्द्रित आन्दोलनमा जुटेका शिक्षकहरूले सरकार जिम्मेवार नभएको आरोप लगाएका छन्। शिक्षकहरू विद्यालय शिक्षा ऐनको माग राख्दै शैक्षिक हडतालसहित सडक संघर्षमा छन्।

नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले प्रधानमन्त्री र शिक्षामन्त्रीलगायतले आश्वासन दिँदै हिँडेको, तर ऐन ल्याउने विषयमा गम्भीर नदेखिएको बताए। उनले माग पूरा नभएसम्म आन्दोलन नरोक्नेसमेत बताए।

» पृष्ठ २ मा क्रमशः



शुक्रबार बिजुलीबजार क्षेत्रमा आन्दोलनरत शिक्षक। तस्बिर : **दिपेन्द्र ढुंगाना**

दुई दिनका वार्ता निष्कर्षविहीन

सरकार र आन्दोलनरत शिक्षकहरूबिचको वार्ता अझैसम्म प्रगतिउन्मुख बन्न सकेको छैन। बिहीबार र शुक्रबार दुई दिनसम्म भएका बैठक निष्कर्षविहीन भएका छन्। शिक्षा ऐन तत्काल जारी गर्नुपर्ने मागसहित दश दिनदेखि आन्दोलनरत शिक्षक र सरकारबिच बिहीबार पहिलो चरणको वार्ता भएको थियो। तर, बैठक कुनै ठोस निर्णयविना टुंगिएको थियो।

शुक्रबार पनि शिक्षा मन्त्रालयले वार्ताका लागि बोलाए पनि सहमति जुट्न सकेन। शिक्षक महासंघका प्रतिनिधि र शिक्षा मन्त्रालयका सचिवसहितको बैठक बसे पनि कुनै निर्णय नभएको महासंघले जनाएको छ। बिहीबार सरकारका तर्फबाट शिक्षामन्त्री विद्या भट्टराई बैठकमा बसे पनि शुक्रबार उनले नभ्याउने भन्दै सचिव र अन्य प्रतिनिधिलाई बैठक बस्न भनेकी थिइन्। बैठकमा शिक्षक महासंघका तर्फबाट सहअध्यक्ष नानुमाया पराजुलीसहितका प्रतिनिधि थिए भने सरकारका तर्फबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक कृष्णप्रसाद काप्रीलगायतको उपस्थिति थियो।

बैठकमा महासंघले संसद्को विशेष अधिवेशन बोलाएर वा अध्यादेशमार्फत शिक्षा ऐन जारी गर्नुपर्ने अडान दोहोऱ्याएको छ। महासंघले दर्तादेखि हालसम्म विधेयकले संसद्का चार अधिवेशन पार गरिसकेको जनाउँदै अब ढिला नगरी ऐन ल्याउनुपर्ने माग दोहोऱ्याएको छ।

माङसेबुङमा सुकुम्बासीलाई धनीपुर्जा दिन जग्गा नापजाँच

माङसेबुङ (इलाम)मा **चिरञ्जीवी घिमिरे**

सुकुम्बासीलाई जग्गा वितरण गर्न इलामको माङसेबुङ गाउँपालिकामा जग्गा नापजाँचको काम सुरु भएको छ। झन्डै एक वर्ष काम रोकिएपछि भूमि समस्या समाधान आयोगले जग्गा नापजाँचको काम सुरु गरेको हो।

सरकारले ०८० चैतमा भूमि आयोग विघटन गरेपछि जग्गा वितरणको प्रक्रिया रोकिएको थियो। नयाँ आयोग गठन भएपछि माङसेबुङमा केही दिनअघिदेखि अव्यवस्थित बसोवासी, भूमिहीन सुकुमवासी र भूमिहीन दलितलाई जग्गा दिन नापजाँचको काम सुरु भएको माङसेबुङ गाउँपालिकाका प्रवक्ता सुशन राईले जानकारी दिए। 'भूमिहीनले निवेदन दिएपछि हामीले निस्सा वितरण गरिसकेका थियौँ। त्यहीवेला आयोग विघटन भएपछि काम रोकियो। गत कात्तिकमा आयोग बनेपछि जिल्ला आयोगलाई आग्रह गरेर नापजाँचको काम सुरु गरेका छौँ,' उनले भने, 'पछिल्लो आयोगले जहाँ काम स्थगित गरेको थियो त्यहीँबाट काम सुरु गर्दा हामीलाई सहज भएको छ।'



माङसेबुङ- ६ माङमालुङमा जग्गा नापजाँच गर्दै भूमि समस्या समाधान आयोगको टोली

भूमि आयोग जिल्ला समितिले उपलब्ध गराएको ६ जना प्राविधिक जनशक्ति र गाउँपालिकाको चारजना जनशक्तिले नापजाँचको काम सुरु गरेको प्रवक्ता राईले बताए। अहिले माङसेबुङ-६ को माङमालुङ बजारबाट जग्गा नापजाँचको काम सुरु गरिएको उनले बताए। छिट्टै जनशक्ति बढाएर सबै वडामा नापजाँचको काम सुरु गरिने उनले बताए। 'बिचमा केही प्राविधिक समस्या आएन भने हामी माङसेबुङ गाउँपालिकाभित्रका ६ वटै वडामा नापजाँचको काम एक वर्षभित्रमा सक्नेछौँ,' उनले भने, 'आउँदो असारभित्रमा नापजाँच सकिएका पाँच सय परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने लक्ष्य लिइएको छ।'

६ वटा वडा रहेको माङसेबुङ गाउँपालिकामा दुई हजार २८२ घरपरिवार अव्यवस्थित बसोवासी, घरपरिवार २३० घरपरिवार भूमिहीन सुकुमवासी र २४ घरपरिवार भूमिहीन सुकुमवासी गरी दुई हजार ९४८ घरपरिवार रहेको माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले जानकारी दिए। उनका अनुसार यसअघि दुई हजार ५३६ घरपरिवारको निवेदन लिएर निस्सा वितरण गरिएको थियो। अब ४१५ घरपरिवारलाई निवेदनको निस्सा वितरण गर्न बाँकी रहेको उनले बताए। बाँकी रहेकाको पनि केही समयमै निस्सा वितरण गरिने अध्यक्ष राईले बताए।

जग्गा नापजाँचको काम सुरु भएपछि यसपटक जग्गाको धनी पुर्जा प्राप्त गर्ने आस पलाएको माङसेबुङ ६ का स्थानीय किरण राईले बताए। 'हामी यो ठाउँमा पुस्तौँदेखि बसोवास गर्दै आएका छौँ। ०२७ सालको नापीमा जग्गाको तिरो तिर्ने पैसा पनि भएन। त्यो वेला आफूले भोगचलन गरेको जग्गा किन नाप्नुपर्‍यो भन्ने भयो,' उनले भने, 'हामीले बुझेअनुसार प्रत्येक दश/दश वर्षमा नापी हुनुपर्ने हो। तर, ५३ वर्षसम्म नापी भएन। यसपटक नापी आएको छ।' उनका अनुसार अधिकांश स्थानीयको ०२७ सालमा जग्गा नापी छुट्दा जग्गाधनी प्रमाणपूर्जाविहीन छन्। 'पटक-पटक भूमि आयोग बने। तर, जग्गा नापजाँचको काम भएन,' उनले भने, 'जग्गा नै नाप्न थालिएपछि अबचाहिँ जग्गा धनीपुर्जा पाउँछौँ भन्ने आस पलाएको छ।'

झन्डै १२ सय...

पृष्ठ १ बाट क्रमशः

स्वास्थ्य मन्त्रालयले बिरामीको अवस्थाको आधारमा एम्बुलेन्सको वर्गीकरण गरेको हुन्छ। 'क' वर्गको एम्बुलेन्सभित्र झन्डै-झन्डै अस्पतालमा जत्तिकैसेवा उपलब्ध हुनुपर्छ। 'क' वर्गको एम्बुलेन्समा एक डाक्टर, आइसियू रभेन्टिलेटरलगायत उपकरण हुन्छन्। एम्बुलेन्समा बसालेपछि नै बिरामीको उपचार सेवा सुरु हुन्छ। त्यस्तै, 'ख' वर्गका एम्बुलेन्समा अस्पतालको इमर्जेन्सी कक्षमा जत्तिकै सेवा चाहिन्छ। त्यहाँ स्वास्थ्यकर्मी र सामान्य उपचार सेवा रहन्छन्।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार निर्देशिकाले 'क' र 'ख' वर्गमा एम्बुलेन्सलाई वर्गीकरण गरेको र वर्गीकरणमा परेका एम्बुलेन्सको संख्या किनै कम छ। वर्गीकरणमा परेका एम्बुलेन्स कम भएकाले बिरामीको अवस्थाअनुसार पठाउन नसकिएको उनको भनाइ छ।

'एम्बुलेन्सलाई 'क' र 'ख' वर्गमा विभाजन गरेका छौँ। 'क' वर्गको एम्बुलेन्स आइसियूजत्तिकै हुन्छ भने 'ख' वर्गको एम्बुलेन्स इमर्जेन्सीसरह हुन्छ,' उनले भने, 'बिरामीको अवस्थाअनुसार सुविधायुक्त एम्बुलेन्स पठाउन सकिएको छैन।' सेवाग्राहीले एम्बुलेन्सका लागि सबैभन्दा भरपर्दो टोल फ्री नम्बर १०२ मा प्रयोग गनुपर्छ। त्यसपछि बिरामीको अवस्था सोधेर 'क' वा 'ख' वर्गको एम्बुलेन्स पठाउने गरिन्छ। तर, 'क' र 'ख' वर्गका एम्बुसेन्स नभएपछि बिरामीलाई वर्गीकरणबाहिरका एम्बुलेन्समा बोक्नुपर्ने अवस्था छ।

राष्ट्रिय एम्बुलेन्स निर्देशिकाको दफा १५ मा एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरणसम्बन्धी व्यवस्थामा एम्बुलेन्सलाई दुई भागमा मात्रै विभाजन गरिएको छ। मापदण्डअनुसार एम्बुलेन्समा जिपिएस प्रणाली पनि जोडिनुपर्छ। मापदण्डअनुसार एम्बुलेन्सको वर्गीकरण खुल्नेगरी 'क' र 'ख' वर्ग उल्लेख भएको हुनुपर्छ। एम्बुलेन्समा जिपिएस सिस्टम अनिवार्य हुनुपर्छ। १०२ टेलिफोन नम्बर अंग्रेजी र नेपाली दुवै भाषामा लेखिएको हुनुपर्छ।

राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ अनुसार १० वर्षभन्दा पुराना एम्बुलेन्स चलाउन पाइँदैन। तर, हाल दश वर्ष पुराना ८५० एम्बुलेन्स गुडिरहेका छन्। बिरामीलाई समस्या हुन सक्ने भन्दै मन्त्रालयले यसमा आँखा चिम्लेको छ। '१० वर्ष पुराना एम्बुलेन्स थोत्रा र उपयोगी नहुने भएकाले कानुनतः गुडाउनै रोक लगाइएको छ,' मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी भन्छन्, 'तर, एम्बुलेन्सजस्तो साधन झ्याप्पै बन्द गर्दा सेवाग्राहीलाई समस्या होला भन्ने डर हुन्छ। सोही कारण दर्ता खारेजी गर्ने भनिए पनि खारेजी भने गर्न सकिएको छैन।'

मन्त्रालयले एम्बुलेन्स सञ्चालनका लागि अनुमति दिने वेलामा जिपिएस प्रणाली अनिवार्य गरे पनि चालक यसलाई चलाउन मान्दैनन्। सोही कारण स्वास्थ्य मन्त्रालयले कुन एम्बुलेन्स कहाँ दौडिरहेको छ र केका लागि प्रयोग भइरहेको छ भनेर पत्ता लगाउन सक्दैन। जिपिएस प्रणालीमा चलिरहेको एम्बुलेन्सको मन्त्रालयबाटै निगरानी गर्न सकिन्छ। कतिपय अवस्थामा एम्बुलेन्स समयमै नपुग्दा मृत्युवरणका घटना पनि आइरहेका हुन्छन्। सरकारले सबै जिल्लामा पुग्नेगरी एम्बुलेन्स दर्ता गरेको दाबी गरे पनि कतिपय जिल्लामा निकै कम छन्। जसका कारण कुनै भवितव्यमा एम्बुलेन्सको अभाव हुन्छ। यसबाहेक सबैभन्दा ठूलो समस्या त एउटा जिल्ला वा एक ठाउँको लागि दर्ता भएको एम्बुलेन्स अन्तैतिर गुड्नु हो। 'जिपिएस सिस्टम हटाएपछि चालक कहाँ छन् भन्ने थाहा हुँदैन,' मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी भन्छन्, 'एक ठाउँका लागि दर्ता भएर अर्को ठाउँमा एम्बुलेन्स चलाउँदा आपत्‌विपत्‌मा समस्या आएको हुन्छ।'

स्वास्थ्य मन्त्रालयका अनुसार हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति हुन्छ। त्यसले जिल्लाभरका एम्बुलेन्सलाई निगरानी र नियमन गर्ने गर्नुपर्छ। तर, समिति सक्रिय नहुँदा थोत्रा, मापदण्डविपरीतका र तोकिएको क्षेत्रभन्दा बाहिर गुडिरहेको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी बताउँछन्।

एम्बुलेन्स चालकहरूको छाता संगठन संयुक्त एम्बुलेन्स चालक संघ नेपालले भने नयाँ र पुराना गरीदेशभर चार हजार तीन सय एम्बुलेन्स छन्। तीन हजार आठ सय एम्बुलेन्सको बिलबुक नवीकरण नभएको संघका अध्यक्ष नवराज लम्साल बताउँछन्। 'नेपालमा भएकामध्ये ७० प्रतिशत एम्बुलेन्स नवीकरण भएका छैनन्। निर्देशिकामा १० वर्ष पुराना एम्बुलेन्स चलाउन पाइँदैन भनेको छ। हाम्रो माग अन्य सवारीसाधनजस्तै एम्बुलेन्स पनि २० वर्ष गुडाउन पाउने गरी दर्ता गर्नुपर्छ भन्ने छ।' उनले एम्बुलेन्सचालकका पीडा रहेको सुनाए। 'बिलबुक नवीकरण भएका छैनन्। १० हजारमा काम गर्नुपर्ने अवस्था छ। पार्किङको समस्या हुन्छ,' उनले भने।

पछिल्लो समय एम्बुलेन्सको दुरुपयोग भनेको यसको स्थान परिवर्तन हो। अहिले सबैभन्दा बढी एम्बुलेन्सको दुरुपयोग गण्डकी प्रदेशमा छ। यहाँ दर्ता भएका १३ वटा एम्बुलेन्स चितवन र धादिङ जिल्लामा चल्छन्। तर, स्वास्थ्य मन्त्रालयले ती एम्बुलेन्सलाई कारबाही गर्न नसकेको संघका अध्यक्ष लम्सालको दाबी छ।

छुट हुने लोभमा किन्छन् एम्बुलेन्स, किनेपछि दुरुपयोग

हाल नेपालमा एम्बुलेन्स किन्दा ९९ प्रतिशत राजस्व छुट हुन्छ। सोही कारण पनि एम्बुलेन्स भनेर किनेर अन्य दुरुपयोग हुने क्रम बढेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी बताउँछन्। उनका अनुसार डोल्पाका लागि राजस्व छुट र अनुमति लिएको एम्बुलेन्स अन्य जिल्लामा प्रयोग गर्न पाइँदैन। ६ वर्षअघि भक्तपुरमा एम्बुलेन्स दुरुपयोग भएको थियो। बिरामी नै बोक्न छाडेर आफन्त, डाक्टर, अस्पतालका कर्मचारी बोक्ने कार्यमा समेत एम्बुलेन्सको प्रयोग भएका पाइएपछि मन्त्रालयल कडाइ गरिएको थियो।

नेपालमा चाहिने एम्बुलेन्स कति हो ?

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले नेपालको जनसंख्या र भूगोल हेर्दा झन्डै चार हजार एम्बुलेन्स चाहिने बताए। तर, यत्तिकै नै चाहिन्छ भनेर वैज्ञानिक रूपमा अध्ययन नभएकाले अब यसमा सर्वेक्षण थालिएको उनको भनाइ छ। 'विकसित देशमा पाँच हजार जनसंख्याबराबर एउटा एम्बुलेन्स छुट्याइएको हुन्छ। हामीले पनि सरकारी क्षेत्रमा त्यही गर्न खोजेका छौँ,' उनले भने, 'गाउँ र दूरी हेरेर एम्बुलेन्सको आवश्यक संख्याबारे अध्ययनबाट थाहा हुनेछ, एक-दुई महिनापछि उक्त अध्ययन सुरु हुन्छ।'

म्यानमारबाट फर्कियो सेनाको चिकित्सक टोली

काठमाडौं/ म्यानमारमा विनाशकारी भूकम्पमा घाइते भएकाको स्वास्थ्य उपचारमा खटिएको नेपाली सेनाको चिकित्सकीय टोली शुक्रबार स्वदेश फिर्ता भएको छ। सेनाले १२ जना चिकित्सकीय टिम र ४ जना बन्दोबस्ती सहायता टिमसहित कुल १६ सदस्यीय टोली २० चैतमा पठाएको थियो। सैन्य टोली नेपाली सेनाको हवाईसाधनबाट गएको थियो। नेपाल सरकारको निर्णयअनुसार शल्यक्रिया विशेषज्ञ, हाड जोर्नी विशेषज्ञ, मेडिकल अधिकृत, नर्स तथा प्यारामेडिकसहित खटिएको थियो। म्यानमारको मान्डलेस्थित यामथिन सहरमा स्वास्थ्य शिविर स्थापना गरी घाइतेको उपचार गरेको थियो। उक्त क्षेत्रमा म्यानमारमा नेपालीभाषीको उल्लेख्य संख्या रहेको छ। नेपाली सैनिक टोलीले १३३ जनाको शल्यक्रिया, २४८ जनाको हाडजोर्नीसम्बन्धी उपचार र ९६५ जना बिरामीलाई ओपिडी सेवा प्रदान गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

पार्टी स्थापना दिवस मनाउने एमालेको तयारी

काठमाडौं/ एमालेले आगामी ९ वैशाखमा पार्टी स्थापना दिवस मनाउने तयारी सुरु गरेको छ। तयारीकै सिलसिलामा शुक्रबार उपमहासचिव प्रदिप ज्ञवालीले पार्टी केन्द्रीय कार्यालयमा जनसंगठनका पार्टी इन्चार्ज तथा अध्यक्षहरूलाई व्यवस्थापनसम्बन्धी निर्देशन दिए। स्थापना दिवसमा कम्युनिस्ट आन्दोलनमा योगदान गर्नेलाई सम्मान गर्ने, आन्दोलनसँग सम्बन्धित केही ऐतिहासिक पुस्तकहरू प्रकाशन गर्ने एमालेको तयारी छ। त्यस्तै, स्थापना दिवसकै सन्दर्भमा ११ वैशाखमा लोकतन्त्र दिवसको अवसर पारेर एमालेले युवा उत्सव आयोजना गरेको छ। उत्सवपछि आयोजित कार्यक्रममा ६ हजार ७४३ वटै वडाको प्रतिनिधित्व रहने गरी एमालेले युवा सम्मेलन गर्दै छ। युवा उत्सव उद्घाटनअघि मार्चपासका लागि राष्ट्रिय युवा संघले आन्तरिक तयारी गरिरहेको सचिव निरोज पौडेलले बताएका छन्।

नेपाल-भारत मैत्री संघको नवौँ सभा सुरु

काठमाडौं/ नेपाल-भारत मैत्री संघ केन्द्रीय समितिको नवौँ मैत्री सभा शुक्रबार सुरु भएको छ। उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले मैत्री सभा उद्घाटन गर्दै नेपाल-भारतबिच राजनीतिक र सांस्कृतिक तहमा सम्बन्ध गहिरो भएको बताएका छन्।

सिंहले कांग्रेसका संस्थापक नेताहरू बिपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहले भारतमा बसेर नेपालको प्रजातान्त्रिक आन्दोलन गरेको स्मरण गरे। नेपाल र भारतमा सबैभन्दा बढी हिन्दु धर्मावलम्बीहरू रहेको र दुई देशको सम्बन्ध सांस्कृतिक रूपमा नयाँ उचाइमा पुगेको उनको भनाइ थियो।

'हाम्रो सम्बन्ध धार्मिक, सांस्कृतिक पक्षबाट मात्रै नभई, राजनीतिक क्षेत्रमा पनि गहिरो छ। दुवै देशमा बहुसंख्यक हिन्दु भएको र लुम्बिनीमा जन्मेका गौतम बुद्धले सारनाथमा प्रवचन दिएको सन्दर्भले दुई देशको सांस्कृतिक सम्बन्ध निकै गहिरो छ,' सिंहले भने, 'धर्मको आधारमा हेर्ने हो भने हिन्दु र बौद्धको महत्त्व छ। नेपाल र भारतबिच बिहावारीको सम्बन्ध छ।'

देशभरिबाट आएका करिब सात सय प्रतिनिधिमाझ संघका अध्यक्ष ओमप्रकाश सराबगीलाई सम्मान गरिएको थियो। कार्यक्रममा नेपाली कांग्रेसका नेताहरू अर्जुननरसिंह केसी, शंकर भण्डारी तथा भारतीय राजदूतावासका नियोग उपप्रमुख प्रसन्न श्रीवास्तव र प्रथम सचिव डा. साहिल कुमार पनि सहभागी थिए। संघको ७४ जिल्ला शाखा र ३५ उपशाखा रहेको र मैत्री सभामा सबैबाट प्रतिनिधित्व रहेको संघका महासचिव बोदकृष्ण सुवेदीले बताए। उनका अनुसार शनिबार संघको निर्वाचनले नयाँ नेतृत्व निर्वाचित गर्ने कार्यक्रम छ।

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४५८९२५७

शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०६/०८१/८२

पहिलो पटक प्रकाशित मिति २०८१/०५/०६, २०८१/०६/१५, २०८१/०६/२३
दोस्रो पटक प्रकाशित मिति २०८१/१२/३०

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने का.म.पा.वडा नं. ६ स्थित विभिन्न स्थानहरूमा निर्माण कार्यहरू, सडक बत्ती जडान गर्ने र नँया सि.सि.टिभी.क्यामराहरू जडान गर्न तपशिलमा उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ।

शर्तहरू

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ। (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ)Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security(Bank Gurantee)
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई यस समितिबाट श्री तीनचुली देविथान गुठीको भवन निमाण गर्ने कार्य, चुच्चेपाटी धर्मदत्त मार्गमा ब्लक बिछ्याउने कार्य,खाइबा टोलमा बाटो ढलान गर्ने कार्य, तीनचुली भूवलडाडामा ३ इन्चको खानेपानी पाइप विस्तार गर्ने कार्य, का.म.पा.वडा नं. ६ बौद्ध क्षेत्रमा सडक बत्ती जडान गर्न र का.म.पा.वडा नं. ६का विभिन्न स्थानहरूमा नँया सि.सि.टिभी.क्यामराहरू जडान गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र वोलपत्र खरिद गरी ८ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ। वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा **"क"** वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को १२० दिन अवधिको पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।
७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।
१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।
११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ।

तपशिल

ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का लागत अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
१/०८१/८२	श्री तीनचुली देविथान गुठीको भवन निर्माण गर्ने कार्य	२.५ प्रतिशत	३५,९६,४१०.१९	१,५००
३/०८१/८२	चुच्चेपाटी धर्मदत्त मार्गमा ब्लक बिछ्याउने कार्य	२.५ प्रतिशत	२४,९७,८०६.५२	१,५००
४/०८१/८२	खाइबा टोलमा बाटो ढलान गर्ने कार्य	२.५ प्रतिशत	१८,३७,१७५.०७	१,०००
५/०८१/८२	तीनचुली भूवलडाडामा ३ इन्चको खानेपानी पाइप विस्तार गर्ने कार्य	२.५ प्रतिशत	१४,९६,०७९.५३	१,०००
६/०८१/८२	का.म.पा.वडा नं. ६ बौद्ध क्षेत्रमा सडक बत्ती जडान गर्ने कार्य	२.५ प्रतिशत	३४,९८,९३२.००	१,५००
७/०८१/८२	का.म.पा.वडा नं. ६का विभिन्न स्थानहरूमा नँया सि.सि.टिभी.क्या(मराहरू जडान गर्ने कार्य	२.५ प्रतिशत	३४,९८,८९३.०२	१,५००

दुर्गा प्रसाईंलाई...

पृष्ठ १ बाट क्रमशः

थप भएको छ,' जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी अपिलराज बोहराले भने, 'अनुसन्धानको क्रममा अन्य कसुर पनि आकर्षित हुने देखिएमा त्यहीअनुसार अभियोजन प्रक्रिया अघि बढ्छ।'

प्रदर्शनकारीले तीनकुनको एक घरमा आगो लगाउँदा जलेर पत्रकार सुरेश रजकको मृत्यु भएको थियो। सो घटनामा पनि प्रसाईंमाथि अनुसन्धान गर्ने प्रहरी तयारी छ। प्रहरीको विज्ञप्तिमा पनि त्यसको संकेत छ। जसमा भनिएको छ, '...पूर्वयोजनाअनुसार संगठित तवरले आपराधिक घटना घटाई मानिसको ज्यानै लिनेसमेतका आपराधिक कार्य गरी घटना वारदातपश्चात् भागी फरार रहेका तपसिलका दुई प्रतिवादीलाई झापा जिल्लाको भद्रपुरबाट नियन्त्रणमा लिई सम्मानित काठमाडौं जिल्ला अदालतबाट १२ दिनको मिलान म्याद थप अनुमति प्राप्त भई अनुसन्धान भइरहेको ।'

प्रसाईं प्रदर्शन भएकै दिन राति काठमाडौंबाट भागेर झापा हुँदै भारत गएको प्रहरीले जनाएको छ। उनी भागेको गाडी एक साताअघि नै प्रहरीले झापामा बरामद गरेको थियो। उनी भारतको लखनउ तथा दिल्लीसमेत पुगेकोमा पछिल्लो केही दिनयता आसाममा एक नेपालीभाषीको घरमा लुकेर बसेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्।

भारतीय सुरक्षाकर्मीसँग समन्वय गरी प्रहरीले उनलाई पक्राउ गरेको हो। उनका सहयोगी दीपक खड्कालाई पनि प्रहरीले पक्राउ गरेको छ। प्रसाईं पछिल्लो एक वर्षमा तेस्रोपटक पक्राउ परिसकेका छन्। पहिलोपटक साइबर अपराध र दोस्रोपटक आपराधिक लाभ मुद्दामा उनी पक्राउ परी अदालतबाट धरौटीमा छुटेका थिए। यसपटक सकेसम्म धेरै कसुर लगाउने प्रहरी तयारी छ।

पक्राउको संख्या ८१ पुग्यो

तीनकुनेमा भएको आन्दोलनमा विध्वंसात्मक गतिविधि गरेको आरोपमा पक्राउ पर्नेको संख्या ८१ पुगेको छ। जसमा राप्रपाका उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणालगायत समेत छन्। तोडफोड तथा लुटपाट गर्नेहरूलाई समेत प्रहरीले पक्राउ गरी कारबाहीको दायरामा ल्याएको छ। मुख्य व्यक्तिहरूलाई संगठित अपराध र अन्यलाई आपराधिक उपद्रवलगायतका कसुरमा कारबाही अघि बढाइएको छ।

आन्दोलनमा मात्र सहभागी भएकाहरूलाई भने तारेखमा छाड्ने तयारी भइरहेको प्रहरीले जनाएको छ। संगठित अपराधको कसुरमा प्रहरीले ६० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाउँछ। तर, करिब एक महिना थुनामा राखेर मुद्दा बुझाउने प्रहरी रणनीति छ।

पूर्वराजा ज्ञानेन्द्रलाई संसद्‌मा बोलाउन माग

काठमाडौं/ पूर्वराजा ज्ञानेन्द्र शाहलाई १५ चैतमा भएको विध्वंसात्मक घटनाका सम्बन्धमा छलफल गर्न संसदीय समितिको बैठकमा बोलाउनुपर्ने माग उठेको छ। संसद्‌को कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा कांग्रेस र एमालेका केही सांसदले यस्तो माग राख्दै समितिका सभापति विमला सुवेदीको ध्यानाकर्षण गराएका छन्।

गृहमन्त्री रमेश लेखकसमेत सहभागी बैठकमा उनीहरूले १५ चैतको विध्वंशकारी घटनाको गहिरो अनुसन्धानका क्रममा पूर्वराजा ज्ञानेन्द्रलाई पनि जवाफदेही बनाउनुपर्नेमा जोड दिए। साथै, छलफलका लागि उनलाई बोलाउन आवश्यक रहेको उनीहरूको भनाइ थियो।

कांग्रेस सांसद तथा सहमहामन्त्री जीवन परियारले १५ चैतको घटनामा उनको संलग्नाबारे सोधपुछ गर्न पूर्वराजा ज्ञानेन्द्रलाई बोलाउनुपर्ने बताए। 'पूर्वराजा ज्ञानेन्द्र नागरिकका रूपमा जनताको हैसियतमा छन्। त्यो हैसियतमा भएको व्यक्तिले १५ गते विध्वंसकारी घटनाका लागि निर्देशन दिएका हुन् कि होइनन् ?' उनले भने, 'यसैले समितिमा बोलाऔं। यो मानव अधिकार उल्लंघनको घटना हो कि होइन, एउटा नागरिकको हिसाबले तपाईं यो घटना गर्न पाउनुहुन्छ, कुरा के हो भनेर छलफल आवश्यक छ।'

परियारले संविधानको नजरमा सबै नागरिकका मानव अधिकार बराबरी रहेको बताए। 'कसैलाई पनि अराजकता र अमानवीय व्यवहार गर्ने छुट छैन। संविधानको नजरमा सबै बराबर छन्। सामान्य जनताले पाउने मानव अधिकारको जति अधिकार हो, पूर्व राजालाई पनि त्यति नै छ, त्योभन्दा बढी छैन,' परियारले भने।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले तीनकुने घटनामा पूर्वराजा ज्ञानेन्द्रको संलग्नता हो कि होइन र जवाफदेही बन्ने गरी अनुसन्धान गर्नुपर्नेमा जोड दिए। '१५ गते हिंसात्मक प्रदर्शनबाट हत्या र आगजनीलगायत घटना भएका छन्। राजतन्त्र फर्काउने भन्दै भएको त्यस घटनामा पूर्वराजाको संलग्नताबारे उनलाई जवाफदेही बनाएर राज्यले अनुसन्धान गर्नुपर्छ। आवश्यकता पर्‍यो भने संसद्‌ले पनि छलफल गर्नुपर्छ,' बर्तौलाको भनाइ थियो।

बैठकमा राप्रपाका सांसद ध्रुवबहादुर प्रधानले १५ चैतको तीनकुने घटना राज्यपक्षले नियोजित रूपमा घटाएको आरोप लगाए। उनले घटनाको निष्पक्ष छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्नेमा सरकार ढाकछोप गर्ने दिशामा अग्रसर भएको बताए।

समितिकी सभापति विमला सुवेदीले १५ चैतको विध्वंसकारी घटनामा भएको मानव अधिकार उल्लंघन, हत्या, आगजनी र तोडफोडलगायत विषयमा गृहमन्त्रीलाई समितिमा बोलाएर छलफल गरिएको बताइन्। 'हामीले मानव अधिकार उल्लंघनसम्बन्धी प्रश्नमा गृहमन्त्रीसँग जवाफ मागेका थियौँ। अधिकांश सांसदले आ-आफ्नो धारणा राख्नुभयो, गृहमन्त्रीले पनि उपस्थित भई प्रश्नहरूको जवाफ दिनुभयो। तर, बैठकले कुनै निर्णय गरेको छैन,' उनले भनिन्।

उच्चको आदेश...

पृष्ठ १ बाट क्रमशः

निवेदनमा छ। उनले आफ्नो नाममा सहकारीमा खाता नरहेको र कृत्रिम खाता खोलिएको हुन सक्ने बताएका छन्। यसको पुष्टि संसदीय छानबिन समितिबाट हुने उनको निवेदनमा छ।

उच्च अदालत तुलसीपुरले संसदीय विशेष छानबिन समितिसमक्ष बैंकिङ प्रणालीका डेभलपरले गरेको बयानलाई अनदेखा गरेको लामिछानेको भनाइ छ। 'म निवेदकले दुई करोड रकम कर्जा लिएको र आन्तरिक ऋणपत्रबाट खुलेको भनी जुन आधार ग्रहण गरिएको छ, सोसमेत मेरो सहीछाप दस्तखत नभएको मलाई थाहा जानकारी नभएको एवं काल्पनिक रूपमा मेरो संलग्नताविना तयार भएको उक्त कागजातको कुनै प्रामाणिकता नहुने र मैले बयानमा समेत प्रस्टसँग कर्जा नलिएको भनी उल्लेख गरिरहेको र केवल आधार प्रमाणबेगर अभियोग लगाएको कुरालाई प्रमाणको रोहमा अनदेखा गरी, विवेचना नगरी भएको आदेश कानुनप्रतिकूल रहेको छ,' उनको निवेदनमा छ।

आफ्नो हैसियत सेयर लिने र पछि छोड्नेसम्मको रहेको उनले जिकिर गरेका छन्। यस सम्बन्धमा भएको करारनामा उच्च अदालतले अनदेखा गरी थुनामा पठाउने आदेश गरेको उनको निवेदनमा छ। आफूले ऋण लिएको निश्चयात्मक प्रमाण नरहेको भन्दै त्रुटिपूर्ण आदेश खारेज हुनुपर्ने माग उनको छ।

'प्रस्तुत मुद्दामा म निवेदक सबै जिल्ला अदालतहरूमा तारेखमा समयमै उपस्थित भएको छु। न्याय प्रक्रियामा कुनै हस्तक्षेप गरेको छैन। साथै, म निवेदनक राजनीतिक पृष्ठभूमि भएको र संघीय संसद्‌को प्रतिनिधिसभाको सदस्यसमेत रहेकाले न्यायबाट भाग्ने कुनै सम्भावना नरहेको र अनुसन्धानको प्रक्रियामा कुनै बाधा-अवरोध नगरी अनुसन्धानकर्तालाई सहयोग पुर्‍याइरहेको,' उनले भनेका छन्। वैयक्तिक स्वतन्त्रता हनन हुने गरी आएको उच्च अदालत बुटवलको आदेश बदरयोग्य रहेको उनको निवेदनमा छ।

उच्चको आदेशमा 'न्यायिक मन' प्रयोग नभएको र पूर्वाग्रही हिसाबले थुनामा राख्ने आदेश भएको उनको निवेदनमा छ। सुरु अदालतबाट मुद्दाबारेको सम्पूर्ण प्रमाण र तथ्यको जाँच गरी थुनाबाहिर राखेर मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश सामान्यतः उच्चले उल्टाउन नहुने तथा न्यायिक संयमता अपनाउनुपर्ने निवेदनमा छ।

अरविन्द केजरिवालविरुद्ध सिबिआईको एक मुद्दामा भारतीय सर्वोच्च अदालतले थुनामा पठाउँदा न्याय प्रणालीप्रतिको जनविश्वास कायम राख्ने तथा बढी व्यक्ति पीडित भएकै मात्र कारणले थुनामा पठाउन नहुने आधार लिएको लामिछानेले निवेदनमा उद्धृत गरेका छन्। थुनामा पठाउने आदेश गर्दा टेकेको नजिरप्रतिकूल उक्त इजलासबाट आदेश हुँदा यसले 'न्याय प्रणालीप्रतिको जनताको विश्वासमा ह्रास पुर्‍याएको' कारण आदेश बदर हुनुपर्ने लामिछानेको माग छ।

'अनुसन्धानको सिलसिलामा तयार भएको लिखत थुनछेकका लागि प्रमाणमा लिनुपर्ने कानुनी प्रावधानलाई अनदेखा गरी मेरोविरुद्धमा ठोस रूपमा कसैले केही भन्न नसकेको र लेखाको जिम्मेवार व्यक्ति तथा लेखापरीक्षकले वैधानिकता परीक्षण गरी सहमति जनाएको कुरालाई अनदेखा गरी तारिखमा राख्न मिलेन भनी गरिएको आदेश कानुनसम्मत तथा तथ्यपरक छैन। त्यसकारण उक्त आदेश बेरीतको रहेको छ,' उनको निवेदनमा छ।

भारतकै सर्वोच्च अदालतले गरेको एक फैसलालाई आधार मान्दै लामिछानेले आफ्नो मुद्दामा सुरु अदालतबाट भएको जमानत रद्द गर्नुपर्ने कुनै पनि कारणको विद्यमानता नरहेको बताएका छन्। अभियुक्तले न्याय प्रक्रियामा हस्तक्षेप गर्दा, जमानतको गलत ढंगले उपयोग गर्दा वा न्यायिक प्रक्रियाबाट बच्ने प्रयास गर्दा तथा फरार हुने सम्भावना देखिँदा माथिल्लो अदालतले थुनामा पठाउने आदेश गर्नु उपयुक्त हुने भए पनि आफ्नो हकमा यी कुनै अवस्था नरहेकाले साधारण तारेखमा राख्नुपर्ने माग उनको छ।

सरकार आश्वासनमा...

पृष्ठ १ बाट क्रमशः

'माग पूरा नभएसम्म सडक नछाड्ने बताउँदै आएका छौँ। सरकारले थाकेपछि आन्दोलनबाट पछि हट्छन् भन्ने ठानिरहेको होला, तर हामी थाक्दैनौँ,' उनले भने, 'हामीलाई चाहिएको त मागअनुसारको ऐन हो। जब ऐन आउँछ, तब मात्र आन्दोलन रोक्छौँ। आश्वासन दिँदैमा ऐन आउने त होइन होला।'

त्यसैबिच प्रधानमन्त्री केपी ओलीले शिक्षकहरूले आफ्नो मात्रै हित हेर्न नहुने बताएका छन्। शुक्रबार बुटवलमा एमालेको प्रदेशस्तरीय जनजागरण सभालाई सम्बोधन गर्दै उनले शिक्षकहरूले प्रदर्शन गर्न आवश्यक नभएको बताए। ओलीले भावनामा बगेर समस्या समाधान नहुनेसमेत बताए।

'ऐन पहिलादेखि रोकिएर बसेको छ। त्यसलाई तुरुन्त ल्याउँछौँ भनेका छौँ। हामी उपयुक्त ढंगले ऐन ल्याउँछौँ। आफ्ना मात्रै इन्ट्रेस हेरेर, आफ्ना मात्रै हितहरू हेरेर हुँदैन,' ओलीले भने, 'राष्ट्रिय हित कसरी हुन्छ ? राष्ट्रको क्षमता के छ ? राष्ट्रिय अर्थतन्त्रको स्थिति के छ ? सरकारले अहिले के गर्न खोजिरहेको छ ? बुझेर मात्रै समाधान खोज्नुपर्छ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यायाँ
शनिबार ३० चैत ०८१
nayapatrikaofficial @nayapatrika

ढुंगालाई मूर्ति बनाउनेहरू...

ललितपुरको पाटन दरबार क्षेत्र पार गर्दै गर्दा आसपासबाट टकटक, टिकटिक आवाज आउँछ। दरबार घुम्न आउनेलाई यो आवाजले कुतूहल पनि जगाउँछ। तर, यो आवाजबारे भेउ पाइहाल्न सक्दैनन्। यी आवाज ढुंगालाई मूर्ति बनाउँदा निस्किएका हुन्। ढुंगालाई मूर्ति बनाइरहेकाहरूले निकालेका आवाज हुन्। पाटन क्षेत्रका शिल्पकार, बज्राचार्य, शाक्यलगायत समुदायले ढुंगाको मूर्ति बनाएर वर्षौं बिताएका छन्। अझ भनौं, पुस्तौं बिताइसकेका छन्। यही पेसाबाट जीवन धानेका छन्। आफू मात्र बाँचेका छैनन्, अरूलाई पनि रोजगारी दिइरहेका छन्।



स्टोन ह्यान्डिक्राफ्टको क्षेत्रमा कच्चा पदार्थको सबैभन्दा ठुलो अभाव छ। आवश्यक कच्चा पदार्थ खनिज, पहाड, वन र पर्यावरणसँग सम्बन्धित हुन्छ। पहाड फोरेर कच्चा पदार्थ निकाल्नुपर्ने हुन्छ। त्यसलाई उत्खनन गर्दा वातावरणलाई प्रभाव पार्छ भनेर सरकारले उत्खनन रोकेको छ। तर, त्यस्तो होइन। प्राकृतिक स्रोत भन्ने कुरा उचित रूपमा प्रयोग गर्न सकिए पो रिजेनेरेट हुन्छ।

कला



● शान्ति तामाङ







ढुंगाका मूर्ति बनाउने तेस्रो पुस्ताका त्रिरत्न




मूर्ति बनाउने पेसालाई जीविकोपार्जनको माध्यम बनाइरहेका छन्, भिन्छेबहालका त्रिरत्न बज्राचार्यले। उनी ढुंगाको मूर्ति बनाउने तेस्रो पुस्ता हुन्। यो पेसा उनका हजुरबुबाले सुरु गरेका थिए। त्यसपछि उनको बुबा र दाइसमेत यो पेसामा आबद्ध छन्। उनले नै यो पेसा अँगालेको २५ वर्ष नाघिसकेको छ। 'हजुरबुबाले मूर्ति बनाउन सुरु गर्नुभएको हो। उहाँपछि बुबा र दाइ यही पेसामा जोडिनुभयो। मैले पनि थालेको छु,' मूर्तिकार बज्राचार्यले भने, 'यो हाम्रो पुस्तैनी पेसा हो। परिवार नै यही पेसामा भएपछि सजिलो भयो। त्यसैले यतै लागेँ।'

ढुंगाको मूर्ति बनाउनका लागि सुरुवाती चरणमा ढुंगा काट्ने र स्केच बनाउने काम बुबा र दाइले गर्छन्। त्यसपछि उनी भने ढुंगामा बुट्टा भर्छन्। हामीले भेट्दा उनी भगवतीको मूर्तिमा बुट्टा भर्दै थिए। १२ इन्चको यो मूर्तिले आकार पाएपछि १० हजार मूल्य प्राप्त गर्छ। जुन ढुंगा उनीहरूले करिब १५ सयमा किनेका थिए। मूर्ति बनाउने ढुंगा दक्षिणकाली र काभ्रेपलाञ्चोकको रोशीखोलाबाट ल्याउने गरेको उनले बताए।

ढुंगाले मूर्तिको आकार पाउँदाको क्षण निकै आनन्ददायी र सबै भुलेर ध्यान बसेजस्तो हुने उनी बताउँछन्। 'मूर्ति बनाउन ढुंगा काटिन्छ, स्केच बनाइन्छ, त्यसपछि मात्र बुट्टा भरिन्छ,' उनले भने, 'काम गर्दै जाँदा ध्यान बसेजस्तै हुन्छ। गर्मी, जाडो केही फिल हुन्न। बनाउँदै जाँदा मूर्तिको आकारमा रूपान्तरण भएपछि आनन्द आउँछ। आफूले बनाएका मूर्ति पुजिँदा त झनै खुसी लाग्छ।' वर्षौंदेखि यो पेसामा रहेका उनले कति मूर्ति बनाए यादै छैन। उनले बनाएका मूर्ति लाख रुपैयाँसम्ममा बिक्री भएका छन्। यही पेसाबाट उनले परिवार चलाएका छन्।

पछिल्लो समय यहाँका शाक्य र बज्राचार्यसँग काम सिकेर धेरैले ढुंगाको मूर्तिकलालाई व्यवसाय बनाएका छन्। जसका कारण पहिलेजस्तो बजार एकलौटी नभए पनि जीवन चलाउनै भने गाह्रो छैन। 'पहिले यो पेसामा लाग्ने मानिस धेरै नभएकाले माग बढी थियो। अहिले यो पेसामा लाग्नेहरूको संख्या बढेकाले माग कम हुन थालेको छ,' उनले भने। पाटनको सुन्धारास्थित पसलबाट खासै मूर्ति बिक्री नभए पनि बागडोलस्थित कारखानाबाट धेरै बिक्री हुने गरेको उनले बताए। उनका अनुसार गणेश, महादेवको मूर्ति धेरै बिक्री हुन्छ। सबैभन्दा महँगोमा चैत्य बिक्री गरेको उनले सुनाए। चैत्यको मूल्य चारदेखि पाँच लाखसम्म पर्छ। घरबाटै मूर्ति बनाउन सिकेर पेसा बनाएका बज्राचार्यले अब अर्को पेसा अँगाल्नेबारे सोचेका छैनन्। उनलाई अब अन्त मोडिनु पनि छैन। तर, मूर्ति बनाउने ढुंगाको अभाव र धुलोका कारण स्वास्थ्यमा समस्या भएकाले निरन्तरता दिने-नदिनेमा उनी दोधारमा छन्। 'मूर्ति बनाउन प्रयोग हुने ढुंगा पाउन मुस्किल छ,' उनले भने, 'चस्मा प्रयोग गरेर काम गर्दा पनि धुलोले आँखा रातो हुनेजस्ता समस्या हुन्छन्।'

१८ वर्षदेखि मूर्ति बनाउँदै अवाले



बज्राचार्यजस्तै तुलसी अवाले १८ वर्षदेखि यही पेसामा छन्। उनले नातेदार न्हुच्छेबहादुर महर्जनबाट मूर्ति बनाउन सिके। अहिले यसलाई नै पेसा बनाइरहेका छन्। महर्जनले भने पुस्तैनी पेसाको रूपमा काम गरिरहेका शाक्य, बज्राचार्यहरूबाटै काम सिकेर व्यवसायमा रूपान्तरण गरेका थिए। त्यसपछि अवालेलाई पनि मूर्ति बनाउन सिकाएका थिए। हाल न्हुच्छेबहादुरसँग मिलेर उनले सुन्धारामा बाबु स्टोन ह्यान्डीक्राफ्ट सञ्चालन गरिरहेका छन्। गणेश र सूर्यको मूर्ति बनाएर उनले काम थालेका थिए। त्यसपछि कति र कुन-कुन मूर्ति बनाए गन्ती गरेका छैनन्। 'नातेदार भाइले मूर्ति बनाउन सुरु गरेका थिए। मैले उहाँबाट नै सिकेर काम थालेको हुँ। अहिले यही पेसामा रमाइरहेको छु,' उनले भने। अहिले यही पेसाले परिवार चलाउन सहज बनाएको उनी बताउँछन्।

उनीहरूको मुख्य कार्यस्थल सातदोबाटोस्थित कारखानामा भए पनि सुन्धाराबाट मूर्ति बिक्री हुन्छ। उनीहरूको पसलबाट सबैभन्दा धेरै गणेशको मूर्ति बिक्री हुने गरेको छ। 'सबैभन्दा धेरै गणेशको मूर्तिका लागि अर्डर आउँछ। जुनसुकै पूजाको सुरुवात गणेशपूजनबाट हुन्छ। त्यही भएर होला गणेशको मूर्ति धेरै बिक्री हुन्छ,' उनले भने। उनीहरूले पनि मूर्ति बनाउने ढुंगा रोशीखोलाबाटै ल्याउँछन्। ढुंगाको साइजअनुसार मूर्तिको मूल्य निर्धारण हुन्छ। अहिलेसम्म सबैभन्दा धेरै मूल्य चैत्य बिक्रीबाट प्राप्त भएको छ। जुन साढे चार लाख रुपैयाँमा बिक्री भएको थियो। सुतेका नारायणको मूर्ति ४० हजार, सरस्वतीको १३ हजार मूल्य तोकेर बिक्रीमा राखेका छन्। उनीहरूले साइजअनुसार मूर्तिको मूल्य तोक्छन्। १५ सयको ढुंगाको मूर्तिबाट १० देखि १५ हजार रुपैयाँ प्राप्त गर्छन्।

उनले सुरुवातमा काम गर्दा राम्रै आम्दानी गरे पनि अहिले भने फाट्टफुट्ट मात्र कारोबार हुने गरेको बताए। तैपनि, कृषिमा आश्रित उनको परिवारलाई यही पेसाले जीवन धान्ने बनाएको छ। सुरुवाती दिनमा उनीहरूले १२ जनालाई रोजगारी दिएका थिए। पछिल्लो समय यो पेसामा धेरै मानिस आउन थालेर प्रतिस्पर्धा बढेपछि कामदार घटेर पाँचजनामा सीमित भएका छन्। मूर्ति मात्र होइन, उनीहरू सालिक पनि बनाउँछन्। धेरै मूर्ति र सालिक निर्माण गरिसकेका उनले कति मूर्ति र सालिक बनाए सम्झनै छैन। १५ वर्षअघि राजविराजमा राख्नका लागि नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंहको सालिक उनीहरूकै टोलीले निर्माण गरेको थियो। सिंहबाहेक उनीहरूले धेरैजनाको सालिक निर्माण गरिसकेका छन्।

आगामी पुस्ता यो पेसामा नरहने देखे पनि उनले भने विकल्प सोचेका छैनन्। 'योबाहेक अरू काम गर्न आउँदैन। त्यसैले जति गर्छु, यही काम गर्छु,' उनले भने, 'राम्रो काम गर्ने मान्छे पाउन गाह्रै छ। धुलो धेरै उड्ने, आँखा, छालामा समस्या आउने भएकाले काम गर्ने मान्छे पाइँदैन।' उनका अनुसार अहिले स्थानीयले पनि पेसा छोड्दै गएका छन्। वरपरका मानिसका दुई चारवटाबाहेक उपत्यकाबाहिरबाट आउनेले व्यवसाय चलाउन थालेका छन्। स्थानीयहरू यो पेसाबाट विस्थापित हुँदै गए पनि सहज रूपमा ढुंगा उपलब्ध हुने हो भने वैदेशिक रोजगारीका लागि लाग्ने लाइन कम हुने उनी बताउँछन्।

मूर्तिकलामा रमाउँदै निर्मला



सुन्धाराबाहिर कारखाना भएका धेरै ठाउँमा पुरुष मूर्तिकार छन्। अर्डर लिन र सामान दिन पसलमा बस्ने पनि अधिकांश पुरुष नै छन्। तर, सुन्धारा एउटा पसल भने निर्मला श्रेष्ठले सम्हालिरहेकी छिन्। उनका श्रीमान् सुजित श्रेष्ठले भने सानागाउँको कारखाना हेर्छन्। उनले पसल मात्रै सम्हालेकी छैनन्, मूर्ति बनाउनसमेत थालेकी छिन्। पाँच वर्षअघिसम्म अरूकै लागि काम गर्ने सुजितले श्रीमतीको आड पाएपछि आफैंले व्यवसाय सुरु गरेका हुन्। पाँच वर्षदेखि श्रीमान्-श्रीमती मिलेर मूर्ति बनाएर बेच्न थालेका छन्। सुरुवाती दिनमा निर्मलाको काम पसलमा बस्ने, मूर्ति बेच्ने र मूर्तिको अर्डर लिने हुन्थ्यो। अचेल भने उनी आफैं निर्मागमा सक्रिय छिन्।

मंगलबार (१९ चैत) ग्राहकलाई बुझाउनुपर्ने शिलापत्रको काम उनले लगभग अन्तिम चरणमा पुऱ्याइसकेकी थिइन्। उनले बनाएको उक्त शिलापत्रको मूल्य ३५ सय रहेको छ। सुरुवाती दिनमा समय कटाउन मूर्ति निर्माणमा हात हालेकी उनी अहिले मूर्तिसम्बन्धी सबैजसो काम गर्न सक्ने भएकी छिन्। अहिले उनलाई शिलापत्र बनाउन, मण्डला बनाउन र सबैजसो मूर्तिमा बुट्टा कुँद्न आउँछ। यी सबै काम उनले श्रीमान् सुजितबाटै सिकेकी हुन्। 'सुरु-सुरुमा पसलमा बस्दाबस्दा अल्छी लाग्न थाल्यो। कति बसिराख्ने भनेर श्रीमान्लाई सुनाएँ। मैले इच्छा देखाएपछि श्रीमान्ले सिकाउन थाल्नुभयो। अहिले त धेरै काम गर्न सक्छु,' उनले भनिन्, 'सुरुमा त मेसिन समाउनसमेत डर लाग्थ्यो। बिस्तारै त्यही मेसीनले ढुंगामा बुट्टा हाल्न सक्ने भएँ। मण्डला बनाउन सक्ने भएँ।' उनले बनाएको मण्डला एक हजारदेखि १२ सयसम्ममा बिक्री हुन्छ। बुट्टा भरेको मूर्तिले ६० हजारसम्म पाउँछ। आफूले बुट्टा भरेका मूर्तिले राम्रो पैसा पाउन थालेपछि जाँगर चल्न थालेको उनले बताइन्।

पछिल्लो समय ढुंगाका मूर्तिको बजार खस्किन थालेको उनको अनुभव छ। 'अचेल व्यापार एकदमै स्लो छ,' उनले भनिन्, 'अहिलेसम्म बाबु पढाउन र घर व्यवहार चलाउन पुगेको छ। बचतचाहिँ गर्न सकेको छैन। कहिलेकाहीं त पसल भाडा तिर्न पनि मुस्किल हुन्छ।'

अर्डर लिने र सामान बेच्ने पसल सुन्धारमा भए पनि उनीहरूको मुख्य काम भने इमाडोल सानागाउँमा हुन्छ। यहाँ शिलापत्र बनाउने, सालिक बनाउनेदेखि सबै काम हुन्छ। सुन्धारास्थित उनको पसलमा सबैभन्दा महँगो मूर्ति गौतम बुद्धको छ। जसको मूल्य ६० हजार रहेको छ। योबाहेक पसलमा अरू थुप्रै मूर्ति बिक्रीका लागि राखिएका छन्। सुरुवाती दिनमा निर्मलालाई आफ्नै पसलमा भएको मूर्तिको नामसमेत थाहा थिएन। 'पहिला-पहिला पसलमै भएका मूर्ति पनि चिन्दैनथें। नाम थाहा नभएपै कति ग्राहकलाई फर्काइदिन्थें। बस्दाबस्दै सबै चिन्ने भएँ,' उनले भनिन्।

मूर्तिकलामै भविष्य कोर्दै सुजन



पाटनका स्थानीयको पुस्तैनी पेसाका रूपमा परिचित मूर्तिकला अचेल हस्तान्तरण हुँदै मधेशका सुजन राईसम्म पुगेको छ। भर्खर २० कटेका सिराहाका सुजनका धेरै साथी वैदेशिक रोजगारी र अध्ययनका लागि भौंतारिइरहेका छन्। सुजन भने यही पेसामा केही गर्ने गरी कस्सिएका छन्। तीन वर्ष मात्र भयो, सुजनले मूर्ति बनाउन थालेको। तीन वर्षमै उनले थुप्रै देवीदेवताको मूर्ति निर्माण गरिसकेका छन्। उनले गणेश, भैरव, लक्ष्मी, शिव, हनुमान, विष्णुको मूर्ति बनाइसकेको बताए।

गणेशको मूर्तिमा बुट्टा भर्दै गरेका उनले मामा अर्जुन राईबाट काम सिकेको बताए। उनी काम गर्दै गरेको एआर स्टोन ह्यान्डिक्राफ्ट मामाकै पसल हो। '१२ कक्षा पढ्दै गर्दा मूर्ति बनाउन थालेको हुँ। फुर्सदको समयमा मामाबाट मूर्ति बनाउन सिकेको हुँ,' राईले भने, 'सुरुमा दक्षिणकालीको मूर्तिमा बुट्टा हालेर काम सुरु गरेको हो। सुरुवाती दिनमा ढुंगा मिलाउने, आकारमा ल्याउनेजस्ता काम गर्थें।'

उनी अचेल मूर्तिकलालाई नै व्यवसाय बनाउने कि भनेर सोच्न थालिसकेका छन्। 'राम्रो लागेर नै यो काम सुरु गरेको हुँ। आफूनै इच्छाले काम सुरु गरेकाले इन्जोय गरिरहेको छु,' उनले भने, 'अहिलेसम्म विदेश जाने योजना छैन। देशको हालत त यस्तै छ। तैपनि, नेपालमै केही व्यवसाय गर्ने सोच बनाएको छु। विदेश जाने कुरा दिमागमा आएको छैन।'

सुरुवाती चरणमा मूर्तिकलामा पैसा नहुने भए पनि बिस्तारै पैसा कमाउन सकिने उनले देखेका छन्। उनले बनाएको ढुंगाको मूर्तिहरूले अहिले हजार रुपैयाँ प्राप्त गरिरहे पनि मामाले बनाएको मूर्तिले लाख रुपैयाँसम्म पाएको देखेका छन्। उनले बनाइरहेको गणेशको १५ इन्चको मूर्तिले पनि करिब आठ हजार पाउने पक्का छ। 'सुरुमा पैसा हुँदैन, केही समयपछि पैसा हुन थाल्छ। ठेक्काअनुसार मूर्ति निर्माण हुने भएकाले बिस्तारै पैसा आउन थाल्छ। तर, आफ्नो क्षमताको पनि विकास गर्नुपर्छ,' उनले भने। काम सुरु गरेको तीन वर्षमै उनी सबैजसो मूर्ति बनाउन सक्ने भइसकेका छन्। स्टोन ह्यान्डिक्राफ्टको बजार राम्रै रहेको उनी बताउँछन्। 'मैले भर्खरभर्खरै काम सुरु गरेको हुँ। मैले बनाएको मूर्तिले कतिसम्म पायो भन्ने जानकारी छैन। तर, राम्रो मूर्तिले लाखसम्म पाउँछ। यो पेसा मात्रै नभएर हाम्रो संस्कृति पनि हो। यसलाई अगाडि बढाउनुपर्छ,' राईले भने। उनीहरूसँग अहिले सबैभन्दा महँगो मूल्यको दुई फिटको गणेशको मूर्ति छ। जसको मुख्य ४० देखि ६० हजारसम्म पर्छ। उनीहरूको कारखाना भने बाफलमा छ।

नेपाल हस्तकला महासंघका उपाध्यक्ष नवीन शाक्यका अनुसार स्टोन ह्यान्डिक्राफ्टको क्षेत्रमा नेवाः समुदाय र गैरनेवाः समुदायका गरी दुई सय परिवार आश्रित छन्। 'यो क्षेत्रमा करिब दुई सय परिवार आश्रित छन्। सुरुवाती दिनमा नेवाः समुदायका शिल्पकारहरूले स्टोन ह्यान्डिक्राफ्टका काम सुरु गरे पनि उनीहरूले निरन्तरता नदिएपछि शाक्य, बज्राचार्यले यो क्षेत्र सम्हाले। अहिले यीबाहेकका समुदाय पनि संलग्न छन्। यसले रोजजगारी सिर्जना त गरेको छ। तर गुणस्तर भने खस्किएको गुनासा आउँछन्,' शाक्यले भने।

मौलिक उत्पादनको मूल्य बुझ्नुपऱ्यो



● **नवीन शाक्य**, उपाध्यक्ष, नेपाल हस्तकला महासंघ

स्टोन ह्यान्डिक्राफ्ट हाम्रो मौलिक उत्पादन हो, जुन निर्यातयोग्य छ। यस क्षेत्रले आर्थिक उन्नतिका लागि काम गरिरहेको छ। व्यापार घाटा न्यूनीकरणमा समेत सहयोग गरिरहेको छ। राज्यले यसलाई प्रवर्द्धन गर्नुपर्नेमा त्यस्तो भइरहेको छैन। स्टोन ह्यान्डिक्राफ्टको क्षेत्रमा कच्चा पदार्थको सबैभन्दा ठुलो अभाव छ। आवश्यक कच्चा पदार्थ खनिज, पहाड, वन र पर्यावरणसँग सम्बन्धित हुन्छ। पहाड फोरेर कच्चा पदार्थ निकाल्नुपर्ने हुन्छ। त्यसलाई उत्खनन गर्दा वातावरणलाई प्रभाव पार्छ भनेर सरकारले उत्खनन रोकेको छ। तर, त्यस्तो होइन। प्राकृतिक स्रोत भन्ने कुरा उचित रूपमा प्रयोग गर्न सकिए पो रिजेनेरेट हुन्छ। देशभित्रै भएको कच्चा पदार्थलाई सिस्टममा राखेर प्रयोग गर्न दिने हो भने रोजगारी र समृद्धिमा सहयोग पुग्छ। स्टोन ह्यान्डिक्राफ्टको हामीसँग स्वदेश र विदेश गरी दुई मार्केट छन्। पहिला-पहिला धार्मिक प्रयोजनका लागि मूर्ति बनाइन्थ्यो। अहिले घर, होटलहरूमा समेत हाम्रा सामान प्रयोग हुन्छन्। विदेशमा पनि यस्ता हस्तकलाको धेरै माग छ। तर, आवश्यक कच्चा पदार्थको अभावले मागअनुसार काम भइरहेको छैन। त्यसैले वनको निश्चित क्षेत्र तोकेर हाम्रो स्थानीय सिपलाई प्रवर्द्धन गर्न सरकारले ध्यान दिनुपर्छ। म आफैं ढुंगाको अभावमा यो पेसाबाट पलायन भएको हुँ। जसका कारण मेरो सिप हराउँदै छ। र, हस्तान्तरण हुने सम्भावना कम छ। यो विडम्बना हो। हामीले यसका लागि संघीय सरकार, प्रदेश सरकारसँग पहलका लागि माग गरिरहेका छौं। कच्चा पदार्थको समस्या समाधान गरौं भनिरहेका छौं। सरकारले सुन्छ तर काम हुँदैन। महासंघले पनि दबाबमूलक काम गरिरहेको छ। आवश्यक नीति परिवर्तन गर्नुपऱ्यो। हाम्रो मौलिक उत्पादनको मूल्य बुझ्नुपऱ्यो।

मूर्ति बनाउन कस्तो ढुंगा चाहिन्छ ?

स्टोन ह्यान्डिक्राफ्टको लागि कालो र साह्रो खालको ढुंगा आवश्यक हुन्छ। यस्तो ढुंगाबाट बनाइएको मूर्ति अन्यबाट बनाइएको भन्दा गुणस्तरीय हुन्छ। यस्तो ढुंगा पहिले मच्छेगाउँ, बल्खुको सरस्वती मन्दिर आसपास पाइन्थ्यो। अहिले दक्षिणकालीको चाल्लाखेल, ललितपुरको लेले, काभ्रेपलाञ्चोकको रोशी खोला क्षेत्रमा पाइन्छ। ती क्षेत्रमा पाइने ढुंगा पनि धेरैजसो पर्खाल लगाउन प्रयोग हुँदै आएको छ। यस्तो ढुंगालाई मुर्ति बनाउनकै लागि प्राथमिकता दिने हो भने धेरै फाइदा हुन्छ।

अध्येता रिता शाहलाई
मन परेका सात पुस्तक



विद्यालयकालमै पाठ्यपुस्तकबाहेक अरू पुस्तक पनि पढ्न रुचि राख्थेँ । मेरो बुबाले भारतबाट हिन्दी उपन्यास किनेर ल्याउनुहुन्थ्यो । ती उपन्यास पनि पढ्थेँ । आफन्त, छिमेकीसँग उपलब्ध सबैजसो पुस्तक सानैदेखि पढ्थेँ । काठमाडौं आएर स्नातकोत्तर पढ्दै गर्दा लोकसेवाको तयारी गर्थेँ । त्यतिवेला लोकसेवा पास गर्न धेरै पुस्तक पढेँ । तर, लेखपढ नै गर्छु, लेखपढमै मेरो रुचि होला भन्नेचाहिँ थिएन । पढ्दै जाँदा बानी हुन थाल्यो । यही क्रममा 'काठमाडौंमा मधेशी भोगाइ' भनेर एउटा लेख लेखेँ । त्यो लेखमा क्याम्पस, तरकारी पसल, बाटोघाटो, सार्वजनिक यातायातमा हुने विभेद उल्लेख गरेकी थिएँ । लेख प्रकाशित भएपछि सबैतिरबाट राम्रो प्रतिक्रिया आयो । त्यसपछि जागिर गर्ने, राजनीति गर्नुभन्दा आफ्नो समुदायका लागि लेखपढ गर्नुपर्छ भनेर लागेँ । विचार निर्माण गर्ने, मधेशको विषयमा अध्ययन, अनुसन्धान, लेखन गर्ने, मधेशको अधिकारबारे सार्वजनिक वृत्तमा बहस गर्ने कमै रहेछन् भनेर लेखन, अनुसन्धान र अभियन्ताको रूपमा काम गर्न थालेँ । यही क्षेत्रमा आउने भनेर निर्णय गरेपछि झन् धेरै पुस्तक पढ्न थालेँ ।

■ **जीवन काँडा कि फूल** : यो पुस्तक लेखक झमक घिमिरेले लेख्नुभएको आत्मकथा हो । पुस्तकमा उल्लेख भएअनुसार उनको संघर्ष एकदमै दर्दनाक रहेछ । पुस्तक पढेर म भावुक भएँ । दुईवटै हात अनि एउटा खुट्टा नचल्ने व्यक्ति लेखन कर्ममै लागेर साहित्यिक क्षेत्रमा कसरी स्थापित भइन् भन्नेबारे पुस्तकमा उल्लेख छ । पुस्तकले शारीरिक र मानसिक रूपमा पनि सबल मलाई केही गर्नुपर्छ भनेर उत्प्रेरणा मिल्यो । उनीजस्तो व्यक्तिले यति धेरै संघर्ष गरिन् भने मैले किन नगर्ने भनेर प्रभावित भएँ । पुस्तकले मेरो जीवनमा कतै न कतै परिवर्तन ल्याउन सहयोग गरेको छ ।

■ **फूलको आँखामा** : गायिका आनि छोइङ डोल्माले यो पुस्तक लेखेकी हुन् । पुस्तकमा उनी आफ्नै बुबाबाट हिंसामा परेर आनी बनेपछिको अन्तरद्वन्द्व छ । अन्तरद्वन्द्वलाई जितेर कसरी यहाँसम्म आइपुगिन्, यसबारे पुस्तकमा लेखिएको छ ।

■ **नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता** : सन् १९७५ फ्रेडरिक एच गेजले लेखेको नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता नामक पुस्तक पढेँ । पुस्तकमा मधेशी समुदायसँग गरिएको ऐतिहासिक विभेद, नागरिकतामा गरिएको विभेद, संरचनात्मक विभेद, भूमिमाथिको विभेद, नेपालको खस पहाडी राष्ट्रियतालाई कसरी लादिएको छ ? भन्ने उल्लेख छ । एकजना विदेशीले नेपालमै आएर लेखेको यो पुस्तकले मलाई निकै प्रभाव पारेको थियो ।



■ **नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन** : यो पुस्तक मेरी डेसेन र प्रत्यूष वन्तले सम्पादन गरेका हुन् । पुस्तकमा विभिन्न १८ जना लेखकको लेख संग्रहित छन् । जसमध्ये सेरा तामाङको लेख 'विकासे नारीवाद' जसले नेपालको नारीवादी आन्दोलन र नारीवादी आन्दोलनको विश्व सन्दर्भमा विभिन्न सैद्धान्तिक दृष्टिकोण उल्लेख छ । त्यो पुस्तक प्रकाशित भएको धेरै भयो, पुस्तकमा अहिलेको अन्तर-लैंगिकताको विषयलाई समेटिएको छैन । तर पनि सैद्धान्तिक हिसाबले यो एकदमै राम्रो पुस्तक हो । अहिले पनि त्यो पुस्तक मेरा लागि उपयोगी हुने गरेको छ ।

■ **उपल्लो थलो** : पत्रकार तथा लेखक मोहन मैनालीले यो पुस्तक लेखेका हुन् । लेखनको हिसाबले यो पुस्तक मलाई निकै राम्रो लागेको हो । उनको भाषा एकदमै सरल, छोटा-छोटा वाक्य अनि विश्लेषण पनि निकै राम्रो छ । लेखकले ०५१ देखि ०५९ सम्म विभिन्न ठाउँमा पुगेर गरेको रिपोर्टिङका अनुभवलाई पुस्तकमा पढ्न पाइन्छ ।

■ **समानताको रिले दौड** : सावित्री गौतम, कैलाश राई र प्रत्यूष वन्तको सम्पादनमा ११ जना महिलावादीहरूको अनुभवमा आधारित पुस्तक हो । पुस्तकमा मेरो पनि लेख छ । उनीहरूको संघर्ष, योगदान, उनीहरूले भोगेको कठिनाइबारे पुस्तकमा लेखेको छु । अहिलेको युवा जमातका लागि यो पुस्तक महत्त्वपूर्ण पुस्तक छ । मलाई धेरै मनपर्ने पुस्तकमध्ये यो पनि हो ।


■ **सन्दुक रुइत** : यो पुस्तक अस्ट्रेलियन पत्रकार अली ग्रिपरले लेखेका हुन् । रमन म्यागसेसे पुरस्कार विजेता आँखाका डाक्टर सन्दुक रुइतको जीवनीमा आधारित पुस्तक हो । आँखाको उपचारमा उनले क्रान्ति नै ल्याएका छन् । उनले कम मूल्यमा विश्वस्तरीय लेन्स उत्पादन गरी मोतिबिन्दु शल्यक्रियामा अनुकरणीय काम गरेका छन् ।

पढ्नु पनि एक किसिमको नशा हो । म निरन्तर एक-दुई घन्टा कुनै न कुनै किताब पढ्छु । अहिले पनि राजेन्द्र महतोको जीवनीमा आधारित 'अधुरा क्रान्तिः संघर्ष मातृभूमिका लागि' पढिरहेको छु । दुई-चार दिन पढिनँ भने के के गरिनँ जस्तो लाग्छ । अनुसन्धान, लेखनसँगै तालिम पनि दिने गर्छु । तालिमका लागि तालिम म्यानुयल बनाउँछु । यसका लागि पनि नेपालको संविधान, कानुन, अनुसन्धानका विषय, टेक्निकल कुरा पढ्नुपर्ने हुन्छ ।

'हे वैद्यनाथ ! सबैको भलो गऱ्या'

बुढीगंगाकै कारण जोखिममा बुढीगंगा-साँफे सभ्यता





बुढीगंगा नदी र नदीकिनारमा बसेको साँफेबगर

वैद्यनाथ मन्दिर

यात्रा संस्मरण



● धर्मेन्द्र विह्वल

■ पत्रकारसँग पत्रकारिताकै कुरा

०७६ जेठमा हामी अछामको मंगलसेन जाँदै थियौं । धनगढीबाट डडेल्धुरा हुँदै डोटीको सिलगढी पुगेका हामी डोटीका पत्रकार मित्र दिलबहादुर सिंहलाई लिएर अगाडि बढ्यौं । सिलगढी पुग्नुअघि हामी दिपायलमा अडियौं । यो बाटो हिँड्दा दिपायलका साथीलाई नभेट्नु र वर्षा होटेल नछिर्नु मेरा लागि निकै कठिन हुन्छ । होटेल वर्षामा साथीहरू मीन, योगेन्द्र, अरुण, धीरेन्द्र, पवन, मोहन, सुनिता, प्रकाश, चक्र, विमललगायतसँग भेटेर चिया खाएका थियौं । विगतमा दिपायल आउँदा प्रियजनहरू उद्धव, टेकेन्द्र र दिलबहादुर छन्त्याल पनि भेटिन्थे, तर उनीहरू अहिले यहाँ छैनन् । सिलगढीमा खगेन्द्र सिंह र गणेश मौनीसँग भेटेर सामान्य कुराकानी भयो, तर यसअघि सधैँ भेट हुने गणेश जोशी, शंकर थापा र उद्धव ढाँटसँग यसपटक भेट भएन । जो पत्रकारसँग भेट भयो, उनीहरूसँग अरू के कुरा गर्नु थियो र, उही पत्रकारिताकै कुरा त हो ।

अछामको यात्रा मेरा लागि नौलो त थिएन । यसअघि मैले दुईपटक साँफे र मंगलसेनसम्मको यात्रा गरिसकेको थिएँ । प्रिय भाइ राम कुँवर (जो नेपाल पत्रकार महासंघ अछामका अध्यक्ष थिए) को आतिथ्यमा मैले मंगलसेनसम्मको यात्रा गरिसकेको थिएँ । त्यसवेला साँफे र मंगलसेनमा आयोजित सूचनाको हकसम्बन्धी तालिमको सहजीकरण गरेको थिएँ । अछाममा सूचनाको हकसम्बन्धी तालिम सायद त्यही नै पहिलो थियो ।

■ अछाम यात्रा : अतीतदेखि वर्तमानसम्म

सिलगढीबाट हामी अगाडि बढिरहँदा अछामको पुरानो यात्रा अनुभव, तर नयाँ संस्मरणमा थियो । यसपटक अछामको तेस्रोपटकको यात्राका लागि म अग्रसर थिएँ । यसपटक अघिपछिको भन्दा रोमाञ्चको पारो बढी थियो भन्ने मेरो अनुभूति थियो । किन ? यकिनका साथ त भन्न सक्दिनँ, तर यसपटकको यात्रा मंगलसेनभन्दा अगाडि तुर्माखादसम्म हुने भएकाले हुन सक्छ ।

गाडीमा चालकसहित हामी पाँचजना थियौं । चालक, म र दिलबहादुरका साथै सुदूरपश्चिमका अग्रज पत्रकार धनगढीका मनमोहन स्वाँर र कैलाली टीकापुरका पत्रकार गणेश चौधरीजी । दिलबहादुर सिंह, जो कम्युनिकेसन फाउन्डेसनसँग आबद्ध थिए, को मूल कर्म पत्रकारिता नै हो । तर, पहाडी जिल्लामा पत्रकारिता मात्र गरेर जीवन धान्न सकिने अवस्था छैन । सिंहजी पनि अपवाद होइनन्/छैनन् । उनी पत्रकारितासम्बद्ध अन्य काम पनि गर्छन् ।

सिलगढीबाट हिँड्दा करिब साढे १२ बजेको थियो । आजै मंगलसेन पुग्नुपर्ने थियो । सिलगढीबाट साँफे करिब ६५ किलोमिटर र त्यसपछि करिब २५/३० किलोमिटर मंगलसेनसम्मको यात्रा । ढिलो त हुँदै थियो, तर खाना खाइएको थिएन । खाना खानु थियो ।

■ साजघाटको माछा र पूर्वीचौकीको वास

यस क्षेत्रमा खाना खानका लागि साजघाट उपयुक्त मानिने यात्रा दलका एक सदस्यले जनाए । र, हामी तिनकै अनुशरणमा अगाडि बढिरहेका थियौं । दिलबहादुरजीले आफ्नो सञ्जाल प्रयोग गरेर साजघाटको एक होटेलमा हामी आउने र खाना खाने जनाउ दिए । साजघाट शान्तिनगरको लेकमुनि एक सानो खोला किनारमा अवस्थित बेसीजस्तो ठाउँमा रहेको सानो बजार हो । यस ठाउँको माछा बडो प्रसिद्ध छ । यो बाटो भएर हिँड्ने जोकोहीलाई पनि साजघाटको माछाभातले लोभ्याउने गरेको छ । हामी अपवाद हुने कुरै भएन । त्यसमा पनि म, माछाप्रेमीको त कुरै बेग्लै । साजघाटमा पहिले पनि खाना खाइसकेको हुनाले म त्यहाँको स्वादमा अभ्यस्तजस्तै थिएँ । गाडी गुडिरहेको थियो, म भने कुन वेला साजघाट आउला र माछा खान पाइएला भनेर सम्झँदै थिएँ ।

सिलगढीबाट सायद चार-पाँच किलोमिटर अगाडि केहीबेरको उकालोपछि लेकमा एउटा सानो बजार देखियो । सुन्दर पहाडी बजार-शान्तिनगर । डोटीमा यो स्थानले वनभोज स्थलका रूपमा चर्चा बटुलिरहेको छ । स्थानीय तहले पनि यो ठाउँलाई यसै रूपमा विकसित गर्ने प्रयास गरिरहेको छ । यो ठाउँ प्रसिद्ध पर्यटकीय गन्तव्य खप्तड जाने केन्द्रका रूपमा पनि चर्चित छ । यहाँसम्म गाडीमा आएपछि अब पैदलयात्रा वा घोडचढीका माध्यमबाट खप्तडतर्फको उकालो लागिन्छ । कांग्रेसका नेता भरतबहादुर खड्काको गाउँ पनि हो यो । यतै कतैबाट दिपायल सिलगढी नगरपालिका र पूर्वीचौकी गाउँपालिकाको



मंगलसेन दरबार

सिमाना छुट्टिन्छ । माछा र खानाको कुरा सोच्दासोच्दै शान्तिनगर कटेर अगाडि बढिसकेका थियौं । यसको अर्थ हो, हामी अब पूर्णतः पूर्वीचौकी गाउँपालिकामा थियौं ।

म आफूलाई संघीयता, स्थानीय तह र सुशासनको विद्यार्थी पनि मान्छु । सहयात्री मनमोहनजीको पनि रुचिको क्षेत्र हो यो । यसैले स्थानीय तहका गतिविधि हाम्रा लागि अध्ययनका विषय बन्ने गरेका छन् । अध्ययनका सन्दर्भमा मैले कतै स्थानीय तहका सफलताका कथाभित्र पूर्वीचौकीको नाम पनि भेटेको थिएँ । हामी यिनै विषयमा गफिइरहेका थियौं । पूर्वीचौकी हेर्ने रहर थियो । यस पालिकाले एक सार्थक अभ्यासको पहल गरेको मानिन्छ । कुरा के भने, डोटीबाट अछाम बाजुरा जाने यो बाटो बनेको निकै भइसके पनि यातायातका साधन -विशेषगरी सार्वजनिक यातायात) भने निकै अभाव रहने गरेको थियो । सडक भएर पनि यातायात सुविधा अभावमा यस क्षेत्रका बासिन्दाले सास्ती व्यहोरिरहेका थिए । यस अवस्थालाई दृष्टिगत गर्दै पूर्वीचौकी गाउँपालिकाले चौखुट्टे-दिपायल-चौखुट्टे सार्वजनिक बस सेवा सञ्चालनमा ल्याएको थियो । र, यो सेवा निकै लोकप्रिय बनेको थियो । पहिलोपटकको स्थानीय निर्वाचनपछि गठित स्थानीय सरकारको अनुकरणीय असल अभ्यासअन्तर्गत यो बस सेवाले चर्चा पाएको थियो । हामी दुवैजनाको निष्कर्ष थियो- यस्ता अभ्यासलाई अन्य स्थानीय तहले पनि अनुकरण गर्नुपर्छ । हामी गाडीभित्र यस्तै कुरा गरिरहेका वेला एक्कासि दिलबहादुरजीले भने ल अब गाडी रोक्नुपऱ्यो ।

साप्ताहिक राशिफल

३० चैत (शनिबार)
५ वैशाख (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

सामाजिक र पारिवारिक सम्बन्ध सुदृढ हुनेछ । कुटुम्बसँग सुमधुर सम्बन्ध कायम हुनेछ । पारिवारिक खुसी मिल्नेछ । आर्थिक पक्ष सुदृढ रहनुका साथै समस्या समाधान हुनेछन् । महत्त्वपूर्ण स्थानमा बोली बिक्ने सम्भावनसमेत छ । विभिन्न सामग्री किनमेल गर्न आजको दिन राम्रो छ । स्वास्थ्य सबल छ । पारिवारिक भ्रमणको योग जुरेकाले भ्रमण गर्दा शुभ हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

लामो समयदेखिका असन्तुष्टि समाप्त हुनेछन् । अधुरा काम पूर्ण हुन थाल्नेछन् । स्वास्थ्यमा क्रमिक रूपमा सुधार हुनेछ । आध्यात्मिक र सामाजिक काममा सक्रिय बन्नुपर्नेछ । वादविवादमा विजय प्राप्त हुनेछ । परोपकारका क्षेत्रमा आकर्षण बढ्नेछ । आयमूलक काममा पनि सफलता नै मिल्नेछ । सेयरबजारमा सोचेअनुसार सफलता मिल्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सामाजिक तथा सांस्कृतिक कार्यक्रममा संलग्न हुनुपर्नेछ । विशेष ज्ञानको उदय हुन सक्छ । कामप्रति लगनशीलता बढ्नेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ लिन सकिनेछ । बुधबार गरेका काममा अवरोध आउने सम्भावना छ । दैनिक कामकाजको चाप बढ्न सक्छ । घरायसी प्रयोजनका विषयमा खर्चवृद्धि र तनाव हुन सक्छ । बिहीबार र शुक्रबार भने काममा बाधा होला ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सामाजिक क्षेत्रमा मानसम्मान र प्रतिष्ठा प्राप्ति हुने सम्भावना छ, तर आफ्नै क्रियाकलापले नकारात्मक असर पर्न सक्छ । बन्धुबान्धव र दाजुभाइले कामधन्दामा सहयोग गर्न सक्दैनन् । मातापिताको आशीर्वाद प्राप्त गरेर प्रारम्भ गरिएका जुनसुकै काममा सफलता पाउन सकिन्छ । पारिवारिक धार्मिक भ्रमणको योग छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

धर्म, दर्शन र अध्यात्मतर्फ मन आकर्षित हुनेछ । लामो दूरीको यात्राका लागि अनुकूल समय छ । दाम्पत्य सुख, प्रेम सम्बन्ध तथा पारिवारिक स्थितिमा सुधार आउनेछ । दीर्घकालीन व्यवस्थापनका क्षेत्रमा आर्थिक लगानी हुनेछ । आत्मविश्वासमा अभिवृद्धि हुनेछ । मातापिता र अभिभावकबाट महत्त्वपूर्ण सल्लाह र सुझाव प्राप्त हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा समय मनोरञ्जनपूर्ण रहनेछ । रमाइलो यात्रा गर्ने अवसर आउनेछ । शैक्षिक क्षेत्रबाट सोचेअनुसार सफलता मिल्नेछ । नयाँ कामको जिम्मेवारी मिल्नेछ । सामाजिक काममा मन जाला । धार्मिक यात्राको योग छ । अचानक मन हर्षित हुने समाचार मिल्नेछ, परोपकारी काममा खटिनुपर्नेछ । स्वास्थ्य सबल हुनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

धार्मिक तथा सामाजिक कार्यमा महत्त्वपूर्ण भूमिका रहनेछ । लामो दूरीको यात्रामा निस्कन वा यातायातको साधन किन्न अनुकूल छ । साथीभाइसँग भेटघाट हुनुका साथै मनोरञ्जनात्मक काममा संलग्न भइनेछ । दाजुभाइ र दिदीबहिनीले दिएको सुझाव पालना गर्दा लाभ प्राप्त हुन सक्छ । व्यापारबाट फाइदा हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा शुभ ग्रहको प्रभावसँगै लामो समयदेखि गर्न नभ्याएका आवश्यक काम पुनः थालनी गर्नका लागि समय अनुकूल छ । स्वास्थ्यमा सानातिना समस्या देखिए पनि यसले तपाईंको काममा असर पुऱ्याउनेछैन । मन प्रफुल्ल रहनेछ । शान्त र रमाइलो वातावरणको सिर्जना हुनेछ । घरायसी सुखसुविधा र मायाप्रेमका लागि समय दिनुपर्नेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

बौद्धिक र चिन्तनमूलक क्रियाकलापमा दिन बित्नेछ, घरपरिवार र सन्तति पक्षको सहयोग मिल्नेछ । ज्ञानगुनका क्षेत्रमा मन आकर्षित भए पनि बुधबारबाट प्रतिकूल समय सुरु हुने भएकोले खर्च बढ्न सक्छ । रिस र आर्थिक समस्याले संकट उत्पन्न गर्न सक्छ । साताको अन्त्यमा कीर्तिमानी काम गर्ने मौका मिल्नेछ । सामाजिक काममा मन जाला ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सानातिना घरायसी समस्यामा दौडधुप गर्नुपर्ने भएकाले खिन्नता बढ्न सक्छ । गरेको प्रयासबाट सार्थक फल प्राप्त हुनेछ । ज्ञानगुन र दार्शनिक विषयमा आकर्षित भइनेछ, कल्पना र भावुकतालाई व्यवहारमा उतार्न आजको दिन अनुकूल हुनेछ । डुबेको धन अप्रत्याशित ढंगले फिर्ता आउन सक्छ । साताको अन्त्यमा रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

काममा सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीले साथ दिनेछन् । उत्साह पनि बढ्नेछ । प्रतिस्पर्धामा फाइदा उठाउने समय रहेको छ । बुधबार र बिहीबार भने निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैले लिन सक्नेछ । पढाइलेखाइ र व्यवसायमा उन्नति हुनेछ । साताको अन्त्यमा शत्रु पराजित हुनेछन् । नयाँ जिम्मेवारीका साथ कामको थालनी हुनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

व्यावसायिक क्षेत्रबाट राम्रै लाभ प्राप्त हुनेछ । आम्दानीका नयाँ-नयाँ मार्ग पत्ता लाग्नेछन् । पारिवारिक सुख मिल्नेछ । मातापिता वा अभिभावकबाट आवश्यक सहयोग प्राप्त हुनेछ । स्वास्थ्यमा सकारात्मक संकेत देखिनेछ । चाहनाबमोजिम कार्य सम्पन्न गर्न सकिनेछ । सानो प्रयत्नले ठुला काम बन्ने समय छ । मनपर्ने वस्त्र वा सरसामान उपहार पाइएला ।

टिप्स



● हिमाल टमटा
साइक्लिङ खेलाडी

बालबालिकालाई कम्तीमा सातामा दुईपटक बिहान वा साँझपख साइक्लिङ गराउनु राम्रो हुन्छ । स्कुलबाट घर फर्किएपछि खाजा खुवाएर केही समय बाहिर खुला ठाउँ वा पार्क साइक्लिङ गराउँदा उनीहरू प्रकृतिसँग घुलमिल हुन पाउँछन् । यसले मानसिक ताजगी दिन्छ ।

साइक्लिङ गर्ने ठाउँ भिडभाडमुक्त, सावरीसाधनको आवतजावत नहुने र सुरक्षित भने हुनुपर्छ । विदेशमा बालबालिकालाई पाँच वर्षदेखि साइक्लिङ सुरु गराइन्छ । अभिभावकले सुरुमा हेन्डलिङ गर्न सिकाउँछन् । त्यसपछि उनीहरूकै साइजको साइकलमा साइड पांग्रा राखेर अभ्यस्त गराउँदै लैजान्छन् । बानी परिसकेपछि सुरक्षित स्थानमा बालबालिका आफैँले साइकल कुदाउन थाल्छन् ।





बुढीगंगाले विकसित गरेको साँफे सभ्यता बुढीगंगाकै कारण जोखिममा छ भन्दा अतिशयोक्ति हुनेछैन । नदीकटानको समस्याबाट प्रभावित साँफे कहिलेकाहीं खहरे (छिपे खोला) को कहरमा पनि पर्ने गरेको छ ।

साजघाट आइपुगियो । यहाँ आइपुग्दा करिब दुई जति बजेको थियो । दिलबहादुरजीकै नेतृत्वमा होटेलमा गयौं । खाना खाइयो । पहिले अलिअलि तारेको माछा बजाइयो र त्यसपछि झोल माछासँग भात । आहा ! स्वाद त कसरी बयान गर्नु ? बयान गर्न सके पो गर्नु । होटेलको पछाडिको भागमा लगाइएका कुर्सीटेबुलमा आसन जमाएर पहाडको कापबाट बगिरहेको खोलाको पानीसँग भावनात्मक रूपले एकाकार हुने प्रयत्न गर्दै भोजनको आनन्दको व्याख्या कसरी गर्न सकिएला र खै ? म त सक्दिनँ । यस सम्बन्धमा अहिलेलाई यत्ति नै ।

■ चौखुट्टे हुँदै साँफे र मंगलसेन

खाना खाएपछि यात्रालाई निरन्तरता दियौं । यहाँबाट प्रस्थान गर्दै गर्दा करिब चार बजिसकेको थियो । गाडी उकालो लाग्यो । केहीबेरको यात्रापछि सानागाउँ पुगियो । यो ठाउँ पूर्वीचौकी गाउँपालिकाको केन्द्र हो । यहाँ गाउँपालिकाको कार्यालय छ । यहाँबाट अगाडि बढ्दै जाँदा चौखुट्टे बजार पुगियो । पछिल्लो समयमा यो सानो बजार बिस्तारै व्यापारिक केन्द्रका रूपमा विकसित हुँदै छ । यहींबाट डोटी र अछामको सिमाना छुट्टिन्छ । यस अर्थमा यसलाई सीमाको साझा बजारका रूपमा चिन्दा पनि फरक पर्दैन । चौखुट्टेबाट गाडी बिस्तारै बुढीगंगाको किनार अर्थात् साँफे बजारतर्फ गइरहेको थियो ।

अँध्यारो बिस्तारै बढ्दै थियो । हामी आज मंगलसेन पुग्नैपर्ने थियो । त्यसैले म अब बाटोमा कतै रोकिने सोचमा थिइनँ । तर, त्यो कहाँ सम्भव हुन सक्थ्यो र ? साँफेबगरमा पत्रकार रामबहादुर कुँवरले बाटो रोके र एक कप कफीपछि मात्र अगाडि बढ्न सक्ने जनाउ दिए । कसरी अस्वीकार गर्न सक्नु ? हामीमाथि साथीहरूको अधिकार पनि हो यो । यो प्रेम, यो सद्भाव हाम्रो पनि त गौरव हो । हाम्रो निधि हो । यस्तो अवसर कहाँ सबैले पाउँछन् र ? कुँवरको अनुरोध साँच्चै यति प्रेमिल थियो कि त्यहाँ अडिनुबाहेक अर्को उपाय नै थिएन । कफी खाने क्रममा पत्रकार साथीहरू जनक, गीता र सुशील पनि भेटिए । साँझ छिप्पिइसकेको थियो । अब कैलाश खोलामा अडिन सक्ने सम्भावना थिएन । कैलाश खोलाको माछा साजघाटभन्दा पनि प्रसिद्ध मानिन्छ । स्वाद पनि गजब छ रे ! तर, खै के भन्नु के भन्नु ! आजसम्म कैलाश खोलाको होटेलमा बसेर माछाको स्वाद लिन पाइएको छैन । साथीहरूको सौजन्यमा कैलाश खोलाको भन्दै माछा खाइएको त छ । तर, ठाउँमै बसेर स्वाद लिनुको मजा त बेग्लै पो हुन्छ त । मंगलसेन पुग्दा रातको लगभग साढे आठ बजेको थियो । हामीले राति त्यहीं आराम गर्‍यौं ।

विनायक, रामारोशन, कमलबजारजस्ता महत्त्वपूर्ण स्थान रहेको अछाम राजनीतिक दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । विगतमा नेपाल एकीकरणअघि अत्यन्तै शक्तिशाली राज्यका रूपमा चर्चित अछामको इतिहासबारे मंगलसेनमा रहेको पुरानो दरबारको अवशेष (जुन अहिले पुनः निर्माण भइसकेको छ) ले आज पनि सर्वसाधारणलाई आकर्षित गर्छ । पुराना पत्रकार यज्ञ ढुंगाना हामीलाई मंगलसेनमा पर्खिरहेका थिए । मैले धेरैपछि उनलाई भेटेको थिएँ । यज्ञसँग मेरो बडो आत्मीय साइनो छ । भेटघाट धेरै पनि भएको होइन, तर मनले खाएको एकजना प्रिय भाइ हुन् यज्ञ । उनले एउटा गुण लगाएका छन् । म नेपाल पत्रकार महासंघको अध्यक्ष हुँदै गर्दाको कुरा हो । महासंघका शाखाहरूको निर्वाचन भइरहेको थियो । अध्यक्षका हैसियतले निर्वाचनका लागि मैले रुकुम पठाएको प्रतिनिधिले निर्वाचनभन्दा एक दिनपहिला आफू जान नसक्ने जानकारी गराए । मेरो सामु अब अप्ठ्यारो अवस्था उत्पन्न हुने सम्भावना थियो । यस्तोमा निर्वाचनकै लागि उमिद वागचन्दजी सत्यान गएका थिए र उनीसँगै गएका थिए यज्ञ पनि । मैले उमिदजीसँग छलफल गरेँ र उनकै प्रस्तावमा यज्ञलाई निर्वाचन प्रतिनिधिका रूपमा रुकुम गइदिन आग्रह गरेँ । उनी गए र रुकुममा सफलतापूर्वक काम सम्पन्न गरेर फर्के । त्यो दिनदेखि यज्ञको क्षमताको म प्रशंसक हुँ । हामीले सँगै खाना खायौं र त्यहींको एक होटेलमा रात बितायौं ।

१० जेठ ०७६ । पत्रकारहरूको उपस्थितिमा मंगलसेनमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । हामीले भाग लियौं । धेरै दिनपछि पत्रकार भाइ वेदप्रकाश तिमिल्सेना (अब उनको प्राथमिकता राजनीति हो)सँग भेट भयो । हक्की र स्पष्टवक्ता वेद पत्रकारितामा राम्रै जमेका व्यक्ति हुन् । अछामका पत्रकारमध्ये मैले सबैभन्दा पहिले चिनेको वेदसँगै खड्ग विष्ट पनि हुन् । विष्टजी अछाममा थिएनन्, भेट भएन । पत्रकारितामा राम्रो सम्भावना देखिएकी मेनुकासँग भेट भयो । यस्तै शिवराजसँग पनि भेटेकोजस्तो लाग्छ । बिहानको समय सदुपयोग गर्दै हामीले एकछिन मंगलसेन दरबारको अवलोकन गर्‍यौं । मनमोहनजीको पुख्र्यौली थातथलो यही जिल्ला हो । त्यसैले प्रायः यहाँ आइरहने उनका लागि दरबारलगायत अन्य स्थानको अवलोकन प्राथमिकतामा नपर्नु स्वाभाविक हो । तर, मेरा लागि यो अवलोकन महत्त्वपूर्ण थियो । त्यही साँझ हामी मंगलसेनबाट बाहिरिँदै तुर्माखादका लागि प्रस्थान गरेका थियौं ।

■ जोखिममा बुढीगंगाको सभ्यता र वैद्यनाथको वास

तुर्माखादबाट फर्किंदा (१२ जेठमा) हामीले साँफेमा रात बितायौं । बुढीगंगाको किनार (बगर) मा बसेको यो ठाउँ निकै मनमोहक छ । बुढीगंगाले विकसित गरेको साँफे सभ्यता बुढीगंगाकै कारण जोखिममा छ भनेर भनियो भने अतिशयोक्ति हुनेछैन । नदीकटानको समस्याबाट प्रभावित साँफे कहिलेकाहीं खहरे (छिपे खोला) को कहरमा पनि पर्ने गरेको छ ।

साँफे नेपालमा विभिन्न कारणले चिनिन्छ । एउटा कारण हो, बाबा वैद्यनाथधाम (कतिपयले वैजनाथधाम पनि भन्छन्)को उपस्थिति । बुढीगंगाको किनारमा बाबा वैद्यनाथको प्रसिद्ध मन्दिर छ । मन्दिर कहिले र कसरी स्थापना भयो र भगवान् शिवको पदार्पण यहाँ किन र कसरी भयो भन्ने यकिन त छैन, तर अनेक किंवदन्ती व्याप्त छन् । भारतको झारखण्डमा अवस्थित वैद्यनाथ मन्दिरका देवता यहाँ सहअस्तित्वमा रहेको विश्वास गरिन्छ । किंवदन्ती पनि दुवै मन्दिरसँग एकैखालका प्रचलित छन् । घोर तपस्यापछि रावणले कैलाशबाट लंकाका लागि शिवलाई लिएर हिँडेका थिए र शौचक्रियाका लागि बाटोमा अडिँदा सर्त भंग गरेको भन्दै भगवान् शिवले त्यहाँबाट अगाडि बढ्न अस्वीकार गरेका थिए । जहाँ भगवान् शिवलाई अड्याइएको थियो । त्यहीं उनी स्थापित भए । त्यही स्थान वैद्यनाथधाम हो । यसै स्थानमा भगवान् शिव र देवी पार्वतीको विवाह भएको किंवदन्ती पनि छ । बुढीगंगा नदीकिनारमा अवस्थित यो स्थान निकै दर्शनीय छ ।

साँफेमा बस्ने व्यवस्था रामबहादुर कुँवरले गरेका थिए । हामीले त्यहीं रात बितायौं । यस यात्रामा भाइ सुशीलले पनि निकै सघाएको सम्झन्छु ।

१३ जेठ बिहान । वैद्यनाथधामको दर्शन गर्ने कार्यक्रम थियो । राम कुवँरजीले सबै चाँजो मिलाएका थिए । हामी निश्चित समयमा त्यतातर्फ प्रस्थान गर्‍यौं । रामजी पनि हाम्रै गाडीमा थिए । केहीबेरको यात्रापछि मन्दिर पुग्यौं र बाबाको दर्शन गर्‍यौं । यहाँ बाबा वैद्यनाथका अतिरिक्त हतियार संग्रहालय र नौमुठे गाईको प्रजाति पनि हेर्न लायक छन् ।

हामी मिथिला भूमिका मानिस । भारत झारखण्डस्थित वैद्यनाथधाम (बाबाधाम) मिथिलाको भूगोलबाट नजिक मानिन्छ । देवघर पनि भनिने यो तीर्थस्थल मिथिलाका प्रत्येक व्यक्तिका लागि एक प्रकारले अनिवार्य गन्तव्यजस्तै छ । विश्वका अन्य स्थानका हिन्दुकोजस्तै मिथिलाका लागि पनि भगवान् शिवको यो धाम महत्त्वपूर्ण छ । पैदल, रेल र मोटरका माध्यमले बर्सेनि लाखौं व्यक्तिले यस धामको यात्रा गर्छन् । संयोग नै मान्नुपर्छ, मैले भने यो सामग्री तयार पारुन्जेलसम्म यहाँको यात्रा गरेको छैन । सायद समय जुरिसकेको छैन । ईश्वरलाई सायद मेरा बारेमा अर्कै कुरा स्वीकार्य थियो । मिथिलाबाट नजिक मानिने बाबाधाम जाने अवसर नपाएको मैले मिथिलाबाट निकै टाढा रहेको सुदूरपश्चिमको अछामको भ्रमण गर्ने अवसर पटक-पटक पाएँ । संयोग नै मान्नुपर्छ, यो जिल्ला पनि बाबा वैद्यनाथको भूमि हो । नेपालको चारधाममध्ये एक मानिने बाबा वैद्यनाथधामको जिल्ला अछाम धार्मिक दृष्टिले जति महत्त्वपूर्ण छ, प्रकृतिका दृष्टिले त्यत्तिकै सुन्दर । बाबाको दर्शन र एकछिनको घुमघामपछि हामी त्यहाँबाट फिर्ती यात्रातर्फ लाग्यौं ।

अगाडि बढ्दै जाँदा मन्दिर पछाडि छुटिरहेको थियो । मन्दिर अगाडिको चौरपारि बुढीगंगा र बुढीगंगाले निरन्तर कटान गरिरहेको साँफेको भूमि । बुढीगंगाको किनारमा लोभलाग्दो फाँट । तर, यो फाँट कति दिनसम्म यही रूपमा रहन्छ ? नदीले गरिरहेको कटानलाई ध्यानमा राख्दा यसै भन्न सकिने अवस्था छैन । अघिदेखि यो दृश्य एकतमासले हेरिरहेका मनमोहनजीले बाबालाई गुहार्दै गरेको मैले सुनेँ- हे, वैद्यनाथ ! सबैको भलो गर्‍या...।

म भने अब मनमोहनजीको मुख हेरिरहेको थिएँ । गाडी अगाडि बढिरहेको थियो ।

संकटलाई अवसर बनाउने धर्म



संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको दशक पुग्नै लागेको नेपालमा सुरु भएको राजसंस्था पुनर्स्थापनाको आन्दोलन र गणतन्त्रवादीको प्रतिकारले सिर्जित राजनीतिक अवस्थाले ठुलै संकटको आमन्त्रण गरेको प्रस्ट बुझ्न सकिन्छ । १५ चैतको राजावादीहरूको आन्दोलनले उग्र रूप लिई पत्रकारसहित दुई नेपाली नागरिकको ज्यान लिई नै सक्यो । अर्बौंको सम्पत्ति नष्ट गर्‍यो । संकट प्राकृतिक र मानवनिर्मित दुई प्रकारका हुन्छन् । वर्तमान संकट मानवनिर्मित हो । वेलैमा सम्बोधन गर्न चासो नदिएकाले संग्रहित हुँदै गएका समस्याले संकटको रूप लिएको हो । संकट असामान्य, अनिश्चित र जटिल हुने हुँदा संकट आएपछि सोच्ने समय पनि पाइँदैन, बगाएर विनाशै पारिहाल्छ संकटको भेलले । संकटले कसैलाई चिन्दैन, छुट दिँदैन, चाहे आन्दोलनकारी होस् वा नहोस् । सबैलाई डस्ने संकट समाधान खोज्न सबैले आआफ्नो स्थानबाट चिन्तन मनन गर्नैपर्छ । आउँदै गरेको संकट टार्न मात्र होइन, अवसरमा परिणत गरेर देशलाई शान्त र समृद्ध बनाउन सम्भव छ, सकिन्छ । त्यो अस्त्र हो धर्म । यस लेखमा सच्चा धर्मको पालनाले संकट कसरी अवसरमा बदलिँदो रहेछ भन्ने चर्चा गरिन्छ ।

हिन्दु, बौद्ध, जैन, शिख, मुस्लिम इसाईलगायत सम्प्रदायले धर्मको नाम लिएर जनमानसमा भावनात्मक आवेग र मास हिस्टेरिया उत्पन्न गराई लडाइँ, झगडा र द्वन्द्व बढाएर मानवीय क्षति पुऱ्याइरहेको छ । त्यसको पछिल्लो उदाहरण नेपाल बन्न पुगेको छ । राजसंस्था पुनर्स्थापित गर्न हिन्दु धर्म राज्यबहालीको नारासमेत जोडेर आन्दोलन अराजक बनाइयो । यसले धर्म नै द्वन्द्वको उर्वरभूमि हो कि भन्ने भ्रमलाई बल मिलेको छ । धर्म र सम्प्रदायलाई मिश्रण गरिँदाको दुष्परिणाम हो यो । धर्मले मनमा विकार आउन दिँदैन र चित्तलाई निर्मल राख्छ । धर्म समाजले स्वीकार्दै आएको अघोषित कानुन हो ।

युट्युबमा उपलब्ध आचार्य सत्यनारायण गोयन्काको प्रवचन र उनैद्वारा लिखित धर्म शीर्षकको पुस्तकमा धर्मको इतिहास वर्णन गरिएको छ । २५०० वर्ष अघिको जनभाषामा 'धारे इति धम्मो, अत्तनो स्वभावना धारे इति धम्मो, अत्तनो लख्खना धारे इति धम्मो अर्थात् धारण गर्नु धर्म, स्वभाव धारण गर्नु धर्म र लक्षण धारण गर्नु धर्म हो भनेर धारण गरिने कुरालाई धर्म भनिन्थ्यो । केले के धारण गर्ने ? भन्ने प्रश्नमा चित्तले चित्तवृत्ति धारण गर्ने भनेर उत्तर दिइन्थ्यो । कुशल चित्तवृत्ति धारण गरे कुशल धर्म र अकुशल चित्तवृत्ति धारण गरे अकुशल धर्म जानिन्थ्यो । जुन चित्तवृत्तिले चित्त मैलो बनाउँछ, त्यो पाप, धर्म र जुन चित्तवृत्तिले चित्त निर्मल बनाउँछ, त्यो पुनित धर्ममा गनिन्थ्यो । कालान्तरमा सदगुरुहरूले लाभदायक र हानिकारक चित्तवृत्तिको व्याख्या गर्दै लाभदायक चित्तवृत्ति धारण गर्नु कर्तव्य र हानिकारक चित्तवृत्ति धारण नगर्नु पनि कर्तव्य हुने भन्दै स्वभावलाई हेरेर धर्मलाई कर्तव्यको रूपमा परिभाषित गरियो ।

आजभन्दा २०००/२५०० वर्षअघिको कुनै पनि साहित्यमा हिन्दु, बौद्ध, जैन धर्मको उल्लेखसम्म पाईदैन । अहिले यिनैलाई धर्म भनिएको छ । त्यसमाथि पुरानो धर्म भनेर जनाउन सनातन शब्दको अर्थसमेत परिवर्तन गर्दै भ्रमित गरिएको छ । २०००/२५०० वर्षअघि सदा एक जस्तै रहने शाश्वत अर्थ जनाउँथ्यो सनातन शब्दले ।

धर्मसँगै भगवान् शब्द जोडिएर आउने हुँदा भगवान् शब्दको अर्थ बुझे धर्मको बुझाइमा प्रस्टता आउँछ । २५०० वर्षअघि 'भग्ग रागो इति भगवान्, भग्ग द्वेषो इति भगवान्, भग्ग मोहो इति भगवान्' अर्थात् राग द्वेष र मोहरहित मानिस भगवान् हो भनिन्थ्यो । आजको समाजले मानिस र भगवान् अलग हुन् भन्ने अन्धविश्वास र मान्यता अघि सार्दै भ्रम खडा गरेर स्वयं भगवान् बन्न सक्ने मानिस मन्दिर र मूर्तिमा भगवान् खोज्दै भौंतारिने बनाएको छ ।

धर्म र सम्प्रदायबिचको फरकले धर्मको अर्थ, महत्त्व र गहिराइ थाहा पाउन मद्दत मिल्छ । उत्पत्तिको हिसाबले धर्म सृष्टिको प्रारम्भदेखि आज र भोलिका अनन्त वर्षसम्म रहने सर्वकालिक छ भने सम्प्रदाय प्रारम्भमा थिएनन् । आज छन्, भोलि नरहन सक्ने हुँदा

धर्म र राजनीति



● रामचन्द्र शर्मा

आजको समाजले मानिस र भगवान् अलग हुन् भन्ने अन्धविश्वास र मान्यता अघि सार्दै भ्रम खडा गरेर स्वयं भगवान् बन्न सक्ने मानिस मन्दिर र मूर्तिमा भगवान् खोज्दै भौंतारिने गरेको छ

अल्पकालीन हुन्छन् । सम्प्रदायको आधार दार्शनिक मान्यता, कर्मकाण्ड, रीतिरिवाज, वेशभूषा, व्रत उपवास, पर्व उत्सव, तिज तिहार हुन् भने चित्तको निर्मलता धर्मको आधार हो । सबै देशमा रहने मनिसले चित्त निर्मल बनाएर धार्मिक बन्दै सुखशान्तिको जीवन जिउन सक्ने हुँदा धर्म सार्वजनिक सार्वदेशिक सार्वभौमिक हुन्छ, तर सम्प्रदाय सबै देशमा सबै ठाउँमा हुँदैनन् । कुनै देशको कुनै भागमा हुने हुँदा अल्पजनिन, अल्पदेशिक हुन्छ । धर्म सृष्टिदेखि भविष्यसम्म जस्ताको तस्तै एकनासको अर्थात् सनातन छ । उदाहरणका लागि अग्निको आफू जल्ने र अरूलाई जलाउने स्वभाव हिजो, आज र भोलि उस्तै छ, रहनेछ । सम्प्रदाय अनेकथरीका छन्, शाश्वत हुँदैनन् । धर्म र सम्प्रदायबिच फरक के हो भने धर्मको सम्प्रदायसँग कुनै साइनो र लेनदेन छैन । तर, सम्प्रदायले धर्मको आवरण लिने गर्छ । सम्प्रदायले अन्धमान्यताको आडमा मानिसमा भावाशेष उत्पन्न गराई भिड जम्मा गर्ने र मास हिस्टेरिया सिर्जना गरी ठुल्ठुला विनाशकारी दुर्घटनासमेत गराएका दृष्टान्त भेटिन्छन् ।

धर्मका लागि कुनै सम्प्रदाय जरुरी छैन । धर्मको अगाडि कुनै सम्प्रदायको लेप आवश्यक पर्दैन । सम्प्रदायका लागि धर्म आवश्यक मात्र होइन, अनिवार्य छ । धर्मले शील पालना गर्न निर्देशित गर्छ । शील सदाचार हो । कुनै प्राणीको हिंसा नगर्नु, चोरी नगर्नु, झुटो नबोल्नु, व्यभिचार नगर्नु र नशालु पदार्थको सेवन नगर्नु शील हो । धर्मले शरीर र चित्तको परस्पर सम्बन्ध र प्रपञ्चबाट राग, द्वेष र मोहजस्ता चित्तवृत्ति उत्पन्न हुन नपाऊन् भनी सजगतापूर्वक निरन्तर निरीक्षण गराई वर्तमानमा बाँच्न सिकाउँछ ।

धर्ममा हुने समताको गुणले सुखद र दुःखद स्थितिप्रति अविचलित रहन संवेदनशील र सजग बनाउँछ । सुखमा प्रफुल्लित र दुःखमा मुर्झाउने विषमता आउन रोक्छ । मनलाई समतामा राख्छ । मनको समतालेशारीरिक समता कायम गरेर जीवन नै स्वस्थ हुन्छ । समतामय जीवन व्यतीत गर्ने व्यक्तिको अहंभाव नाश हुन्छ । अहंतारहित व्यक्तिले 'म' र 'तँ' का पक्षपाती दृष्टिकोण हटाएर सबैको भलाइको कामना गर्छ ।

यो दुनियाँ संकल्पवानको हो, संकल्पहीन रहनु भूमिको भार बढाउनु मात्र हो भनिन्छ, मानिन्छ । किनकि संकल्प भनेको बल हो । आफूले धारण गरेको श्रेष्ठ संकल्प जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि कार्यान्वयनमा क्रियाशील रहिरहे संकल्पवान् भइन्छ । संकल्पको दृढतामा उन्नति र अवनति निर्भर रहन्छ ।

■ संकल्पविनाको राजनीति

दृढता र जिद्दीमा फरक छ । पूर्वाग्रह, स्वार्थ र अहंकारले जिद्दी बनाउँछ । परिणामलाई नजरअन्दाज गर्दै अर्तीबुद्धि दिनेप्रति क्रोधित हुँदै आफ्नै मनोमानी पूरा गर्न तल्लीन हुन्छ । दृढता पवित्र भावानाको सहारामा कसैप्रति नकारात्मक भाव नराखी विरोधीलाई समेत मनाएर साथ लिँदै लक्ष्य हासिल गराउँछ । गणतान्त्रिक नेपाललाई समृद्ध बनाउन नेताहरू संकल्पवान् हुनुपर्नेमा मनोमानी पूरा गर्ने जिद्दी भइदिँदा संकटैसंकटले देश घेरियो ।

भाव र भावना अभिव्यक्त गर्ने माध्यम भाषा भएको हुँदा भाषाको स्थान उच्च र महत्त्वपूर्ण छ, राखिनुपर्छ । भाषाको गरिमा बुझेर उच्च रीति अपनाई प्रयोग गरेमा व्यक्तिको मानसिक स्थिति र व्यवहारले उचाइ पाउँछ । व्यक्ति कति संस्कारी, अनुशासित र चारित्रिक छ भन्ने उसले प्रयोग गर्ने भाषाशैली र शब्दबाट थाहा हुन्छ । संस्कार र संस्कृतिले भाषाशैली निर्माण, विकास र निखारता ल्याउँछ । संस्कार सुरु हुँदै संस्कृति बन्न सदियौं वर्ष लाग्छ । यिनै संस्कार, संस्कृति र भाषाशैलीबाट नै व्यक्ति, समाज र राष्ट्रको पहिचान बन्छ । भाषाशैलीबाटै बज्छ, प्रेमको वीणा र सुखको गीत । रागद्वेष घटाउने, बढाउने र रहित बनाउने कारक भाषाशैली नै हो । धर्म धारण गरेर चित्त निर्मल पारेपछि वाणीमा संयमता आई दिव्य, सभ्य भाषाशैली प्रयोग हुन्छ । दिव्य भाषाशैलीले सत्ययुग निर्माण हुन्छ । हिन्दु दर्शनले चार युग सत्य, त्रेता, द्वापर कली र चार जात ब्रह्मण, क्षेत्री, वैश्य र शुद्रको परिकल्पना गरेको छ । हिन्दु सम्प्रदायले त्यसमा विश्वास गरेकाले मान्यता स्थापित भएको हो । चार युग र जात देखेजानेको सत्य कुरा होइन । सत्य कुरा एउटै दिनको चार प्रहर र एकै व्यक्तिको शिर, पाखुरा, पेट र खुट्टा हुन् । सबैले धर्म धारण गरेर चित्त निर्मल पारे वर्तमान समय नै सत्य युग बन्छ ।

अन्त्यमा, जुनसुकै सम्प्रदायमा रहे पनि सबै राजनीतिक दल, नेता, कार्यकर्ता र सर्वसाधारणसमेतले सच्चा धर्म धारण गरी चित्त निर्मल पारेर संवाद, सहमति र सहकार्यबाट स्वच्छ राजनीति स्थापित गर्दै समृद्धिको ढोका उघारौं ।

बालबालिकालाई साइक्लिङ किन गराउने ?



साइक्लिङ गर्दा निकै सचेत हुनुपर्छ । अन्य सवारीसाधन वा मानिस आए-गएको नियाल्नुपर्छ । खाल्डाखुल्डी हेरेर चलाउनुपर्छ । त्यसैले बच्चैदेखि साइक्लिङको अभ्यास गर्नु भनेको सचेत हुने कला सिकाउनु पनि हो । यो अभ्यासले भविष्यमा बालबालिका हरेक कुरामा सचेत हुन्छन् । स्वस्थ बन्न सिक्छन् । आत्मनिर्णय लिन सक्छन् । बालबालिकालाई अभिभावकको निगरानीमा समूहमा राखेर साइक्लिङ सिकाउने गर्नुपर्छ । यसो गर्दा उनीहरूलाई अन्य मानिससँग घुलमिल हुने बानी पर्छ । साथी सर्कल बन्छ । बच्चाको दिनभरको आलस्य हट्छ । स्मरणशक्ति पनि बढाउँछ । मांसपेशीलाई बलियो बनाउँछ । बालबालिका मात्रै नभई वयस्क र वृद्धवृद्धाले पनि साइक्लिङ गर्न सक्छन् । साइक्लिङले शरीरलाई फ्रेस राख्छ ।

साइक्लिङका फाइदा


● **रक्तचाप नियन्त्रण** : साइक्लिङले रगतमा अक्सिजनको मात्रा बढाउने भएकाले रक्तसञ्चारमा सुधार आउँछ । रोगप्रतिरोधी क्षमता वृद्धि हुन्छ ।

मांसपेशी मजबुत : साइक्लिङले जोर्नीमा लचकता ल्याउँछ । नियमित साइक्लिङ गर्दा मांसपेशी बलियो बनाउन सहयोग पुग्छ । शरीरको पछाडिपट्टिका हड्डी सक्रिय रहने भएकाले ढाड र गर्दनको दुखाइबाट समेत राहत मिल्छ ।

● **मोटोपन घट्छ** : दैनिक करिब २० मिनेट साइक्लिङ गर्दा शरीरमा हजार क्यालोरी खपत हुन्छ । त्यसैले साइक्लिङ गर्नेले बढी क्यालोरीयुक्त खाना खाँदा पनि खासै फरक पर्दैन । मोटोपन भएका व्यक्तिले साइक्लिङ गरेमा अन्य व्यायाम गर्नुपर्दैन । तौल आफैं नियन्त्रण भएर जान्छ ।

● **स्मरणशक्ति बढाउँछ** : साइक्लिङ गर्ने व्यक्तिमा दिमागी शक्ति (ब्रेन पावर) बढ्ने विभिन्न अध्ययनले देखाएका छन् । साइकल चलाउँदा ब्रेन सेल निर्माण हुने भएकाले मस्तिष्क विकासका लागि समेत यो निकै उपयोगी छ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



कथा आफैं बोल्छ

भारत त्यो वेला पनि धर्मनिरपेक्ष मुलुक भएकाले अदालतमा जातभातका मुद्दा चल्दैनथ्यो । नेपाली भने विदेशी जुनसुकै मुलुकमा पुगे पनि नेपालमै ल्याएर धर्माधिकारी अर्थात् राजगुरुद्वारा पतिया गरिने प्रचलन थियो । नेपालमा हुकुम प्रमांगी (हुप्र)बाट अछुतलाई छुत बनाइएको इतिहास छ ।

समाज



● मेखराज उदय

नेपाल दक्षिण एसियाकै पहिलो स्वतन्त्र र सार्वभौम मुलुक हो । प्राचीन नेपालको वर्णन धेरै पुस्तकमा पढ्न पाइन्छ । विभिन्न जाति-समुदायले राज्यसत्ता र शक्तिका निम्ति रक्तपातपूर्ण उपद्रो मच्चाएर शासन हातमा लिएका ऐतिहासिक कथा (दस्ताबेज ?) लिखित छन् । विशेषगरी गोरखाली राजा पृथ्वीनारायण शाह र उनका सन्तानद्वारा विस्तारित हालको नेपाल के हो, के होइन भन्नेबारे बुझ्नुपर्ने हुन्छ । नेपालमा करिब २४० वर्ष शाह राजाहरूको शासन चल्यो । सुरुवातीकालदेखि नै खस राजा (यद्यपि यो विषय विवादित छ ।) का खस भारदार नै मुख्य सत्ता साझेदार थिए । उता हिन्दु सम्राट् नाम दिइएको शाही राजतन्त्रको मुख्य सञ्चालक, निर्देशक र सर्वाधिकार भने बाहुनवाद, ब्राह्मण धर्ममा निहित थियो ।

प्रधानमन्त्री चन्द्रशमशेर राणा कुनै वेला भारतको कलकत्ता पुगेका थिए । त्यस अवसरमा प्रधानमन्त्री राणा समक्ष सिक्किम गान्तोक निवासी मानवीरसिंह रसाइली नेतृत्वको टोलीले एउटा स्वर्णपत्रमा लिखित बिन्तीपत्र पेस गरे । इतिहास शिरोमणि बाबुराम आचार्यका बमोजिम उक्त बिन्तीपत्रमा लेखिएको थियो, 'हामी विश्वकर्माका सन्तान हौं र अज्ञानवश अछुत भएका हौं । हाम्रो पानी चल्नुपर्छ । यति मात्रै होइन, हामीले अज्ञानतावश त्यागेको यज्ञोपवित (जनै) धारण गर्न पाउनुपर्छ । विश्वकर्माका सन्तान भएकाले हाम्रो स्थान अन्य क्षत्रीसरह हुनुपर्छ ।' नेपालमा मगर, गुरुङ, नेवारलगायत जनजाति वा अन्य जाति ब्राह्मणलाई गाई, जमिन वा धनदौलत दान गरी ठकुरी, क्षेत्री आदि सरह जातोन्नति गराइएका प्रशस्तै उदाहरण छन् ।

यस प्रसंगमा एउटा घटना जोडिन्छ । भारतमा 'जांगिलोत्पत्ति' नामक पुस्तक प्रकाशित भयो । त्यो विश्वकर्माका सन्तानबारे महत्त्वपूर्ण जानकारी समेटिएको ग्रन्थ हो । त्यसैले भारत प्रवासमा बसोवास गर्ने रसाइली, खाती आदि तत्कालीन समाजमा अछुत मानिने थरका व्यक्तिले आफूहरू विश्वकर्माका सन्तति रहेको विश्वास गर्दै प्रधानमन्त्री राणासमक्ष बिन्तीपत्र पेस गरेका थिए ।

प्रधानमन्त्री चन्द्रशमशेरले जवाफमा भने, 'म अहिले विदेशमा छु । अर्काको देशमा मैले जातभातको कुरा गर्नु ठिक हुँदैन । त्यसकारण नेपालमा आए जो गर्नुपर्ने कुरा गरौंला ।' (हाम्रो समाज : एक अध्ययन, लेखक : जनकलाल शर्मा ।)



राजा सुरेन्द्रविक्रम शाहबाट जंगबहादुर कुँवरलाई श्री ३ महाराज घोषणा गर्ने कार्यमा ब्राह्मण, पुरोहितहरूले अस्वीकार गरे । पछि दक्षिण भारतका राणाजीहरूसँग कुनै नाता सम्बन्धै नरहेका कुँवरहरूलाई काल्पनिक नाता बनाई राणाजी घोषित गरेर मात्रै जंगबहादुर राणा श्री ३ महाराज घोषित गरिएको इतिहास छ ।

भारत त्यो वेला पनि धर्मनिरपेक्ष मुलुक भएकाले अदालतमा जातभातका मुद्दा चल्दैनथ्यो । नेपाली भने विदेशी जुनसुकै मुलुकमा पुगे पनि नेपालमै ल्याएर धर्माधिकारी अर्थात् राजगुरुद्वारा पतिया गरिने प्रचलन थियो । नेपालमा हुकुम प्रमांगी (हुप्र)बाट अछुतलाई छुत बनाइएको इतिहास छ । इतिहासकार डोरबहादुर विष्टको चर्चित पुस्तक 'भाग्यवाद र विकास'मा राणाहरूको हुप्रद्वारा काठमाडौं उपत्यकाका अछुत मानिने ज्यापु जातिको पानी चलाएको अर्थात् छुत बनाइएको प्रसंग उल्लिखित छ । साथै विश्वभक्त दुलाल आहुति लेखक तथा राजेन्द्र महर्जन सम्पादक रहेको पुस्तक 'नेपालमा वर्णव्यवस्था र वर्ग-संघर्ष'अनुसार नेवार समुदायभित्रको महर्जन र तराईका तेली साहलाई राणाहरूले हुप्रद्वारा नै पानी चल्ने जात (छुत) बनाएको उल्लेख छ ।

अब सिक्किम गान्तोकतर्फ नै फर्कौं, त्यस समयको कट्टर सामाजिक व्यवस्था भएको नेपालमा एउटा अछुत जातले पानी चलाइमाग्नु, त्यसैमाथि यज्ञोपवितसमेत माग्नु जघन्य अपराध मानिन सक्थ्यो । त्यसैले चन्द्रशमशेरले नेपाल आउन भने पनि उनीहरू नेपाल आउने हिम्मत गर्न सकेनन् । त्यसैबिच भारतमा सन् १८७४ मा स्वामी दयानन्द सरस्वतीले ब्राह्मणहरूको पहिलो संगठन 'आर्य समाज' नामक संस्था गठन गरे । सरस्वतीद्वारा लिखित एक महत्त्वपूर्ण ग्रन्थ 'सत्यार्थ प्रकाश' सोही साल प्रकाशित भयो । उनले कर्म सिद्धान्त, पुनर्जन्म, ब्रह्मचर्य तथा सन्न्यासलाई आफ्नो दर्शनको चार स्तम्भ बनाएका थिए । सरस्वतीले हिन्दु शब्दको घोर विरोध गरेका थिए र सन् १८७६ मा 'स्वराज्य'को नारा दिएका थिए । उक्त स्वराज्य, जसलाई बाल गंगाधर तिलक हुँदै अन्त्यमा गान्धीले अघि बढाए ।

सत्यार्थ प्रकाशअनुसार अहिन्दुहरूसमेत संस्कारद्वारा ब्राह्मण, क्षेत्री बन्न सक्थे । त्यस समय केही युरोपियन परिवारका सदस्य पनि संस्कारद्वारा ब्राह्मण बनेका उदाहरण छन् र पछि तिनैले आफ्नो थर शर्मा लेख्न थाले । सोही अवसरमा नेपालमा निराश भएका रसाइली, खाती आदि विश्वकर्मा उपाधिधारी जातिहरू आर्य समाजको सहयोगमा सिक्किम, दार्जीलिङ, भुटान र आसाम आदि स्थानबाट एकै ठाउँमा जम्मा भई संयुक्त रूपमा यज्ञोपवित (जनै) धारण गरे । उनीहरूको धर्म, जात परिवर्तनको अभियानमा काशीहिन्दु विश्वविद्यालयका संस्थापक मदनमोहन मालवीयको विशेष सहयोग एवं साथ थियो ।

यसरी अछुतलाई छुत बनाउने, जातको स्तरोन्नति गर्नेसम्मको सामर्थ्य राख्ने राणाशासक खासमा को थिए र उनीहरू राणा बन्नुपूर्वको सामाजिक हैसियत के थियो ? यो जान्नु यहाँ प्रासंगिक तथा मनासिब देखिन्छ ।

१९१३ सालमा श्री ३ महाराज राणाजी बन्नुपूर्व जंगबहादुर गोरखाका कुँवर थिए । उनको पिताको नाम थियो, वीरनरसिंह कुँवर । अब कुँवर को हुन् र कसरी राणाजी बने भन्ने सवालको जवाफ खोजौं ।

नेपालमा दासप्रथाको अन्त्य भएको भर्खरै एक शताब्दी पूरा भएको छ । १४ माघ १९८१ मा दासप्रथा अन्त्य घोषणा गरिएको थियो । त्यस समयपूर्व प्रत्येक हुनेखाने परिवारसँग अनेक दासदासी अर्थात् कमाराकमारी हुन्थे । त्यस्ता दासदासीको सामाजिक मर्यादा पशुभन्दा पनि तल्लो दर्जामा हुन्थ्यो र उनीहरूको खरिद-बिक्री पनि गरिन्थ्यो । त्यस्ता दासदासीले नाथ सम्प्रदायमा दीक्षित भएर त्यो मत वा सम्प्रदाय अपनाउनासाथ उनीहरूको सामाजिक मर्यादा बढेर जान्थ्यो । त्यसैकारण पनि अनेक दासदासी नाथ सम्प्रदायमा दीक्षित हुन्थे । नाथयोगीहरू आफूलाई मूलतः सिद्ध गोरखनाथका अनुयायी मान्छन् । नाथ सम्प्रदायमा शैव र बज्रयानी प्रभाव प्रशस्त पाइन्छ । त्यसकारण यिनीहरू पञ्चमकारमा विश्वास राख्थे । पञ्चमकारमा मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन पर्छन् ।

सिद्धिका नाममा राखिने मुद्रा वा साध्याको संख्या पनि प्रशस्त भयो । ती मूलतः साधनाका मुद्रा वा साध्या भए पनि योगाभ्यासको शिथिलताले गर्दा रखौटीमा परिणत भए । रखौटी भएपछि सन्तानलाभ हुनु स्वाभाविकै भयो । यिनको संख्या पनि क्रमशः अत्यधिक बढेर आयो । शाह राजाहरूका अनेक पत्रमा नाथ सम्प्रदायका जोगीले मुद्रा वा साध्याका नाममा रखौटी राखेर मुद्रा परेको पढ्न पाउँछौं । त्यसरी जन्मेका जातकको एउटा सामाजिक व्यवस्था हुनु आवश्यक थियो र भयो पनि । नाथ सम्प्रदायका कनफट्टा जोगीका यस्ता सन्ततिलाई कँवर वा कुँवर भनियो । यस्ता कँवर वा कुँवर शब्दको तात्पर्य हो, कर्म नचलेका । (उही : जनकलाल शर्मा)

नाथ सम्प्रदायका अनुसार कर्म चलाउनुको अर्थ हो, छुराले कान चिराउनु । यो कान चिराउने कार्य अत्यन्त बीभत्स र डरलाग्दो हुन्छ । त्यसको घाउ पाकेर कसैको मृत्युसमेत हुन सक्छ । त्यसैले सबै व्यक्तिले यस्तो कार्यमा भाग नलिनु स्वाभाविक हुन आउँछ । नाथ जोगीका यस्ता कान नचिराउने सन्ततिको सामाजिक मर्यादा दासदासीको भन्दा धेरै माथि हुन्थ्यो । यस्तो कान नचिराउनेको संख्या निकै भयो र ती कुँवर भए । नाथ जोगी यस्ता सन्तानलाई भिक्षा माग्न निषेध गरियो र राति मात्रै भिक्षा माग्न सक्ने नियम बनाइयो । त्यसैकारण यस्ता कर्म नचलेका कुँवर जोगीहरू गाउँ, बस्तीमा गएर रातभरि बराँत अर्थात् कालो मृगको सिङ बजाएर फेरी लगाउँछन् र दिउँसो सीधा उठाउने गर्छन् । नेपालमा अझैसम्म पनि कुँवर जोगीले यस्तो कार्य गर्ने परम्परा यथावत् छ ।

राजा सुरेन्द्रविक्रम शाहबाट जंगबहादुर कुँवरलाई श्री ३ महाराज घोषणा गर्ने कार्यमा ब्राह्मण, पुरोहितहरूले त्यसैकारण अस्वीकार गरे । पछि दक्षिण भारतका राणाजीहरूसँग कुनै नाता सम्बन्धै नरहेका कुँवरहरूलाई काल्पनिक नाता बनाई राणाजी घोषित गरेर मात्रै जंगबहादुर राणा श्री ३ महाराज घोषित गरिएको इतिहास छ । राणाहरू कुँवर रहेको अर्को पनि प्रमाण छ । राणाहरूको कुलदेउताको पूजा हुने अवसर अर्थात् देवालीमा गोरखाका कुँवरहरूले पनि सम्मिलित हुनु अनिवार्य मानिन्छ । राणाको वंशज नभए यिनीहरू देवालीमा सम्मिलित हुने कुरै आउँदैन । त्यसैले राणाजीहरू ब्राह्मण, पुरोहितको निगाहामा कुँवरबाट जात र मर्यादा बढाइएका हुन् ।


गोरखाली राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको अभियान सुरुवाती चरणमा कुलानन्द उपाध्याय ढकाल ज्योतिषी थिए । उनै कुलानन्दको साइतमा आक्रमण गर्न जाँदा पृथ्वीनारायणले भनेजस्तो नभएपछि सिन्धुपाल्चोक जिल्ला जरायोटारका एक ज्योतिषीलाई दरबार पुऱ्याइयो । उनको नाम भवानीशंकर उपाध्याय हो । संयोग कस्तो भयो भने उनको साइतमा पृथ्वीनारायणले गरेको आक्रमणमा जित हुन थाल्यो ।

यस्तै घटना वैदिक कालमा पनि भएको थियो । क्षत्रीय राजा सुदासका पुरोहित थिए, वशिष्ठ । वशिष्ठको जन्म मित्रावरूण देवता (आर्य) र उर्वशी नामकी अप्सराको संयोगबाट भएको थियो । वशिष्ठको प्रतिभासामु सुदासको त्यसै धमिलिएर जाने भएका कारण उनले वशिष्ठको ठाउँमा विश्वामित्रलाई आफ्नो पुरोहित बनाए । ज्ञातव्य छ, विश्वामित्र ज्ञान प्राप्तिका कारण क्षत्रीयबाट ब्राह्मण बनेका थिए । यहाँ स्मरणीय कुरा के छ भने राजा क्षत्रीय सुदास भए पनि ब्राह्मण पुरोहितको सल्लाहमा राज्य चलाइन्थ्यो । पछि दुवै ब्राह्मण पुरोहित वशिष्ठ र विश्वामित्र गोत्र प्रवर्तक ऋषिका रूपमा प्रसिद्ध भए । त्यसैले वैदिक धर्म, यसका शासनसत्ताको सर्वाधिकार ब्राह्मण, पुरोहितको नियन्त्रणमा चल्दै आएको छ ।

विदेश



● श्रीराधा दत्त



भारत-बंगलादेश सम्बन्धमा देखिएको विश्वासको खडेरी

भारतीय प्रधानमन्त्री मोदीसँग छलफलका लागि युनुसले गरेको अनुरोधलाई यसअघि भारतले अस्वीकार गर्दै आएको थियो, यसकारण बैंककमा सम्पन्न पछिल्लो बैठकले केही प्रश्न र चासो उब्जाएको हो

समग्रमा, मोदी-युनुस भेटलाई राम्रो संकेतको रूपमा हेर्नुपर्छ र त्योभन्दा बढी अरू केही हेरिनुहुन्न । द्विपक्षीय सीधा कुराकानी एक उपयोगी अभ्यास थियो, किनकि भारतको मुख्य उद्देश्य बंगलादेशलाई समावेशी बहुदलीय चुनावतर्फ अगाडि बढाउनु र स्थिर लोकतान्त्रिक सरकार स्थापना गर्नु हो ।

बिमस्टेक शिखर सम्मेलनको छेउमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र बंगलादेशी अन्तरिम मन्त्रिपरिषद् प्रमुख मोहम्मद युनुसबिच आयोजित छोटो द्विपक्षीय बैठकले धेरैको ध्यानाकर्षण गऱ्यो । यो बैठक केवल यस क्षेत्रका दुई नेताका लागि बाँकी रहेका मुद्दामा छलफलको एउटा महत्त्वपूर्ण अवसर मात्र थिएन, बरु दुई छिमेकीका लागि शान्तपूर्ण क्षणसमेत थियो, तथापि दुई देशबिचको सम्बन्धको स्थितिमा पछिल्लो समय केही जटिलता देखिएको छ । स्पष्ट रूपमा सेख हसिना गत वर्षको अगस्ट ५ मा ढाकाबाट भागेर भारतमा शरण लिएपछि विगत आठ महिनामा दुई देशबिच धेरै पानी बगेको छ । पक्कै पनि, विगत केही महिनामा दुई देशका शीर्ष अधिकारीबिच अन्य आधिकारिक द्विपक्षीय बैठक पनि सम्पन्न भएका छन् । तर, प्रधानमन्त्री मोदीसँग छलफलका लागि युनुसले गरेको अनुरोधलाई यसअघि भारतले अस्वीकार गरेका कारण बैंककमा सम्पन्न पछिल्लो बैठकले केही प्रश्न र चासो उब्जाएको छ ।

के यो भेटघाट एक प्रकारको मेलमिलाप थियो ? वा दुई देशबिचको सम्बन्ध सामान्य छ है भन्ने दाबीलाई निरन्तरता दिने प्रयास थियो ? वा दुई नेताबिच केबल फोटो सेसन गर्ने अवसर मात्र थियो ? विशेषगरी, युनुसले गत साता व्यक्त गरेको बयानबाजीबाट उत्पन्न अर्को विवादको पृष्ठभूमिमा छलफलमा बस्न भारतको 'मुड'मा आएको परिवर्तन बुझिनसक्नु छ । विमस्टेक सम्मेलनअघि चीनमा एक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा युनुसले भारतको उत्तरपूर्वी भाग 'भूपरिवेष्टित' भएकाले बंगलादेश यस क्षेत्रको समुद्री पहुँचका लागि प्राथमिक प्रवेशद्वार रहेको उल्लेख गर्दै त्यहाँ 'चिनियाँ अर्थतन्त्रको विस्तार' हुन सक्ने धारणा व्यक्त गरेका थिए । यो तथ्यगत हिसाबले गलत मात्र थिएन, बरु भारतको सिलिगुडी करिडोरनजिकै लालमोनिरहाट जिल्लामा हवाई आधार निर्माण गर्न चीनलाई गरिएको बंगलादेशी निमन्त्रणाको एक विवादास्पद इसारा थियो ।

बंगलादेशको यो सुझावले अमेरिकालाई समेत अचम्मित पारेको छ, किनकि यसले बंगलादेशलाई प्रभावकारी रूपमा इन्डो-प्यासिफिक रणनीतिक क्षेत्रमा जबर्जस्त तानेको छ । जे भए पनि बंगलादेशमा हसिना युगपछिको समयमा भारतको सीमित संलग्नता र अमेरिकाको परिवर्तनशील प्राथमिकताले वास्तवमा ढाकामा चिनियाँ संलग्नताको जोखिम निम्त्याएको छ ।

■ के भारतले काम गर्न ढिलाइ गरेको हो ?

गत वर्ष अगस्ट ८ मा युनुसले अन्तरिम प्रमुखको रूपमा पदभार ग्रहण गरेदेखि भारतलाई बंगलादेशमा बदलिएको राजनीतिक परिदृश्यको सामना गर्न हम्मेहम्मे परेको छ । छिमेकमा आफ्नो सबैभन्दा 'विश्वासिलो' साझेदार गुमाउनुको आघातले धेरै गम्भीर परिणाम निम्त्यायो, जुन पछिल्ला केही महिनामा खुलासा भएको छ । यद्यपि, हसिनाले विद्यार्थीसँगको आफ्नो लडाइँमा लोकप्रिय जनादेश गुमाइरहेको नयाँदिल्लीले बुझेको भए पनि उसले ढाकामा देखिएको कुनै पनि परिवर्तनलाई प्रभाव पार्न सकेन ।

विगत केही वर्षदेखि, विशेषगरी जनवरी २०२४ को धाँधलीपूर्ण र एकपक्षीय आमचुनावपछि हसिनाले आफ्नो प्रशासनिक पकड बढाउँदै जाँदा उनको सरकार देशको वास्तविक अवस्थाप्रति सचेत नरहेकोबारे प्रशस्त संकेत देखिएका थिए । तर, भारतले अझै पनि आशा राखेको थियो कि उनी अन्तिम बाधा अड्चन पार गर्न सक्षम हुनेछिन् । अन्ततः हसिनाले देशै छाड्नुपऱ्यो । जे भए पनि हसिनाविनाको ढाकाले भारतका लागि एउटा ठुलो रिक्तता छोड्यो । यसले नयाँ व्यवस्थासँग कुनै सम्बन्ध निर्माण गर्न असफल भयो । ढाकाको सडकमा भिडको शासन र घरेलु अस्थिरताले धेरै भारतीयलाई ढाकाप्रति नकारात्मक धारणा बनाउन प्रेरित गऱ्यो ।

कानुनी राज्यको पतन र अझ महत्त्वपूर्ण कुरा हिन्दु अल्पसंख्यकमाथि भएको हिंसाले अवस्थालाई अनिश्चितको भुमरीमा जाक्यो । देशमा शासन गर्न युनुसको असमर्थताका कारण नयाँ व्यवस्थाको मूल्यांकन गर्न भारतलाई एक सीधा दृष्टिकोण प्रदान गऱ्यो । त्यसमाथि बंगलादेशमा अबामी लिगविरुद्धको आक्रोशसँगै देशभर धार्मिक तत्त्वहरूको बढ्दो उपस्थिति र 'इस्लामी कब्जा'को नाराले भारतीय बहसलाई घनीभूत बनायो ।

■ भारतविरोधी उन्माद

दुई देशबिचको सम्बन्धको जग बलियो भए पनि वर्षौंदेखि धेरै उत्तेजक तत्त्वले भारत-बंगलादेश सम्बन्धलाई तनाव दिइरहेका छन् । यसमा टिस्टा नदीको पानी बाँडफाँड सम्झौता, दुवै पक्षका नागरिकविरुद्ध सीमामा हुने गरेका कारबाही र सबैभन्दा महत्त्वपूर्ण विषय त दुई राष्ट्रबिचको अधिकांश द्विपक्षीय सम्झौताले भारतलाई बढी फाइदा पुऱ्याउने बंगलादेशीको बढ्दो धारणालगायत समावेश छन् । हसिनाको राजनीति गर्ने शैलीमा समेत उक्त धारणाले गहिरो जरा गाडेको थियो, जहाँ विपक्षीको अनुपस्थितिमा संसद्बाट कुनै पनि सार्वजनिक बहसविना महत्त्वपूर्ण नीति निर्णय गरिन्थ्यो ।

यी सबै कार्यले बंगलादेशमा भारतविरोधी उन्मादलाई थप बढावा दियो र युवा समूहले यीमध्ये केही निर्णयको समीक्षा गर्न हसिना सरकारलाई सुझाव दिए, जसका कारण विश्वासको संकट झन् बढ्यो । हसिना सरकार देशका युवाबाट बढ्दो रूपमा अलग्गिएको थियो । आफूमाथि गरिएका आलोचनालाई सम्बोधन गर्न हसिना असफल भइन् (यद्यपि अहिले पनि बंगलादेशको राजनीतिमा यस्तै असहिष्णु व्यवहार देख्न पाइन्छ) । पाकिस्तान र चीनलाई ढाकाको कूटनीतिक प्रस्तावले पनि शंका निम्त्यायो ।

■ ढाकाको सशक्त पहुँच

हालैको मोदी-युनुस बैठकलाई भारतका केही समूहले युनुस सरकारको राजनीतिक शैलीको स्वीकृतिको रूपमा हेरे पनि यो बैठकले द्विपक्षीय सम्बन्धको वर्तमान अवस्थाको दिशा परिवर्तन गर्ने सम्भावना कम छ । बरु यसले फरक उद्देश्य पूरा गर्छः लक्ष्य युनुस सरकारलाई अँगाल्नु होइन, बरु सम्भवतः बंगलादेशलाई शत्रु शक्तिहरूद्वारा शोषण हुने छिमेकीमा परिणत नहुनेसुनिश्चित गर्नु हो । यस्तो मुद्दामा संलग्न जटिल कानुनी प्रावधान मनन गर्दै भारतबाट सेख हसिनाको फिर्तीको मुद्दा एक जटिल बिन्दुमा रहनेछ । भारत र बंगलादेश दुवैले आफ्नो फरक अडान पार गर्न दुवै पक्ष सहमत हुने एउटा सम्झौता खोज्नुपर्नेछ ।

समग्रमा, मोदी-युनुस भेटलाई राम्रो संकेतको रूपमा हेर्नुपर्छ र त्योभन्दा बढी अरू केही हेरिनुहुन्न । द्विपक्षीय सीधा कुराकानी एक उपयोगी अभ्यास थियो, किनकि भारतको मुख्य उद्देश्य बंगलादेशलाई समावेशी बहुदलीय चुनावतर्फ अगाडि बढाउनु र स्थिर लोकतान्त्रिक सरकार स्थापना गर्नु हो । स्वतन्त्र र निष्पक्ष चुनाव हुनुअघि विभिन्न आरोपमा हिरासतमा राखिएका निश्चित राजनीतिक समूहका व्यक्तिलाई दण्डित गर्न बन्द गर्नुपर्नेछ, भनेसरोकारवालाले साझा मार्गमा एकताबद्ध हुनुपर्नेछ । स्पष्ट रूपमा, बंगलादेश हसिनाविनाको छ र भारतीय समर्थनले मात्र (निन्दा होइन) आगामी दिनमा स्थिर र फलदायी द्विपक्षीय सम्बन्धलाई आकार दिन सक्छ ।

*(भारतको ओ.पी. जिन्दल ग्लोबल युनिभर्सिटीकी प्राध्यापक दत्तको आलेख एनडिटिभीबाट **सुभाष शर्मा**ले अनुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ३० चैत ०८८१

■ उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले बुझायो ४ सय ४७ पृष्ठको प्रतिवेदन

दर्जनभन्दा बढी ऐन खारेजीदेखि राजनीतिक दललाई सरकारी अनुदान दिनेसम्मका सुझाव

प्रतिवेदनको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धिदर बढाउन सहयोग मिल्ने आयोगको विश्वास

पवन तिमिल्सिना/नयाँ पत्रिका

पूर्वअर्थसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले अर्थतन्त्र सुधारका उपाय सुझाएर प्रतिवेदन दिएको छ। उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमक्ष शुक्रबार बुझाएको प्रतिवेदनमा आर्थिक, प्रशासनिक, राजनीतिक, बैंकिङ, कानुनी सुधारलगायतका विषयलाई समेटिएको छ।

आयोगले दर्जनभन्दा बढी ऐन खारेजीदेखि राजनीतिक दललाई सरकारी अनुदान दिनुपर्नेसम्मका सुझाव दिएको छ। अध्यक्ष खनालले शुक्रबार अर्थमन्त्री पौडेलसमक्ष प्रतिवेदन हस्तान्तरण गर्दै भने, 'अवसर सिर्जना गर्ने, विश्वासमा आधारित प्रणाली निर्माण गर्ने र आर्थिक गतिविधि सञ्चालन गर्न स्वतन्त्रता दिने मान्यतामा आयोगले एक दर्जनभन्दा बढी ऐन खारेज गर्ने, एक दर्जनभन्दा बढी ऐन परिमार्जन गर्ने र केही नयाँ कानुन जारी गर्ने प्रस्ताव गरेको छ। सार्वजनिक निकायहरूको संस्थागत क्षमता र विश्वसनीयतामा सुधार नल्याई क्षेत्रगत आर्थिक नीतिले काम गर्न नसक्ने भएकाले आयोगले यसमा सुधारका लागि सुझाव दिएको छ।'

उनले 'मुलुकको भूराजनीतिक अवस्थितिले सिर्जना गरेका सीमालाई चिर्दै विश्व अर्थतन्त्रबाट लाभ लिन दृढ इच्छाशक्तिसहित नवीन ढंगले काम गर्नुपर्ने' धारणा पनि राखेका थिए। सार्वजनिक वित्तका कतिपय विषयमा सरकारले पछिल्लो समयमा गठन गरेका उच्चस्तरीय सार्वजनिक खर्च पुनरावलोकन आयोग र उच्चस्तरीय कर सुधार समितिले सार्वजनिक खर्च, राजस्व नीति र प्रशासनका विषयमा सुझाव दिइसकेकाले यो क्षेत्रमा अध्ययनलाई सीमित राखिएको उनले बताए।

प्रतिवेदन बुझ्दै अर्थमन्त्री पौडेलले प्रतिवेदन कार्यान्वयन गरेर अर्थतन्त्रका समस्या समाधानका लागि पहल लिने बताए। उनले बजेट निर्माणको पूर्वसन्ध्यामा आएको प्रतिवेदनले सरकारलाई नीति-कार्यक्रम निर्माणमा सघाउ पुग्ने पनि बताए। 'आयोगले साँच्चै नै निकै मिहिनेत गरेर अनेकसम्बद्ध समुदाय र पक्षसँग अन्तर्क्रिया गरेर र व्यक्तिगत सुझाव संकलन गरेर प्रतिवेदन तयार गरेको छ। अर्थतन्त्र समस्या चिन्न र त्यस कोणबाट बजेट निर्माण गर्न सहयोग पुग्ने विश्वास छ,' उनले भने।

आयोगमा निजी क्षेत्र, अर्थविद्, अनुसन्धाता र कर्मचारी सहभागी थिए। खनाल अध्यक्ष रहेको आयोगको सदस्यसचिव अर्थ मन्त्रालयका सहसचिव महेश आचार्य छन् भने निजी क्षेत्रबाट उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल, उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवाल र चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल सदस्य छन्। त्यस्तै, अर्थविद् डा. विश्वास गौचन, त्रिभुवन विश्वविद्यालयका अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. रामप्रसाद ज्ञवाली, नीति अनुसन्धान प्रतिष्ठानकी वरिष्ठ अनुसन्धानकर्ता कल्पना खनाल, राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाश श्रेष्ठ सदस्य थिए।

सरकारलाई खनाल आयोगले दिएका सुझाव



अर्थमन्त्री विष्णुप्रसाद पौडेल र अर्थसचिव घनश्याम उपाध्यायलाई प्रतिवेदन बुझाउँदै आयोग अध्यक्ष रामेश्वर खनाल

- **मुद्रास्फीतिको लक्ष्य ४ देखि ६ प्रतिशत हुनुपर्ने**
- **विदेशी मुद्राको सञ्चिति ५ देखि ७ महिनाको आयात धान्ने रेन्जमा राख्नुपर्ने**
- **पहिलोपटक घर जोड्नेलाई स्थिर ब्याजदरमा कर्जा दिनुपर्ने**
- **भारतीय रुपैयाँसँगको स्थिर विनिमय दरको विकल्पमा छलफल, अनुसन्धान र तयारी गर्नुपर्ने**
- **सचिवलाई दुई वर्ष पूरा नगरी सरुवा नगर्ने, कार्यकालभरि एकपटकभन्दा बढी सरुवा नगर्ने**
- **न्यूनतम पाँच वर्ष नपुगी कुनै पनि कर्मचारीलाई अन्तरमन्त्रालय सरुवा नगर्ने**
- **राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दललाई सरकारी अनुदान दिने**
- **राजनीतिक दलले निश्चित सर्त र सीमाको अधीनमा रहेर बैंकिङ प्रणाली प्रयोग गरी चन्दा लिन पाउने, तर निर्वाचनका वेला उम्मेदवारले कुनै चन्दा लिन नपाउने**
- **पुराना १५ वटा ऐन खारेज गर्नुपर्ने**
- **वृद्धभत्ताको उमेरहद ७० वर्ष कायम गर्नुपर्ने**
- **प्रदेश र स्थानीय तहमा जाने साना तथा मझौला विकासका आयोजना संघीय बजेटमा नराख्ने**
- **संघले ब्याजमा आधारित ऋण लिएर प्रदेश तथा संघलाई अनुदान दिने, तर प्रदेश र स्थानीयले खर्च नगरी शून्य ब्याजमा बैंकमा रकम जम्मा भइरहने प्रवृत्तिको अन्त्य हुनुपर्ने**
- **राष्ट्रिय गौरवका आयोजनालाई पाँच वर्षभित्र सक्ने नीति लिनुपर्ने**
- **राजस्व परिचालन, वैदेशिक सहायता प्राप्तिको सम्भाव्यता र कार्यान्वयन गर्न सकिने क्षमताका आधारमा यथार्थपरक बजेटको आधार तय गर्नुपर्ने**
- **कर परीक्षण अवधि चार वर्षलाई तीन वर्षमा झार्ने**
- **कर छलीमा लाग्दै आएको जरिवाना हालको व्यवस्थामा ५० प्रतिशत कम गर्ने**
- **राजस्व अनुसन्धान विभाग खारेज गर्नुपर्ने**
- **पाँच हजारसम्मको विद्युतीय भुक्तानीमा भ्याट लाग्ने व्यवस्था हटाउने**
- **संस्थानहरूको निजीकरण**
- **सञ्चालन हुन नसकेका जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र, नेसनल कन्स्ट्रक्सन कम्पनी र ओरियन्ट म्याग्नेसाइड प्रालि खारेज गर्ने**
- **हेटौंडा र उदयपुर सिमेन्ट गाभ्ने र केही हिस्सा सरकारको नाममा राखेर बाँकी सेयर निजी क्षेत्रलाई दिने**
- **वायुसेवा केही समयलाई विदेशी व्यवस्थापनलाई दिने**
- **सार्वजनिक संस्थानलाई ऋण दिन बन्द गर्ने**
- **आगामी पाँच वर्ष सामाजिक सुरक्षा भत्ता वृद्धि नगर्ने र त्यसपछि पनि प्रत्येक दुई वर्षमा मात्रै वृद्धि गर्ने**
- **सामाजिक सुरक्षा भत्तामा १.५ प्रतिशत कर लगाउने**
- **सामाजिक सुरक्षाको कुल खर्च बजेटको १५ प्रतिशतभन्दा बढी नरहने गरी व्यवस्था गर्ने**
- **सहकारीलाई शाखा खोल्न प्रतिबन्ध लगाउने**
- **सहकारीको बचत र ऋण सीमा २५ लाख तोक्ने**
- **पाँच लाखसम्मको बचत फिर्ता गराउन सरकारले रकम उपलब्ध गराउने**
- **पाँच वर्षका लागि भिजिट भिसा जारी गर्न सक्ने**
- **धान, मकै, गहुँ, चिया र अलैंचीको न्यूनतम समर्थन मूल्य बाली लगाउनुअगावै तोक्ने।**



दराज सजाउन मात्रै प्रतिवेदन प्रयोग हुँदैन

● **विष्णुप्रसाद पौडेल**, उपप्रधान तथा अर्थमन्त्री

पछिल्लो दिनमा मुलुकको अर्थतन्त्रले व्यहोरेका समस्याका कारणमा प्रवेश गरेर निराकरणका उपाय सुझाउन नेपालका ख्यातिप्राप्त व्यक्तित्व र निजी क्षेत्रका प्रतिनिधि रहेर उच्चस्तरीय आयोग गठन गरिएको थियो। आयोगले साँच्चै नै निकै मिहिनेत गरेर अनेकसम्बद्ध समुदाय र पक्षसँग अन्तर्क्रिया गरेर र व्यक्तिगत सुझाव संकलन गरेर प्रतिवेदन तयार गरेको छ। यो प्रतिवेदनका लागि आयोगका अध्यक्षलगायतका सदस्यहरूलाई धन्यवाद भन्न चाहन्छु। निश्चित रूपमा हामी बजेट निर्माणको पूर्वसन्ध्यामा छौं। अर्थतन्त्रको समस्या चिन्न र चिर्नका लागि र त्यस कोणबाट बजेट निर्माण गर्नका लागि सहयोग पुग्ने विश्वास छ। के-के छन्, हामी अध्ययन गर्ने नै छौं। सुझावहरू चरणबद्ध कार्यान्वयन गर्ने योजना बनाउनेछौं। आयोगको अन्तरिम प्रतिवेदनले आकार दिइसकेको थियो। क्रमशः कार्यान्वयनमा गइसकेको पनि छ। विश्वास दिलाउन चाहन्छु, विगतमा आयोग बनाउने र प्रतिवेदन दराज सजाउन प्रयोग हुने गरेको थियो। यसपटक सरकारले चालेका सुधारका कदमलाई प्रतिवेदनले समेटेको छ। यो सकारात्मक छ।



सीमारहित अर्थतन्त्र निर्माणमा जोड दिनुपर्छ

● **रामेश्वर खनाल**
अध्यक्ष, आयोग

कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारी वित्तीय प्रणालीमा लाखौं मानिसको बचत फस्नु, सरकारले गर्नुपर्ने कतिपय भुक्तानी समयमा नगर्नु, व्यापारिक उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र संकटग्रस्त बन्न जानुले उपभोग र लगानीमा ह्रास आएको देखिन्छ। समग्र माग पक्ष कमजोर भए पनि अर्थतन्त्रका तत्कालका समस्या समाधान गर्न माग-पक्षीय नीति मात्र पर्याप्त छैनन् भन्ने आयोगको निष्कर्ष रहेको छ। तत्काल माग पक्षमा सुधार ल्याउने नीतिगत हस्तक्षेप आवश्यक छ, तर सम्मानजनक आर्थिक वृद्धि हासिल गर्न आपूर्ति पक्षबाट पनि संरचनात्मक सुधार गरेर लगानीयोग्य वातावरण बनाउन र उत्पादनको लागत घटाएर प्रतिस्पर्धी बन्न आवश्यक छ।

संक्षेप

१५ दिनभित्र उडान थाल्ने लक्ष्यसहित सौर्यको परीक्षण उडान

काठमाडौं/ करिब नौ महिनादेखि बन्द उडान फेरि सुरु गर्ने उद्देश्यसहित सौर्य एयरलाइन्सले परीक्षण उडान गरेको छ। सौर्यको सिआरजे-२०० विमान शुक्रबार काठमाडौंबाट उडेर सिमराको आकाश फन्को मारी काठमाडौंमै अवतरण गरेको हो।

सौर्यसँग तीनवटा विमानमध्ये एउटा दुर्घटनमा पर्‍यो भने अर्को वर्षौंदेखि ग्राउन्डेड छ। प्राधिकरणले बिहीबार उडानयोग्य रहेको एक मात्र विमानलाई परीक्षण उडानको अनुमति दिएको हो। शुक्रबार सफल परीक्षण उडान सम्पन्न भएको सौर्यका सेल्स एन्ड मार्केटिङ प्रमुख मुकेश खनालले बताए।

वातावरणमैत्री यातायात प्राथमिकतामा : भौतिकमन्त्री



काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले वातावरणमैत्री यातायात र संरचनालाई प्राथमिकता दिइरहेको बताएका छन्। संरचनाहरू निर्माणको क्रमदेखि नै वातवरणीय क्षति हुन नदिने र वातावरणमैत्री सवारीसाधनलाई प्रोत्साहन गरिने उनको भनाइ छ। सोसाइटी अफ ट्रान्सपोर्ट इन्जिनियर्स नेपालको आयोजनामा शुक्रबारदेखि काठमाडौंमा सुरु भएको अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै मन्त्री दाहालले यातायात र वातावरणको सवाल अहिले विश्वव्यापी चासो रहेको बताए।

कैलाश गाउँपालिकाको वैकुण्ठमा होमस्टे सञ्चालन गरिने



मकवानपुर/ मकवानपुरको विकट कैलाश गाउँपालिकाको वडा नम्बर २ स्थित वैकुण्ठ र कैलाशमा होमस्टे सञ्चालन गरिने भएको छ। पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने गरी होमस्टे सञ्चालन गर्न लागिएको गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले जानकारी दिए।

उक्त स्थानमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको बसाइ लम्ब्याउन पनि खाना र आवासको व्यवस्था गर्न होमस्टे सञ्चालन आवश्यक भएको उनले बताए। सो स्थानमा गाउँपालिकाले जिपलाइन निर्माण गरेको छ। पर्यटक आकर्षित गर्न डम्फुपार्क, डाँफेपार्कका साथै विष्णुकुण्डमा गुरु रिम्पोछेको प्रतिमा स्थापना गरिएको छ।

ऊर्जामन्त्री खड्काको अर्को बदनियतपूर्ण निर्णय

ऊर्जासचिव आचार्यलाई बक्यौता पुनरावलोकनको जिम्मेवारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् प्राधिकरणको शुक्रबार बिहान बसेको सञ्चालक समिति बैठकले उद्योगीबाट बिजुलीको बक्यौता उठाउन अवरोध गर्दै आएका ऊर्जासचिव सुरेश आचार्यलाई 'बक्यौता पुनरावलोकन समिति' संयोजकको जिम्मेवारी दिएको छ। ऊर्जामन्त्री दीपक खड्काको सबै बेइमानमा सतिसाल बन्दै आएका सचिव आचार्यले डेडिकेटेड फिडर र ट्रंकलाइनबाट बिजुली प्रयोग गरेका उद्योगीलाई बक्यौता नतिर्न 'सुविधा दिने' नियतका साथ पुनरावलोकन समिति संयोजकको जिम्मेवारी लिएका हुन्।

ऊर्जामन्त्री दीपक खड्काले आह्वान गरेको शुक्रबार बिहानको बैठकले बक्यौताबारे चित्त नबुझे तोकिएको बिलको २५ प्रतिशत हुन आउने रकम धरौटी राखेर प्रशासनिक पुनरावलोकनमा जानुपर्ने व्यवस्थालाई संशोधन गरेर ५ पतिशत बनाउने निर्णयसमेत भएको छ। यो व्यवस्था लागू गर्न विद्युत् वितरण नियमावली, २०७८ संशोधन गर्ने निर्णय पनि भएको छ। प्राधिकरणको इतिहासमा पुनरावलोकन समितिको संयोजकमा पहिलोपटक 'ऊर्जासचिव'लाई राखिएको हो। यसअघि सरकारले नियुक्त गरेका विज्ञ सदस्यमध्येबाटै संयोजक राख्ने गरिन्थ्यो।

सचिव आचार्यको संयोजकत्वमा पुनरावलोकन समिति बन्नासाथ शुक्रबार दिउँसो नै प्राधिकरणमा बक्यौता तिर्नुपर्ने उद्योगीसँग एक चरण छलफलसमेत भइसकेको छ। कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले शुक्रबार नै उद्योगीहरूलाई बोलाएर प्रशासनिक पुनरावलोकनमा आउन आग्रह गरेका हुन्। छलफलमा सहभागी उद्योगीहरू पनि प्राधिकरणको प्रस्तावमा सहमत भएका छन्।

प्राधिकरणका उपकार्यकारी निर्देशक तथा वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख दीर्घायुकमार श्रेष्ठले बक्यौताको विषयमा उद्योगीसँग छलफल गरिएको बताए।

'शुक्रबारको सञ्चालक समितिको बैठकमा प्रशासनिक पुनरावलोकनमा राख्नुपर्ने धरौटी २५ प्रतिशतबाट ५ प्रतिशतमा घटाउने भनेर छलफल भएको भन्ने छ। यसले उद्योगीलाई राहत हुन्छजस्तो लाग्छ। त्यसपछि शुक्रबार नै उद्योगीलाई बोलाएर यसबारे छलफल गरेका हौं। तपाईंहरूको असहमति के-केमा छ, प्रशासनिक पुनरावलोकनमा आउन भनेका छौं,' उनले भने, 'त्यसलाई उहाँहरूले सकारात्मक रूपमा लिएको प्रतिक्रिया दिनुभएको छ। सम्बन्धित उद्योगीहरूसँग छलफल गरेर यसबारे निर्णय दिने उहाँहरूको जवाफ छ। यो प्रक्रियामा हुने निर्णय चित्त नबुझेमा उहाँहरूलाई अदालत जान पनि बाटो खुला हुन्छ।'

५ प्रतिशत धरौटी बुझाएर पुनरावलोकनमा जान पाउने सुविधा यसअघिका कार्यकारी निर्देशक कुलमान घिसिङकै पालामा सञ्चालक समिति बैठकबाट निर्णय भएको थियो। त्यतिवेला घिसिङलाई हरहालतमा असहयोग गर्ने नियत राखेका ऊर्जामन्त्री खड्काले उक्त निर्णयको माइन्युट नै हुन दिएनन्। त्यस्तै, किस्ताको सुविधा पनि २८ बाट बढाएर ५६ पुऱ्याउने निर्णय पनि ऊर्जामन्त्री खड्काले कार्यान्वयन हुन दिएनन्। तर, अहिले प्राधिकरणमा शाक्यलाई ल्याएपछि ऊर्जामन्त्री खड्काले पहिले कार्यान्वयन हुन रोकेका निर्णय लागू गर्न खोजिरहेका छन्।

यसकारण आचार्य संयोजक

ऊर्जामन्त्री दीपक खड्काले उद्योगीलाई बक्यौतामा छुट दिन खोजेका छन्, जसमा सचिव आचार्यले निरन्तर साथ दिइरहेका छन्। त्यसैले अहिले बक्यौता पुनरावलोकन समितिको संयोजक पनि सचिव आचार्य बनाइएका हुन्।



ऊर्जासचिव सुरेश आचार्य

६१ उद्योगको ६ अर्ब ६० करोड ७८ लाख विद्युत् प्रयोग गरेबापतको महसुल र २५ प्रतिशत जरिवानासहित कुल आठ अर्ब २५ करोड ९७ लाख उठाउन प्राधिकरणले गत २७ असारमा ६ ठुला उद्योगको लाइन काटेयता प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङसँग ऊर्जामन्त्री खड्को द्वन्द्व हुँदा सचिव आचार्यले मध्यस्थता गर्नुको सट्टा आगोमा घिउ थप्ने काम गरे।

बक्यौता उठाउनुपर्छ भन्ने प्राधिकरणका तत्कालीन सञ्चालकद्वय भक्तबहादुर पुन र कपिल आचार्यलाई ऊर्जामन्त्रीले हटाउँदा सचिव आचार्यले साथ दिए। बक्यौता नउठाई बिजुलीको लाइन नकाट्न अडान लिएका कारण सरकारले स्पष्टीकरण सोध्यो। २२ असोजमा ऊर्जामन्त्री खड्काले विभिन्न १५ बुँदामा घिसिङसँग चार-पाँच वर्षयताका कार्य विवरण माग्दा उनैले विवरण तयार गर्न साथ दिएका थिए।

२२ पुसमा घिसिङलाई 'तपाईंको नियुक्ति किन अन्त्य नगर्ने ? भनेर ऊर्जामन्त्री खड्काको निर्देशनमा सचिव आचार्यले स्पष्टीकरण सोधे। उनले फेरि दोस्रोपटक मन्त्री खड्काकै निर्देशनमा स्पष्टीकरण सोधेका थिए भने मन्त्रिपरिषद्ले स्पष्टीकरण सोध्ने निर्णय गर्दा पनि सचिव आचार्यले नै तेस्रोपटक पत्र लेखेका थिए।

बक्यौता उठाउन डटेर लाग्ने कुलमाविरुद्ध मन्त्री खड्काले सचिव आचार्यलाई बारम्बार प्रयोग गरे। मन्त्रीले प्राधिकरणका कर्मचारी सरुवा-बढुवा गर्न खोज्दा, नौ सय ६० मेगावाटको सोलार विद्युत् किन्ने गरी भएको ठेक्कामा मन्त्रीले अनावश्यक हस्तक्षेप गर्दा, प्राधिकरणलाई घाटा हुने गरी पिपिए गर्न खोज्दा, १,९०२ मेगावाटको मुगु-कर्णाली र चार सय ५४ मेगावाटको किमाथांका अरुण प्रतिस्पर्धाविनै व्यापारीलाई सुम्पिन खोज्दासमेत सचिव आचार्यले कानुन देखाएर मन्त्री खड्कालाई कहिल्यै सम्झाउने प्रयास गरेनन्।

सुदूरपश्चिममा लगानी सम्मेलनको तयारी

औद्योगिक विकासलाई प्राथमिकतामा राख्न जनप्रतिनिधिको सुझाव

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा लगानी तथा विकास सम्मेलनको तयारी थालिएको छ। विकासका लागि आन्तरिक तथा बाह्य लगानी जुटाउने उद्देश्यले प्रदेश सरकारको अगुवाइमा आगामी १ र २ असोजमा लगानी सम्मेलन गरिने भएको हो।

मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिममा जतिसक्दो धेरै लगानी आउने गरी सम्मेलन गर्न लागिएको बताए। 'कृषि, पर्यटन, ऊर्जालगायत क्षेत्रका योजनाहरू पहिचानको गृहकार्य भइरहेको छ,' उनले भने। सुदुरपश्चिमका ८८ वटै स्थानीय तहलाई लगानी आकर्षण गर्न सक्ने एक-एकवटा योजना सिफारिस गर्न पनि पत्राचार भइसकेको उनले जानकारी दिए।

लगानी सम्मेलनका लागि डाकिएको छलफलमा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिले उद्योग, पर्यटन, कृषि, जडीबुटी क्षेत्रका योजनालाई प्राथमिकता दिएर 'सोकेस'मा राख्न सुझाव दिएका छन्। बझाङको बुंगल नगरपालिकाका प्रमुख जयबहादुर धामीले प्राकृतिक स्रोतको उपयोग हुने उद्योगमा लगानी आवश्यक रहेको बताए।





'यहाँ प्रशोधन गर्ने सुविधा नहुँदा बहुमूल्य जडीबुटीको कच्चा पदार्थ भारत जान्छ, त्यहाँबाट तयारी वस्तु बनेर आएको औषधि हामीले महँगोमा खरिद गर्नुपर्छ,' उनले भने, 'हामीसँग भएका कच्चा पदार्थ किन प्रयोग गर्न सक्दैनौं ?' उद्योग स्थापना गरेर पहाडका डाँडाहरूमा रहेका अर्बौं मूल्यका सिलेट निकासी गर्न सकिने उनको भनाइ थियो। सुदूरपश्चिम प्रदेश सभा सदस्य रामेश्वर चौधरीले कृषिसँग सम्बन्धित उद्योगहरूलाई प्राथमिकता दिएर सोकेसका लागि योजना बनाउन सुझाव दिए। बर्सेनि अर्बौं रुपैयाँको मल आयात गर्नुको सट्टा सुदूरपश्चिममा रहेको फस्फोरसको उपयोग गरेर कारखाना स्थापना गर्नुपर्ने उनको सुझाव थियो।

सांसद चौधरीले सुदूरपश्चिममा उद्योग स्थापनाका लागि सरकारले सहुलियत दिनुपर्ने बताए। 'उद्योगका लागि चाहिने जग्गा, विद्युत् आदिमा सहुलियत दिनुपर्छ,' उनले भने। साइपाल गाउँपालिका अध्यक्ष मानवीर बोहराले आफ्नो क्षेत्रमा अथाह जडीबुटी भए पनि यातायातको सुविधा नहुँदा ढुवानी हुन नसकेको गुनासो गरे। 'यहाँ भएका जडीबुटी प्रशोधन गर्ने उद्योग भए आम्दानीको स्रोत बन्छ,' उनले भने।

प्रदेश सभा सदस्य शिवसिंह ओलीले सम्मेलनअघि लगानीको वातावरण बनाउनुपर्नेमा जोड दिए। कृषि, उद्योग र जडीबुटी क्षेत्रका योगदानको डिपिआर बनाएर सम्मेलनमा पेस गर्न उनले सुझाव दिए।

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४५८४२५७

बोलपत्र रद्ध गरिएको सूचना

प्रकाशित मिति २०८१/१२/३०

यस समितिबाट राष्ट्रिय दैनिक नयाँ पत्रिकामा देहायका मिति २०८१/०५/०६ गते श्री तीनचुली देवियान गुठीको साढे दुई तल्ला भवन निर्माण गर्ने कार्य (ठे.नं.१/०८१/८२), महेन्द्र बौद्ध मा.वि.गेट देखि तामाङ कल्याण गुठिको कार्यलय गेट अगाडि सम्म नँया ढुगां बिछ्याउने कार्य (ठे.नं.२/०८१/८२), चुच्चेपाटी धर्मदत्त मार्गमा ब्लक बिछ्याउने कार्य(ठे.नं.३/०८१/८२), खाइबा टोलमा बाटो ढलान गर्ने कार्य (ठे.नं.४/०८१/८२), तीनचुली भूवलडाडामा ३ इन्चको खानेपानी पाइप विस्तार गर्ने कार्य (ठे.नं.५/०८१/८२) त्यसैगरी मिति २०८१/०६/१५ गते का.म.पा.वडा नं. ६ बौद्ध क्षेत्रमा सडक बत्ती जडान गर्ने कार्य (ठे.नं.६/०८१/८२) र मिति २०८१/०६/२३ गते का.म.पा. वडा नं. ६ का विभिन्न स्थानहरूमा नँया सि.सि.टिभी. क्यामराहरू जडान गर्ने कार्य(ठे.नं.७/०८१/८२)हरूको बोलपत्र यस समितिको मिति २०८१/१२/२८ को बोर्ड बैठकले रद्द गरिएको हुँदा उल्लेखित ठेक्काहरू रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

■ तेस्रो नेपाल सुपर लिग

शीर्ष स्थानमा उक्लियो धनगढी

समान आठ अंक जोडेको साबिक विजेता ललितपुरसँग गोलअन्तरमा अगाडि रहँदै लिगको शीर्ष स्थानमा धनगढी

नयाँ पत्रिका

लेबनानी अहमद हिजाजीको ह्याट्रिकको सहयोगमा धनगढी एफसी तेस्रो संस्करणको नेपाल सुपर लिगको शीर्ष स्थानमा उक्लिएको छ। दशरथ रंगशालामा उत्कृष्ट पुनरागमन गर्दै धनगढीले शुक्रबार पहिलो संस्करणको विजेता काठमाडौं रेजर्सलाई ३-१ ले हरायो। धनगढी र साबिक विजेता ललितपुर एफसीले समान आठ अंक जोडेका छन्। तर, हेड टु हेडमा धनगढी अगाडि रहँदै शीर्ष स्थानमा उक्लिएको हो।

हिजाजीले १० मिनेटको अन्तरमा ह्याट्रिक गरेपछि धनगढीको अपराजित यात्रा सम्भव भयो। चालू लिगमा यो नै पहिलो ह्याट्रिक हो। साबिक दुईपटकको उपविजेता धनगढीले प्ले अफको सम्भावनासमेत बलियो बनाएको छ। दोस्रो हारसँगै काठमाडौंको प्ले अफ सम्भावना कमजोर बनेको छ। काठमाडौंले पाँच खेलबाट पाँच अंक जोडेको छ। धनगढीका हिजाजी उच्च गोलकर्ता बनेका छन्। उनले समग्रमा नौ गोल गरेका छन्। दोस्रो संस्करणमा हिजाजीले चार गोल गरेका थिए। नेपाल सुपर लिगको पहिलो संस्करणमा मेसुक ओलोमोउले आठ गोल गरे। यसैगरी, विदेशी खेलाडी आफिज ओलवालेले पहिलो तथा दोस्रो संस्करणमा समान चार गोल गरेका थिए।



काठमाडौंविरुद्ध ह्याट्रिक गरेपछि धनगढीका हिजाजी। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अंकतालिका

टोली	खेल	जित	ड्र	हार	गोलअन्तर	अंक
धनगढी	४	२	२	०	५	८
ललितपुर	४	२	२	०	२	८
चितवन	४	२	१	१	२	७
काठमाडौं	५	१	२	२	-३	५
पोखरा	४	१	१	२	-१	४
झापा	३	०	३	०	०	३
बुटवल	४	०	१	३	-५	१

अग्रता रक्षा गर्न सकेन काठमाडौंले

प्रतिस्पर्धामा काठमाडौंले खेलको २२औं मिनेटमै १-० को अग्रता लिएको थियो। तर, काठमाडौंले आफ्नो अग्रता रक्षा गर्न नसक्दा महत्त्वपूर्ण खेल मात्र गुमाएन, प्ले अफको सम्भावनासमेत कमजोर बनाएको छ। अमाउ डियोपले डिबक्सभित्र उत्कृष्ट गोल गर्दा काठमाडौंले बलियो धनगढीविरुद्ध अप्रत्याशित रूपमा अग्रता बनायो। डियोपले मोहमद बुयाको सटीक पासमा गोल गरेका हुन्। त्यसपछि काठमाडौंले धनगढीविरुद्ध स्तरीय खेल प्रदर्शन गर्न सकेन। निरन्तर रूपमा फाइनल थर्डमा काठमाडौं चुकेको देखिन्थ्यो।

खेलको ३२औं मिनेटमा धनगढीका गोलरक्षक वालिदले उत्कृष्ट बचाउ गर्दा काठमाडौंले अग्रताको अवसर गुमाएको थियो। काठमाडौंका बुयाको ब्याक पासमा भिनसेन्टले डिबक्सभित्रबाट प्रहार गरेको शक्तिशाली बललाई गोलरक्षक वालिदले उत्कृष्ट बचाउ गरेका थिए। अझ दोस्रो हाफमा काठमाडौं दश खेलाडीमा सीमित भयो। खेलको ८६औं मिनेटमा काठमाडौंका भिनसेन्ट कोजिएलो र धनगढीका रनदीप पौडेलले रातो कार्ड पाएका थिए। मैदानमा दुवै खेलाडी हात हालाहालको स्थितिमा पुगेपछि रेफ्री प्रज्वल क्षेत्रीले दुवैलाई मैदानबाहिर पठाए। रेफ्री क्षेत्रीले कोजिएलोलाई सीधै रातो कार्ड र रणदीपलाई दोहोरो पहेँलोस्वरूप रातो कार्ड देखाए। रणदीपले मैदान प्रवेश गरेको दोस्रो मिनेटमै कार्डको सामना गरे।

१० मिनेटको अन्तरमा हिजाजीको ह्याट्रिक

एक गोलले पछाडि रहेको धनगढीले बराबरी गोल प्रयास गरिरह्यो। उत्कृष्ट फर्ममा रहेका हिजाजीले प्राप्त तीनवटै अवसरमा गोल गरी धनगढीलाई जित दिलाए। उनले खेलको ३५औं मिनेटमा धनगढीलाई १-१ को बराबरीमा ल्याए। खेलको ४१औं मिनेटमा काठमाडौं डिबक्सभित्र चलाखीपूर्ण तरिकाले हिजाजीले टोलीलाई २-१ को अग्रता दिलाए। कृतिशरत्न छुन्जूले प्रहार गरेको बल काठमाडौंका डिफेन्डरले ब्लक गरेका थिए। डिफेन्डरबाट रिबाउन्ड भएको बललाई नै हिजाजीले सहजै गोल गरे। पहिलो हाफको इन्जुरी समयमै हिजाजीले ह्याट्रिक लगाए। इन्जुरी समयको दोस्रो मिनेटमा हिजाजीले सर्जियो बारबोजाको पासमा गोल गर्न सफल भए। समग्रमा हिजाजीले जारी लिगमा एकै खेलमा दुईपटक दुई गोलभन्दा बढी गरेका छन्। उनले बुटवल-लुम्बिनीविरुद्ध पहिलो खेलमा पनि दुई गोल गरेका थिए।

मध्यान्तरपछि एकपक्षीय खेल

दोस्रो हाफमा काठमाडौंमाथि धनगढी हाबी भयो। यद्यपि, काठमाडौंले काउन्टरमा धनगढीको पोस्टमा गोल प्रयास नगरेको होइन। तर, फिनिसिङ कमजोर हुँदा काठमाडौं खेलमा फर्कन सकेन। ५३औं मिनेटमा काठमाडौंले गोल फर्काउने मौका गुमायो। खेलको ५७औं मिनेटमा काठमाडौंका गोलरक्षक अभिषेक बरालले उत्कृष्ट बचाउ गरेका थिए। उनले धनगढीका हिजाजीको प्रहारलाई छेकेका थिए। भिन्सेन्टको प्रहार क्रसबारनजिक हुँदै बाहिरिएको थियो। खेलको ७८औं मिनेटमा काठमाडौंका जिलेस्पीजंग कार्कीको हेडिङले दिशा लिन सकेन। पाँच खेलमा काठमाडौंको यो दोस्रो हार हो। काठमाडौंले लिग चरणको अन्तिम खेलमा चितवन एफसीसँग खेल्नेछ। प्ले अफ सम्भावनालाई कायमै राख्न काठमाडौंलाई जितका साथै अरू नतिजासमेत कुर्नुपर्नेछ।

तेस्रोपटक पनि सच्यो दसौं राष्ट्रिय खेलकुद



फाइल तस्बिर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

आगामी ०८२ को ३ देखि १० जेठसम्म हुने भनिएको दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता नहुने भएको छ। खेलकुदमन्त्री तेजुलाल चौधरीले शुक्रबार बोलाएको राष्ट्रिय खेलकुद परिषद् (राखेप)को बोर्ड बैठकमा प्रतियोगिता जेठमा हुन नसक्ने घोषणा गरेका छन्। मन्त्रालयको जिम्मेवारी सम्हालेपछि चौधरीले योसमेत गरी तीनपल्ट प्रतियोगिताको मिति सारेका हुन्। पहिलोपटक २ देखि ९ मंसिरसम्म प्रतियोगिता गर्ने भनिएको थियो। मन्त्रालय र राखेपबिच आपसी साझेदारी हुन नसक्दा प्रतियोगिता पहिलोपटक सारियो।

राखेपले दोस्रोपटक मिति घोषणा गरी २३ देखि ३० चैतसम्म प्रतियोगिता हुने भन्यो। तर, त्यसवेला तयारी अभावको कारण देखाउँदै जेठमा नयाँ मिति घोषणा भयो। राखेपको १२२औं बोर्ड बैठकले प्रतिकूल मौसमका कारण जेठ महिनामा दसौं राष्ट्रिय खेल नहुने भनिएको छ। ०७९ साल कात्तिकमा पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताबाट कर्णाली प्रदेशले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको झन्डा बोकेको थियो।

> कर्णालीमा आगामी ३ देखि १० जेठसम्म हुने भनिएको प्रतियोगिता तत्काल आयोजना गर्न नसकिने खेलकुदमन्त्री तेजुलाल चौधरीको भनाइ

'बोर्ड बैठकको अध्यक्षता गर्नुभएका मन्त्री चौधरीले एकैपटक दसौं राष्ट्रिय प्रतियोगिता जेठमा नहुने घोषणा गर्नुभयो,' बैठकमा सहभागी एक सदस्यले भने, 'स्वयं मन्त्रीज्यूले नै अघिल्लो बैठकमा जसरी पनि प्रतियोगिता हुनुपर्छ भन्नुभएको थियो, अचानक यसपटक किन सारियो थाहा भएन।' दसौं राष्ट्रिय खेलकुदमा ३५ खेलमा चार सय १९ स्पर्धामा प्रतिस्पर्धा हुने प्रस्ताव छ। आयोजक कर्णालीले प्रतियोगिता आयोजना गर्न भौतिक पूर्वाधारमा दुई अर्बभन्दा बढी लगानी गरिसकेको छ। गत हप्ता मात्रै मन्त्री चौधरीले नै प्रतियोगिताका लागि ११ वटा उपसमिति गठन गरेका थिए। एमालेले तीन, कांग्रेसले चार र माओवादीले दुई उपसमितिको नेतृत्व पाएका छन्। सरकारले प्रतियोगिताका लागि ६० करोड रुपैयाँ बजेट विनियोजन गरिसकेको छ।

प्रधानमन्त्री ओलीको ध्यानाकर्षण

मन्त्री चौधरीले दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता स्थगित गर्नुअघि अघिल्लो दिन बिहीबार राखेपमा एमालेको कोटाबाट उपाध्यक्ष भएका ध्रुव आचार्यसहित अन्य बोर्ड सदस्यले प्रधानमन्त्री केपी ओलीसँग भेट गरेका थिए। बालुवाटारस्थित प्रधानमन्त्रीनिवासमा भएको भेटघाटमा आचार्यको टोलीले प्रतियोगिता आयोजना गर्न सकिने वा नसकिने विषयमा ओलीलाई जानकारी दिएको थियो। उपाध्यक्ष आचार्यले प्रधानमन्त्री ओलीलाई प्रतियोगिता आयोजना गर्न सरकारको तयारी नपुगेको र जेठमा आयोजना गर्न नसकिने जानकारी गराएको सहभागी एक सदस्यले बताए। त्यसपछि मन्त्री चौधरीले तत्कालै शुक्रबार दिउँसो ११ बजेका लागि बोर्ड बैठक आह्वान गरे।

ढिलो गरी बसेको बैठकमा मन्त्री चौधरीले जेठमा प्रतियोगिता नहुने बताए। 'कानुनी प्रक्रिया पूरा गर्न समय अभाव हुने देखिएको छ, फेरि मौसमको प्रतिकूलताका कारण स्थगित गर्नुपर्ने अवस्था आयो,' बैठकमा सहभागी एक सदस्यले भने, 'राखेपको अर्को बैठकले नयाँ मिति तय गर्छ।' राखेपका सदस्यसचिव टंकलाल घिसिङले बैठकमा प्रतियोगिता सार्न नहुने आफ्नो धारणा राखेका थिए। सबै तयारी भइसक्दा तोकिएको समयमै प्रतियोगिता हुनुपर्ने घिसिङले बैठकमा आफ्नो भनाइ राखे।

माओवादीको 'नोट अफ डिसेन्ट'

प्रतियोगिता स्थगित गर्ने निर्णयमा माओवादी केन्द्रका बोर्ड सदस्यले असहमति दर्ता 'नोट अफ डिसेन्ट' गराएका छन्। निर्धारित समयमै हुनुपर्ने मागसहित माओवादीका चार र एकजना बोर्ड सदस्यले बैठकमा नोट अफ डिसेन्ट लेखेका हुन्। प्रकाशकुमार कुसारी, दीपेन्द्र विष्ट, अन्जन धमला, अन्जना श्रेष्ठ, विना श्रेष्ठ र विश्वविद्यालयबाट बोर्ड सदस्य भएका डाक्टर मधुसुधन सुवेदीले समेत नोट अफ डिसेन्टमा हस्ताक्षर गरेका छन्। उनीहरूले संघ निलम्बन गरेर तदर्थ समिति गठन गर्ने खेलकुद मन्त्रालयको निर्णयमा समेत असहमति जनाएका छन्।



विश्व च्याम्पियन फुटबलर कार्लोस ५ वैशाखमा आउने

काठमाडौं/ ब्राजिलियन फुटबलर रोबर्टो कार्लोस आगामी ५ वैशाखमा नेपाल आउने भएका छन्। दशरथ रंगशालामा चलिरहेको तेस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल) फुटबलको विशेष पाहुनाका रूपमा कार्लोस नेपाल आउन लागेका हुन्। आयोजक नेपाल स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट (एनएसइएम)ले विश्वप्रसिद्ध ब्राजिलियन खेलाडी आउने मिती तय भएको जानकारी दिएको छ।

यो एक महिनाको अवधिमा नेपालमा दोस्रो विश्वकप विजेता खेलाडीले भ्रमण गर्न लागेका हुन्। यसअघि तेस्रो संस्करणको केपी ओली कप फुटबल प्रतियोगिताको फाइनलमा इटालीका फिफा विश्वकप विजेता कप्तान जियालुइगी बुफन आएका थिए। सन् २००६ को विश्वकपको इटाली च्याम्पियन हुँदा उनले कप्तानी गरेका थिए। सन् २००२ मा ब्राजिललले पाँचौंपटक विश्वकप उपाधि उचाल्दा कार्लोसले प्रमुख डिफेन्डरको भूमिका निर्वाह गरेका थिए।

'विश्वप्रसिद्ध ब्राजिलियन फुटबलर कार्लोसले एनएसएल लिगमा विशेष पाहुनाको भूमिका निर्वाह गर्नेछन्,' एनएसइएमले भनेको छ, 'उनले ६ वैशाखमा दशरथ रंगशालमा पहिलो क्वालिफायर खेल हेर्ने कार्यक्रम रहेको छ। 'फुटबल इतिहासका एक महान् खेलाडीलाई नेपालमा स्वागत गर्न पाउँदा हामी गौरवान्वित छौं,' एनएसइएमका प्रबन्ध निर्देशक श्रेयन्स कार्कीले भने, 'उहाँको आगमनले लिगको प्रतिष्ठा अझ बढाउनेछ, यो नेपाली फुटबल समुदायका लागि समेत प्रेरणादायी क्षण हुनेछ।'

१४ वर्ष ब्राजिलियन टोलीमा

ब्राजिलियन र विश्व फुटबल इतिहासमा कार्लोस उत्कृष्ट लेफ्ट ब्याकमध्ये पर्छन्। कार्लोसको विशेषता नै लामो दूरीबाट शक्तिशाली फ्रिकिक गोल गर्न सक्छन्। ब्राजिलको राष्ट्रिय टोलीमा उनले १४ वर्ष बिताए। सन् १९९२ देखि २००६ सम्म राष्ट्रिय टोलीमा रहँदा उनले एक सय २५ अन्तर्राष्ट्रिय खेल खेले। यसक्रममा उनले १० गोल गरेका थिए। क्लबस्तरीय करिअरमा कार्लोसले विश्वचर्चित रियल म्याड्रिडमा ११ सिजन बिताए। सन् १९९६ देखि २००७ सम्म उनले रियलबाट तीन सय ७२ खेल खेले। यसक्रममा उनको नाममा रियलबाट ४८ गोल रह्यो। कुनै समयमा उनीसँगै डेभिड बेकह्याम, लुइस फिगो, जिनेदिन जिदान, काका र सिनियर रोनाल्डोजस्ता खेलाडी थिए।

■ आइपिएल-२०२५

चेन्नईको लज्जास्पद हार

एजेन्सी/ सुनील नारिन ब्याटिङ र बलिङमा चम्केपछि साबिक विजेता कोलकाता नाइट राइडर्सले शुक्रबार चेन्नई सुपर किंग्समाथि आठ विकेटको सानदार जित निकालेको छ। घरेलु मैदानमा पहिलोपटक महेन्द्रसिंह धोनीको कप्तानीमा चेन्नईले प्रतिस्पर्धा गरेको थियो। तर, धोनीले कप्तानी गरेको पहिलो खेलमै चेन्नईलाई जित दिलाउन सकेन। चालू सिजनमा चेन्नईले लगातार पाँच खेल गुमाएको छ।

पहिलो ब्याटिङ गरेको चेन्नईले २० ओभरमा नौ विकेट गुमाएर १०३ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा कोलकाताले १०.१ ओभरमा दुई विकेटको नोक्सानीमा १०७ रन जोड्यो। कोलकाताको जितमा वेस्ट इन्डिजका सुनीलले अलराउन्ड खेल देखाए। उनले लक्ष्य पछ्याएको इनिङ्समा १८ बलमा पाँच छक्का र दुई चौका प्रहार गरी सर्वाधिक ४४ रनको योगदान दिएका थिए। बलिङमा उनले १३ रन खर्चेर चेन्नईका तीन विकेट लिए।

कोलकाता तेस्रो स्थानमा

चेन्नईमाथिको महत्त्वपूर्ण जितका साथ कोलकाता अंकतालिकाको तेस्रो स्थानमा उक्लेको छ। कोलकाताले ६ खेलमा समान तीन जित र तीन हार गरी ६ अंक जोडेको छ। शीर्ष स्थानमा गुजरात टाइटन्सले आठ अंक बटुलेको छ। अहिलेसम्म अपराजित रहेको एक मात्र टोली दिल्ली क्यापिटल्सले चार खेलमा जित निकाली आठ अंक जोडेको छ। दिल्ली अंकतालिकाको दोस्रो स्थानमा छ। पाँचपटकको विजेता चेन्नई दुई अंकका साथ नवौं स्थानमा पुगेको छ। कोलकाता र चेन्नईले लिगमा समान ६ खेल खेलेका छन्।

कोलकाताको जितमा अजिन्का राहाने र रिंकु सिंहले तेस्रो विकेटका लागि अविजित १९ बलमा २२ रनको साझेदारी गरेका थिए। रिंकुले १२ बलमा समान एक चौका र छक्का प्रहार गरी १५ रन बटुले। राहानेले १७ बलमा समान एक चौका र छक्काको सहयोगमा २० रन जोडे। रिंकुले विजयी छक्का प्रहार गरे।

चेन्नईको कमजोर ब्याटिङ

चालू सिजनमा कोलकातासँगको खेल नै चेन्नईको कमजोर ब्याटिङ प्रदर्शन हो। चार खेलाडीबाहेक अन्यले दोहोरो अंकमै रन बनाउन सकेनन्। रविचन्द्रन आश्विन (१), रवीन्द्र जडेजा (०), दीपक होडा (०), धोनी (१), नुर अहमाद (१) र अंशुल काम्बोज (३) ले योगदान गरे। ओपनर राचिन रविन्द्रले चार रन बनाए। यसबाहेक डेभेन कोन्वेले ११ बलमा १२ रन जोडे। राहुल त्रिपाठीले २२ बलमा १६ रन बनाए। विजय शंकर र शिवम दुबेले गतिलो योगदान दिए। विजयले २१ बलमा २९ रन तथा दुबेले २९ बलमा ३१ रनको योगदान दिए।



उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिहयाब स्पेसलिष्ट

पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईंको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

बोनस दर सम्बन्धी सूचना

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. को आ.व.२०८०/८१ को आर्थिक लेखाजोखा तथा दायित्वको मूल्याङ्कन (RBC-S) कम्पनीको आधिकारिक बीमाङ्कीबाट तयार गरिएको प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणबाट मिति २०८१/१२/२७ मा स्वीकृत भएको हुँदा २०८१ आषाढ मसान्तसम्म जारी भएका मुनाफामा सरिक हुने जीवन बीमालेखहरुमा आर्थिक वर्ष २०८०/८१ को लागि तथा अर्को बीमाङ्कीय मूल्याङ्कन नभए सम्मको लागि मृत्यू दाबी, आवधिक दाबी, सर्मपण मूल्य, चुक्ता मूल्य तथा चालु बीमालेखहरुमा तपसिल बमोजिमको बोनस दर कायम भएको व्यहोरा सम्पूर्ण बीमितहरु एवम् सर्वसाधारणको जानकारीका लागि सूचित गरिन्छ ।

बोनस दर तालिका

*बोनस दर प्रतिहजार बीमाङ्कमा

बीमा योजना	अवधि (वर्ष)	बोनस दर*	बीमालेख संख्या
सावधिक	०-९	३३	५२२
	१०-१४	३३	१,७०३
	१५-१९	४०	२९,९१७
	२०-२४	५१	७,२६७
	२५ भन्दा माथि	७०	२०४
सावधिक तथा आजीवन	०-९	३८	८
	१०-१४	३८	१००
	१५-१९	४३	१,२८६
	२०-२४	५४	५२३
	२५ भन्दा माथि	७३	२७
अग्रिम भुक्तानी सावधिक	०-९	३५	२
	१०-१४	३५	१५६
	१५-१९	४०	१,१६४
	२०-२४	५१	४८५
अग्रिम भुक्तानी सावधिक (Sammunnati Annual)	०-९	२३	८
	१०-१४	२३	५७
	१५-१९	२५	२,८५८
	२०-२४	२७	२,१८९
महालक्ष्मी सावधिक जीवन बीमा	५-१४	४५	४०३
	१५	४६	१,४८३
	१६ – २४	४६	११,६६२
	२५	५२	३,५२५
	२६ भन्दा माथि	५२	५८
महालक्ष्मी सरल जीवन बीमा	५-१४	५२	३००
	१५	५५	२६०
	१६ भन्दा माथि	५५	१८४
महालक्ष्मी जीवन हेरचाह बीमा	५-१४	५०	१९६
	१५	५१	२,६१२
	१६ भन्दा माथि	५१	३,३९७
महालक्ष्मी बाल बचत बीमा	५-१४	३२	१३५
	१५	३५	७३६
	१६-१९	३५	१,१४४
	२०-२१	३९	३९०
	२२ भन्दा माथि	३९	४
महालक्ष्मी वार्षिक धनफिर्ता बीमा	सबै अवधि	३५	३,२७७
महालक्ष्मी धनधान्य बीमा	सबै अवधि	४५	१३४
महालक्ष्मी सावधिक आजीवन बीमा	सबै अवधि	३८	३,७४३

prabhu Mahalaxmi Life

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
कमलादी, काठमाडौं, नेपाल
फोन: ०१-५३६२२२३
ई-मेल: info@pmlil.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com